# प्रथम आवधिक योजनाको अवधारणा पत्र

## (आर्थिक वर्ष २०७५/७६–२०८०/२०८१)

प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

प्रदेश नं ४ पोखरा, नेपाल

# परिच्छेदः १

# परिचय

## १.१ पृष्ठभूमि

नेपालको राज्यप्रणाली एकात्मकबाट संघात्मक भै सकेको छ।विगतका विकास प्रयासले जनअपेक्षा गरे अनुरुपका आर्थिक उपलव्धीहरु प्राप्त हुन सकेन।समकालिन विश्वका अन्य देशहरुले गरेका आर्थिक विकासका प्रगति र अवसरबाट समेत नेपालको अर्थतन्त्रले लाभ लिन नसकि निरन्तररुपमा पर्निभरता कायमै रहेको छ।दिगो शान्ति, सुशासन, विकास र समृद्धिको लागि नेपालले संविधालने संघीय लोकतान्त्रिक गणतन्त्रको माध्यमबाट समावेशी लोकतन्त्र र समावेशी विकासको जग खडा गर्न खोजेको छ।समाजवादउन्मुख अर्थव्यवस्थाको माध्यमबाट समाजमा रहेका सवै प्रकारका असमानता, गरिवी वेरोजगारिता , विभेदर पछौटेपनको अन्त्य गरि समृद्ध नेपालको गन्त्वय निर्धारण गरिएको छ।सन २०२२ अति कम विकसित देशबाट विकासोन्मुख देशमा स्तरोन्ती गर्दै सन् २०३० मा मध्ययम आय भएको देशमा पुग्ने राष्ट्रिय लक्ष्य रहेको छ। साथै सन २०३० मा दिगो विकासका लक्ष्य हासिल गर्ने अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुरुप संघीय आर्थिक नीतिका लक्ष्यहरु निर्धारण गरिएका छन्।

विगतका चौद्यौ योजनाको कार्यान्वयन गर्दा पनि असन्तुलित विकासले गर्दा गरिबी,असमानतार बेरोजगारिताको अन्त्य गर्न सकेन।अर्थतन्त्रको विस्तार ग्रामिण तहसम्म भएता पनि त्यसले आमनागरिकको जीवनमा सकारात्का परिवर्वतन नआएकोले आर्थिक समृद्धिको जग गाँउ नगरबाट बसाल्न संघीयढाँचाको राज्य प्रणालीको अवलम्वन गरिएको छ। वित्तिय साधन र स्रोतको परिचालनलाई लगानी मैत्री बनाउदै सरकारी, निजी र सहकारी क्षेबको  लगानीका आधारमा **समृद्ध नेपाल सुखि नेपालीको** राष्ट्रिय लक्ष्य प्राप्तिका लागि लगानी तीब्र बनाई उच्च, समवेशी र फराकिलो आर्थिक बृद्धिको दिशामा अबका विकास रणनीति तय गर्नु पर्ने छ ।

नेपालको संविधान बमोजिमको संघीय आर्थिक ढाँचालाई यस प्रदेशबाट पनि अवलम्वन गर्न सबल र समृद्ध प्रदेशको आधार खोजिने छ।प्रेदेशलाई समृद्ध बनाउन दीर्घकालिन सोंच सहित प्रदेश सरकारले प्रदेशिक विकासको रणनीति र लक्ष्यको निर्धारणको लागि आवधिक योजना बनाउन खोजिएको छ।वित्तीय  संघीयतको कार्यान्वयन गर्दा प्रदेशको वित्त सन्तुलन कायम गर्दै संघियताको आधार सहअस्तित्व र सहकारीताका माध्यमबाट राष्ट्रिय विकास लक्ष्यलाई प्रदेशका विकासमा समेत

अन्तरिकिकरण गरिने छ। संघीयता कार्यान्वयनको प्रथम अवधिको आवधिक योजना भएकोले यसले विकासको दिगो आधार निर्माण अवधीकोरुपमा काम गर्ने छ ।

## १.२ प्रदेशको आर्थिक, सामाजिक तथा भौतिक विकासको स्थिति

नेपालको संविधानले नेपालको शासकीय संरचना संघ, प्रदेश र स्थानिय गरी तीन तहको व्यवस्था गरेको छ । प्रदेश नं. ४ मा गोरखा, लमजुङ, तनहुँ, कास्की, मनाङ, मुस्ताङ, पर्वत, स्थाङ्जा, म्याग्दी, बागलुङ र नवलपरासी (वर्दघाट सुस्ता पूर्व) गरी जम्मा ११ जिल्ला रहेका छन् ।तत्कालिन गण्डकी अंचल र धवलागिरी अंचलका सम्पूर्ण जिल्लाहरुका साथैलुम्विनी अंचलको नवलपरासी (वर्दघाट सुस्तापूर्व) समेत समावेश गरिएको छ ।

संवैधानिक व्यवस्था बमोजिम यस प्रदेश नं. ४ मा प्रदेश सभाको निर्वाचन तथा प्रदेश सरकारको गठन भइसकेको अवस्था छ । प्रदेशले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्थाको साथै आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरुबाट राजस्व उठाउन सक्ने संवैधानिक व्यवस्था रहेको छ ।

नेपाल संघीय प्रणालीमा प्रवेश गरेसँगै नयाँ राजनीतिक व्यवस्थाले आमजनमानसमा ल्याएको उत्साह, उमंगतथाअपेक्षा पुरा गर्न संघबाट हस्तानतरित सिमित स्रोतको समुचित उपयोग गर्न आवश्यक छ । साथै आर्थिक सामाजिक तथा पूर्वाधार विकासलाई प्राथमिकिकरण गरी योजनाबद्ध रुपमा अगाडी बढाउन अपरिहार्य छ ।

## १.३ विगतका विकास प्रयासमा प्रेदशको अवस्था

यस प्रदेशमा ११ जिल्ला, १ महानगरपालिका र ३६ नगरपालिका र ५८ गाउँपालिका गरी ८५ स्थानीय तह रहेका छन् भने १८ निर्वाचन क्षेत्र रहेका छन् ।

यस प्रदेशमा देशको कुल २४,०३,०१६ जनसंख्या रहेको छ।जुन नेपालको जनसंख्याको जनसंख्याको ९.०६% हो जसमध्ये हिमालका १९,९९०, पहाडमा २०, ७२, १६२ र तराईमा ३,१०, ८६४ जना रहेका छन् जन घनत्व प्रति वर्ग किमी ११० रहेको छ ।

यस प्रदेशमा ब्रह्मण, क्षेत्री, मगर, गुरुङ, कामी नेवार लगायत अन्य जातजातिको बसोबास रहेको छ । जसमध्ये हिन्दु धर्म मान्नेहरुको संख्या सवैभन्दा धैरै र त्यसपछि वौद्ध, क्रिश्चियन इस्लाम आदि धर्मावलम्बीहरुको बसोबास रहेको छ ।

## १.४ चुनौती

नेपालको संविधानले व्यवस्था गरेको संघीय संरचना अनुरुप प्रदेशको कार्यसूचीमा परेका तथा संघबाट निक्षेपण भै आएने कार्यहरू सम्पादनका लागि प्रदेशको संगठनात्मक संरचना, पद्धति र प्रक्रियाको विकास तथा संसेथापन एवं सार्वजनिक वित्तीय व्यवस्थापन लगायत अन्य शासकीय सुधारको कार्य अघि बढाउनु जरूरी छ। प्रदेशलाई स्थनिय तह र सङ्घीय सरकारकाबिचको सन्तुलन कडीका रुपमा कृयाशील बनाउन पनि त्यत्तिकै जरूरी छ। प्रादेशिक र स्थानीय तहसम्म विकास व्यवस्थापनको क्षमता बढाउँदै सबै तहमा जवाफदेही, स्वच्छ र प्रभावकारी विकास प्रशासन कायम गर्ने कार्य पनि चुनौतीकै रूपमा रहेको छ। प्रदेशलाई साधनस्रोत सम्पन्न बनाई हाल केन्द्रीय तहबाट सञ्चालन भैरहेका विकास कार्यक्रमलाई एकीकृत गर्ने कार्यसँगसँगै ती कार्यहरूलाई साधन र स्रोत समेतको चाँजोपाँजो मिलाई कार्यलाई प्रभावकारी समेत बनाई जनताको अति नजिकको शासकीय तहसम्म सार्वजनिक सेवाको प्रवाह र वितरणलाई निश्चितता प्रदान गर्न पनि त्यत्कै चुनौतीपूर्ण छ। देशको द्रुततर आर्थिक वृद्धि र त्यसको न्यायपूर्ण वितरणमार्फत शीघ्र गरिबी निवारण गर्ने, मानव विकासका पक्षमा उल्लेख्य वृद्धि गर्ने र समग्र अर्थतन्त्रलाई समृद्धि र दिगो आर्थिक सामाजिक विकासको पथमा लैजाने राष्ट्रिय अधियानमा प्रदेशको भूमिका चुनौतीपूर्ण छ। प्रदेशमा उपलब्ध प्राकृतिक तथा मानवीय स्रोत तथा क्षमताको उचित उपयोग र परिचालन गरी आर्थिक क्षेत्रको सघन विस्तारमार्फत रोजगारीका अवसर सिर्जना गरी जनसाङ्ख्यिक लाभांशको अधिकतम उपयोग गर्ने र स्वदेशमा नै पर्याप्त कामका अवसरहरू सिर्जना गर्ने कार्य पनि चुनौतीपूर्ण छ। त्यस्तै, निर्वाहमुखी कृषिलाई रूपान्तरण गरी प्रतिस्पर्धा एवम् व्यवसायमुखी बनाउँदै यसलाई प्रदेशको औद्योगिक विकास गरी मुलुकको समग्र विकाससङ्ग आबद्ध गर्ने कार्य झनै चुनौतीपूर्ण छ। प्रकोपसम्बन्धी सम्भाव्य जोखिमहरूको न्यूनीकरण गर्दै आर्थिक–सामाजिक विकासका सबै प्रयासहरूलाई जलवायु परिवर्तन अनुकूल बनाउने कार्य अझ ठूलो चुनौतीका रूपमा रहेको छ। पूर्वाधारको निर्माण तथा विकास र आबद्धतासँगै ग्रामीण र सहरी विकासलाई अन्तरसम्बन्धित तुल्याई यसलाई आर्थिक वृद्धिको स्रोतको रूपमा स्थापित गर्नुपर्नेछ। यी सबै कार्यमा संघीय तथा स्थानीय तहको सन्तुलित र समायोजित प्रयासलाई डोर्याएर प्भावकारीता अधिबृद्धि गर्नुमा प्रदेशको महत्वपूर्ण धूमिका हुन्छ।

## १.५ अवसर

नेपालको संविधान जारी भएसँगै मूलभूत रूपमा राजनैतिक समस्याहरूको समाधान हुन गई मुलुक आर्थिक तथा सामाजिक विकासको चरणमा प्रवेश गरेको छ।प्रदेशको सङ्गठनात्मक संरचना, पधति र प्रक्रियाको विकास र संस्थापन गर्ने सन्दर्भमा उपलब्ध ज्ञान, शीप र प्रविधिको उपयोग गरी व्यावहारिक रुपमा तयार गर्ने अवसर प्राप्त छ। संभाव्य सरोत साधनको पहिचान गरी परिचालन र दायराको आधार तयार गर्ने अवसर पनि द्ध। उर्वर जमिन, जलस्रोत, वन, खानी, जैविक विविधता एवम्

भौगोलिक सुन्दरताजस्ता प्राकृतिक स्रोतहरूको बुद्धिमतापूर्ण उपयोगबाट समृद्धि हासिल गर्नसक्ने प्रशस्त सम्भावना छन्। कुल जनसङ्ख्यामा आर्थिक रूपले सक्रिय हुने जनसङ्ख्याको अनुपात बढ्दै जानुका साथै आर्थिक–सामाजिक विकासलाई द्रुतता प्रदान गर्न स्वस्थ र क्रमशः शिक्षित हुँदै गइरहेको सक्षम जनशक्ति विकास हुँदैछ। पोखरा क्षेत्रिय विमानस्थल, कालिगणडकी मेग तथा मध्यपहाडी राजमार्गको निर्माणबाट उपलब्ध हुने रोजगारीका अवसर, बजार बिस्तार तथा अन्य प्रदेशुङ्गको आबद्धता तथा सो का आधारमा हुन सक्ते तुलनात्मक लाभका आधारमा प्रचू विकासका संभावनाहरूको उपयोगका अवसरहरू छन्। जलविद्युत लगायतका भौतिक तथा अन्य पूर्वाधार उपयोग गर्ने अवसर पनि छ। क्षतिले सन्तुलित अन्तरनिर्भरताको आधारमा आत्मनिर्भरता र दिगो विकास अगाडि बढाउन अवसर प्रदान गरेका छन्।

हालसम्मको सामाजिक र आर्थिक क्षेत्रमा भएको लगानीको उच्चतम प्रतिफल लिनसक्ने अवस्था छ। आर्थिक रूपले सक्रिय जनसङ्ख्याको आधाआधी जनसङ्ख्या सहकारी तथा सामुदायिक प्रणालीमा आबद्ध छन्। यसबाट सहभागितामूलक विकासका लागि आधारशिला बनिसकेको छ । निजी तथा सहकारी दुवै क्षेत्र प्रवद्र्धन गर्ने सरकारी नीतिबाट प्राप्त अवसरको उपयोग गर्दै मुलुकलाई आर्थिक रूपले समृद्ध बनाउन सरकारसँग परिपूरकको भूमिका निर्वाह गर्न उक्त क्षेत्रहरू तत्पर छन्। छिमेकी मुलुकमा द्रुत विस्तार भइरहेको मध्यम वर्गीय जनहिस्साबाट प्रदेशको पर्यटन, वैदेशिक लगानी, निर्यात एवम् कतिपय सेवा क्षेत्रको विस्तार गर्ने अवसर प्राप्त छ। वैदेशिक रोजगारीबाट प्राप्त सीप, पुँजी र उद्यमशीलताको उपयोगमार्फत बाह्य जगत्बाट ज्ञान, शीप, प्रविधि र पुँजी परिचालन गर्न थप अवसर प्राप्त भएको छ।

## परिच्छेदः २

## प्रादेशिक वित्त नीतिहरु

# २.१अर्थ तथा योजना

## २.१.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ५६ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको शासकीय प्रवन्ध गरेको छ ।प्रदेशले आवधिक योजना नीति र वार्षिक बजेट र कार्यक्रम तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने । प्रदेशको अधिकार क्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरुबाट राजस्व उठाउन सक्ने संवैधानिक व्यवस्था रहेको छ । समृद्ध प्रदेश निर्माण गर्न तथा प्रदेशको विकास, प्रशासनिक तथा सार्वजनिक खर्चको बढ्दो आवश्यकतालाई पुरा गर्नका लागि प्रदेशको उपलब्ध आन्तरिक स्रोत र साधनको परिचालनलाई जोड दिई आन्तरिक राजस्वको परिचालनलाई सवल र दीगो बनाउनु आवश्यक छ । साथै आर्थिक सामाजिक रुपान्तरणका लागि लगानीका क्षेत्रहरु निर्धारण गरी विकासलाई अगाडि बढाउन विकास कार्यक्रमको प्राथमिकीकरण गरी योजनाबद्ध रुपमा अगाडि बढाउन अपरिहार्य छ ।

विकास निर्माणका कार्य दीगो र वातावरणमैत्री बनाउदै समृद्ध प्रदेशको जग निर्माण गर्नुपर्नेछ ।प्रदेशमा तीव्र आर्थिक बृद्धि, सामाजिक न्याय सहितको समावेशी विकास, क्षमता अनुसारको कामको अवसरर मर्यादित रोजगारीको सुनिश्चितता, सामाजिक संरक्षण, आधुनिक र व्यवस्थित पूर्वाधार, सामाजिक सेवाको सहज उपलब्धता, निजी पूँजीको प्रवर्द्धन, आधुनिक प्रविधिको विस्तार, विधिको शासनको प्रत्याभूतिबाट मात्र समृद्धिको मार्ग प्रशस्त हुन्छ ।

## २.१.२ चुनौती

१. उच्च तथा दीगो आर्थिक बृद्धि हासिल गर्नु ।
२. उपलब्ध स्रोतसाधनको दीगो व्यवस्थापन गर्ने।
३. गुणस्तरीय पूर्वाधार निर्माणका लागि स्रोत व्यवस्थापन, क्षमता अभिवृद्धि र समन्वय कायम गर्ने ।
४. उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि तथा पूँजी र श्रमको उत्पादकत्वमा वृद्धि गर्नु ।
५. दक्ष जनशक्तिको विकास तथा रोजगारीका अवसरमा वृद्धि गर्नु ।
६. प्रदेशभित्रका सीमान्तकृत समूह र भौगोलिक क्षेत्रको समन्यायिक विकास गर्नु ।
७. प्रदेशको प्रशासनिक तथा विकास कार्यका लागि आवश्यक स्रोतको पहिचान गर्नु ।
८. आर्थिक उपलब्धीको समन्यायिक वितरणको सुनिश्चितता गर्नु ।

९. जनअपेक्षा एवं आधारभुत आवश्यकताहरु परिपूर्ति गर्नु ।

१०. दक्षविषय विज्ञ तथा पर्याप्त तथ्याङ्क प्राप्त गर्नु ।

### २.१.३ अवसर

प्राकृतिक स्रोत र सुन्दरताले भरिपूर्ण र जैविक विविधतायुक्त यस प्रदेशमा पर्यटन, जलविद्युत रकृषिको विकासको प्रचुर संभावना रहेको छ ।साथै यस प्रदेशमा निर्माणाधिन रहेको कालिगणडकी कोरीडोर मध्यपहाडी लोकमार्गको भाग नेपालको मध्य भागमा पर्ने हुदा राष्ट्रिय सडक संजालबाट पनि आर्थिक कृयाकलाप विस्तार हुने देखिन्छ । साथै नेपालको राजधानीको नजिक रहेको प्रदेश राजधानी र अन्तरप्रदेशको विचमा समेत रहेको हुदा आर्थिक विकासका प्रतिफलहरु समेत यस प्रदेशमा प्राप्तहुन सक्ने अवसरहरु छन् ।साथै यस प्रदेशमा तुलनात्मक रुपमा निरपेक्ष गरिवीको रेखा मुनिको जनसंख्या कम रहेको,मानव विकास सुचकांकमा अगाडि रहेकोर आर्थिक रुपले सक्रीय जनसंख्याको अनुपात उत्साहप्रद रहेकोले पनि प्रदेशमा आर्थिक विकासको संभावना वढि छ ।साथै यस प्रदेशको जनसांखिक अनुपात र सामर्थ्यले पनि छोटो समयमै प्रदेशलाई समृद्ध प्रदेशको रुपमा विकास गर्ने अवसर रहेको छ ।

### २.१.४ कसोच

समुन्नत तथा समाजबाद उन्मुख प्रादेशिक अर्थतन्त्रको विकास ।

### २.१.५लक्ष्य

तिब्र र दिगो आर्थिक विकास मार्फत प्रदेशको आर्थिक सामाजिक रुपान्तरण गर्ने ।

### २.१.६ उद्देश्य

आर्थिक उपलब्धिको न्यायोचित वितरणगर्दै गरिबी निवारणतथा व्यापक रोजगारी सिर्जना गरी समृद्ध प्रदेश निर्माण गर्ने ।

### २.१.७ रणनीति

१. आर्थिकविकासमासार्वजनीक, निजी तथा सहकारी क्षेत्रकोसमन्वयरसहकार्य गर्ने ।

२. संघ र स्थानीय तह सँगको सहलगानीका आयोजना पहिचान गरी उच्च प्रतिफल दिने क्षेत्रमा लगानी केन्द्रित गर्ने ।

३. आधारभूत स्वास्थ्य, शिक्षा, खानेपानी लगायत ग्रामिण पूर्वाधार विकासमा लगानी अभिवृद्धि गरी गरिवी निवारण तथा दीगो विकासका लक्ष्यहरु हासिलमा सघाउ पुग्ने गरी सार्वजनिक खर्चको प्राथमिकीकरण गर्ने ।

४. वित्त संतुलन कायम गर्ने प्रदेश आर्थिक नीतिको माध्यमबाट उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गर्ने ।
५. गरिवी, पछ्यौटेपन र वेरोजगारीको न्युनीकरण गर्न व्यापक रोजगारी र स्वरोजगारका लागि लगानी बृद्धि गर्ने ।
६. संघको स्वीकृतिमा प्राप्त वैदेशिक सहायता र आन्तरिक ऋण प्रदेशको बजेट प्रणाली मार्फत प्राथमिकता प्राप्त क्षेत्रमा परिचालन गर्ने ।
७. राजस्व वृद्धिको समुचित वातावरण तयार गरी राजश्व परिचालनका लागि एकिकृत सरल कर प्रणाली र उपयुक्त संगठन संरचनाको विकास गर्ने ।
८. प्रदेशको विनियोजन ऐन बमोजिम विभिन्न मन्त्रालय तथा निकायहरुका लागि गरिएको बजेट विनियोजन र तिनीहरुले प्रदान गर्ने सेवा प्रवाह प्रणालीको प्रभावकारिता अभिवृद्धि गर्ने ।
९. योजना बैकबाट आयोजना छनोट गरी आयोजना तर्जुमा र कार्यान्वयनमा विनियोजन दक्षता र संचालन कुशलता अभिवृद्धि गर्न ।
१०. वित्तीय व्यवस्थापनमा आर्थिक अनुशासन तथा जवाफदेहिता प्रर्वद्वन गर्ने ।
११. प्रादेशिक तथ्याङ्क प्रणालीको स्थापना गरि विकास गर्ने ।

### २.१.८ कार्यनीति

१. सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी समन्वय तथा सहकार्य मार्फत आर्थिक विकासमा यथेष्ट लगानी प्रर्वद्धन गरिने छ ।(१)
२. पर्यटन, उर्जा, कृषि र पूर्वाधारका क्षेत्रमा सरकारी लगानी बृद्धि गरिने छ । (१)
३. सार्वजनीक निजी साझेदारी तथा सहकारिको लगानी प्रवर्द्धन गरी उच्च प्रतिफल दिने पर्यटन, उर्जा, कृषि तथा पूर्वाधार क्षेत्रमा लगानी प्रोत्साहित गरिने छ ।(१)
४. लगानीमैत्री वातावरणका लागि निजी क्षेत्रमैत्री र लगानी मैत्री कानून तथा संस्थागत संरचनाको प्रवन्ध मिलाइनेछ ।(१)
५. राष्ट्रिय विकास लक्ष्यमा सहयोग पुर्‍याउने र प्रदेशको आर्थिक सम्बृद्धिको आधार तयार गरिने छ ।(२)
६. सामाजिक विकास र भौतिक पूर्वाधारको क्षेत्रमा लगानीको लागि उत्साहित गर्ने प्रवन्ध मिलाइने छ ।(२)
७. मध्यकालिन खर्च संरचनामा आधारित भएर तर्जुमा गरिनेछ । (३)
८. प्रदेशलाई आत्मनिर्भर हुने क्षेत्रमा लगानी बृद्धि गरिने छ ।(४)

९. राज्यका निर्देशक सिद्धान्त, मौलिकहकरप्रदेशका अधिकारसूचीलाई क्रमश कार्यान्वयन गरिने छ । (४)

१०. आयोजनाको  प्रतिफल र प्रभावकारीताको आधारमा बजेट विनियोजन गर्ने प्रणालीको विकास गरिने छ ।(४)

११. प्रदेश सरकारले व्यापक रोजगारी सृजना र स्वरोजगारका लागि लगानी बृद्धि गर्ने । (५)

१२. गरिवी, पछ्यौटेपन र वेरोजगारीको न्युनीकरणका लागि उद्यमशीलता विकास गर्दै पूजिगत अनुदानका माध्यमबाट स्वरोजगारका अवसरहरु सृजना गरिने छ ।(५

१३. रोजगारी प्रत्याभुति कार्यक्रम अन्तर्गत अति विपन्न र विकासबाट पछाडी पारिएको क्षेत्रका नागरिकलाई न्युनतम रोजगारीको ग्यारेन्टी गरिने छ ।(५)

१४. सरकारी र निजी लगानीलाई व्यापक मात्राको रोजगारीको सृजना हुने क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिने छ ।(५)

१५. सहकारीको लगानीलाई कृषि, साना तथा लघु उद्योग, पर्यटन र कृषि बजार प्रवर्द्धनमा लगानी केन्द्रित गरि रोजगारी सृजना गरिने छ ।(५)

१६. संघ सँगको सहकार्यमा सामाजिक संरक्षणका कार्यक्रमलाई दक्षता र चुस्ततापूर्वक संचालन गरिने छ ।(५)

१७. वैदेशिक सहायतालाई प्रदेशको बजेट प्रणाली मार्फत प्राथमिकता प्राप्त क्षेत्रमा परिचालन गरिने छ । (६)

१८. आन्तरिक ऋणलाई उत्पादनशील क्षेत्र, सामाजिक क्षेत्र र ठूला शहरी तथा अन्य भौतिक पूर्वाधारको क्षेत्रमा लगानी गरिने छ ।(६)

१९. प्रदेशको आन्तरिक स्रोत बृद्धि गर्न एकिकृत सरल कर प्रणालीको विकास गर्ने नीति, विधि र संरचना तयार गरिने छ । (७)

२०. स्थानीय तह सँगको सहकार्यमा करको दायराहरु फराकिलो गरी कराधारको बिस्तार गरिने छ ।(७)

२१. सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन कर, विज्ञापन कर, मनोरञ्जन करर पर्यटन शुल्कको गैर करका दरलाई सेवा प्रवाहको लागतसँग आवद्ध गर्दै समन्यायिक हुने गरी करका दरहरु निर्धारण गरिने छ ।(७)

२२. कृषि आयमा निश्चित आम्दानी भन्दा माथि कर लगाइने छ ।(७)

२३. प्रदेश कानूनको परिपालनमा सुधार ल्याउन एकिकृत रुपमा प्रदेशका दण्ड जरिवाना र शुल्कहरुको कानून बनाइ कार्यान्वयन गरिने छ ।(७)

२४. अन्तर सरकारी वित्त व्यवस्थापन कानून बमोजिम प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने राजश्व वाडफाँडको लागि खर्चको आवश्यकता र प्रदेशमा संकलन भएको राजश्वको उपलव्धताको आधारमा राजश्व बाँडफाँडका आधारहरुलाई सामयिक रुपमा परिवर्तन गर्न पहल गरिने छ ।(७)

२५. प्रदेशको अधिकारसूची अन्तर्गत रहि नया राजश्वको स्रोतहरुको खोजि गरिने छ ।(७)

२६. कार्य सम्पादनमा आधारित निकासा प्रणाली अवलम्बन गरिने छ । (८)

२७. प्रदेशको अधिकार सूची भित्रको कार्यान्वयनको लागि प्रदेश योजना बैकको विधी र प्रणालीको विकास गरिने छ ।(९)

२८. बजेट पूर्वनै पूर्वसम्भाव्यता अध्ययन गरी योजनाहरु योजना बैकमा सभावेश गरिने छ ।(९)

२९. सम्भाव्यता अध्ययन र विस्तृत आयोजनाको प्रतिवेदन तयार भएका आयोजनाबाट प्रदेशलाई उच्च आर्थिक प्रतिफल दिने र प्रदेशको रणनितीक महत्वका आयोजनालाई प्रादेशिक गौरवको आयोजनाको रुपमा छनौट गरिने छ ।(९)

३०. आयोजनाको पूर्व तयारी र जग्गा प्राप्तीको न्युनतम पचास प्रतिशतको काम सम्पन्न गर्नका लागी प्रोजेक्ट रेडिनेस फिल्टरको रुपमा आयोजना बैक विकास गरी बहुवर्षिय बजेट विनियोजन प्रणालीको आधारमा बजेट विनियोजन गरिने छ ।(९)

३१. योजना बैकमा योजना समावेश गर्न आयोजनाको अनुसन्धान र विश्लेषणका लागि बजेट उपलव्ध गराइने छ ।(९)

३२. प्रदेशका उच्च प्राथमिकताका आयोजनाहरुको कार्यान्वयनका लागि स्रोतको सुनिश्चितता गरिने छ ।(९)

३३. राष्ट्रिय गौरवका आयोजना र उच्च प्राथमिकताका आयोजना, प्रादेशिक गौरव र उच्च प्राथमिकताका आयोजना तथा प्रदेश र स्थानीय तहका सहलगानीका आयोजनाको कार्यान्वयन, अनुगमनमा सहजीकरण र समन्वय गर्न मुख्यमन्त्रीको संयोजकत्वमा विषेश कक्षको स्थापना गरिने छ ।(१०)

३४. आयोजना तथा कार्यक्रमहरुको नियमित अनुगमन, मूल्यांकन र आयोजनाको समाप्तीपछि प्रभाव मुल्यांकन प्रणालीलाई सुदृढ र व्यवस्थित बनाइने छ ।(१०)

३५. वित्तीय व्यवस्थापनमा आर्थिक अनुशासन तथा जवाफदेहिता प्रर्वद्वन गर्न निश्चित रकम भन्दा माथिको भुक्तानीलाइ पूर्व परिक्षण गरी भुक्तानी दिने प्रणालीको विकास गरि आन्तरिक नियन्त्रणलाइ सुदृढ गरिने छ ।(१०)

३६. प्रदेशको योजना तथा बजेट कार्यान्वयनमा पारदर्शिता ल्याउन निश्चित रकम भन्दा वढिको रकलाई विद्युतिय प्रणाली मार्फत सार्वजनिकरण गरिने छ । (१०)

३७. राजश्व र खर्च तर्फ एकल खाताकोष प्रणालीको माध्यमबाट आय र खर्चको वित्तिय व्यवस्थापन गरिने छ ।(१०)

३८. प्रदेश र स्थानीय तहको आम्दानी र खर्चको एकिकृत आर्थिक विवरण तयार गरिने छ ।(१०)

३९. प्रदेशको एकिकृत तथ्यांक प्रणालीको विकास गरिने छ ।(१०)

४०. प्रादेशिक तथ्याङ्क प्रणालीलाई राष्ट्रिय र अन्तरप्रदेश तथ्यांक प्रणाली सँग तुलनायोग्य बनाइने छ ।(११)

४१. प्रादेशिक तथ्यांक बैकको स्थापना गरि समग्र क्षेत्रको तथ्यांक एकिकृत गरिने छ ।(११)

**परिच्छेदः३**

**क्षेत्रगत विकास नीतिहरु**

# ३.१ भूमिव्यवस्था, कृषि तथा सहकारी सम्बन्धी

## ३.१.१. पृष्ठभूमीः

भूमिमा आम नागरिकको न्यायिक पहुँच, विकासका पूर्वाधार एवं कृषि र उत्पादनमूलक क्षेत्रमा सहकारी क्षेत्रको परिचालनका साथै सेवा प्रवाहमा प्रभावकारीता अभिवृद्धि गर्नु राज्यको प्रमुख दायित्व रहन्छ। नेपालको संविधानले भूमिलाई सम्पत्तिको अधिकारको रुपमा लिई मौलिक हकमा संरक्षण गरेको छ । राज्यले सार्वजनिक हितका लागि क्षतिपूर्ति सहित व्यक्तिको सम्पति अधिग्रहण गर्न सक्ने समेत व्यवस्था गरेको छ ।

भूमिको पहुँचमा रहेको असमानता, विविधता, भूमिको खण्डीकरण एवं गैरउत्पादनमूलक क्षेत्रमा प्रयोगको कारणले भूमिस्रोतको महत्तम सदुपयोग हुन सकिरहेको छैन् ।कृषक वर्गको भूमिमा पहुँच, अव्यवस्थित बसोबासलाई व्यवस्थापन, दीगो शहरीकरण, भूमिहिन र सुकुम्बासीहरुको बसोबासको समुचित व्यवस्थापन तथा जिवीकोपार्जनको प्रबन्ध गर्दै सामाजिक न्याय र सम्बृद्धिका लागिका भूमिको बैज्ञानिक दीगो व्यवस्थापन गर्न आवश्यक छ ।

## ३.१.२. चूनौती तथा अवसर

### ३.१.२.१ चूनौती

संघ र स्थानीय तहसँग समन्वय, सहकार्य र साझेदारीका आधारमा भू उपयोग नीतिको तर्जुमा गर्ने ।प्राकृतिक एवं मानव सृजित जोखिमको न्यूनिकरण गर्ने, सुरक्षित वस्ती विकास एवं योजनाबद्ध दीगो शहरीकरण गर्ने, भौतिक पूर्वाधार विकासका लागि जग्गा प्राप्ती, उर्वरशील भूमि तथा सिम्सार क्षेत्रहरुको संरक्षण, मुआब्जा निधार्रण एवं वितरण व्यस्थितगर्ने, प्रादेशिक भू-उपयोग सूचना प्रणालीको लागि प्रविधिको प्रयोग गरी भू-सूचना तयार गर्नु मुख्य चुनौती रहेको छ ।

### ३.१.२.२ अवसर

प्रयाप्त मात्रामा उपलव्ध भएको भूमि, भूमिस्रोत र प्राकृतिक स्रोत एवं साधनको संरक्षण तथा उपयोग गर्ने अधिकार प्राप्त भएको, भूउपयोग नीतिको आधारमा भूउपयोगको वर्गिकरण कार्य भईरहेको, कृषकको आफ्नै स्वामित्वमा कृषियोग्य जमिनको स्वामित्व रहेको, दीगो शहरीकरण र सुरक्षित एवं

एकिकृत वस्ती विकासको अभियान र कृषि क्षेत्रको उत्पादकत्व बृद्धि गर्न कृषिमा व्यवसायीकरण र आधुनिकीकरणको संघ, प्रदेश र स्थानीय तहको प्रतिवद्धता रहेकोछ ।

## ३.१.३.सोचः

भूमिको वैज्ञानिक व्यवस्थापन र उपयोगबाट उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।

## ३.१. ४.लक्ष्यः

भू-उपयोगिता अभिबृद्धिको लागि भू उपयोग प्रणालीको विकास गरी प्रदेशको आर्थिक समृद्धिको आधार तयार गर्ने ।

## ३.१.५.उद्देश्यः

१. भूमि र भूमिस्रोतको संरक्षण,व्यवस्थापन र प्रयोग एवं वितरणको व्यवस्था गर्ने ।

२. भूमि सेवालाई सरल,स्वच्छ, पारदर्शी र गुणस्तरीय बनाउने ।

३. भूमिको व्यवस्थापन एवं उपयोगका लागि आधुनिक प्रविधियुक्त अभिलेख एवं भूसूचना प्रणालीको विकास गर्ने ।

## ३.१.६.रणनीतिः

१. प्रादेशिक भूउपयोग र भूव्यवस्थापन नीति तर्जुमा र कार्यान्वयन गर्ने ।

२. सार्वजनिक, सरकारी र गुठी जग्गाहरुको अभिलेखवद्ध गरी संरक्षण गर्दै विकासका लागि जग्गाको व्यवस्थापन तथा उपयोग गर्ने,

३. उपलब्ध भूमिको न्यायोचित वितरण र विवेकशिल उपयोग गरी खाद्य सुरक्षा, सुरक्षित बसोबास, व्यवस्थित शहरीकरण तथा दीगो पूर्वाधार विकास गर्ने ।

४. बैज्ञानिक सूचना प्रणालीको विकासका लागि भौगोलिक नापनक्सा तथ्यांक व्यवस्थित गर्ने ।

५. भूमिकोअभिलेख व्यवस्थापन र जनशक्तिको क्षमता अभिवृद्धि गरि भूमि प्रशासनका सेवाहरु सरल सहज र प्रभावकारी बनाउने ।

## ६.१.७.कार्यनीति

१. भू-उपयोग नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।(१)

२. भूमि व्यवस्थापनका लागि भूमि प्रशासन र जग्गा नापजाँच सम्बन्धी नीति रमापदण्ड निर्धारण गरि कार्यान्वयन गरिनेछ ।(१)

३. उपयोग नभएको बाँझो वा कम उपयोग भएका जग्गा भाडामा दिने सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गरिनेछ ।(१)

४. जग्गाधनी प्रमाणपुर्जा वितरण सम्वन्धी मापदण्ड निर्धारणगरिनेछ । (१)

५. धार्मिक, पुरातात्विक महत्वका सम्पदा एवं गुठी जग्गाको संरक्षण तथा व्यवस्थापन सम्बन्धी नीति र मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।(२)

६. अनियन्त्रित अव्यवस्थित तथा असुरक्षित बसोबासमा एवं शहरीकरणमा रोक लगाई सुरक्षित र व्यवस्थित बसोबासको विकास गरिनेछ । (३)

७. कृषि उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका लागि भूमिको चक्लाबन्दीलाई प्रोत्साहन गर्दै लगिनेछ । (३)

८. जग्गा उकास कार्यक्रमबाट प्राप्त जग्गा, वन क्षेत्र भित्र र राष्ट्रिय तथा प्रादेशीक पूर्वाधारका संरचनामा लक्ष्यीत वर्गलाइ व्यवसायिक कृषिमा उपयोग गरिनेछ । (३)

९. कृषियोग्य उर्वर जमिनलाई बाँझो राख्ने तथा भूमिको खण्डीकरण गर्ने प्रवृतिलाई रोक्न भूमि बैंक स्थापना गरिनेछ । (३)

१०. क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्वन्धी मापदण्डतयार गरि कार्यान्वयन गरिनेछ ।(४)

११. जमिनमा विपन्न भूमिहीन कमजोर र कृषक वर्गको पहुँच अभिबृद्धि गरिनेछ (४)

१२. भूमिको उपयोग, क्षमता र उपयुक्तताको नक्शाङ्कन कार्य गरिनेछ ।(५)

१३. भू-उपयोग नक्सा, तथ्याङ्क र भू-उपयोग योजना तयार गरिनेछ।(५)

१४. एकीकृत प्रादेशिक भू-सूचना प्रणालीको विकास गरिनेछ।(५)

१५. नक्सा तथा भौगोलिक सूचनाहरू तयार तथा अद्यावधिक गरिनेछ।(५)

१६. Differential Global Positioning System (**DGPS** प्रणालीबाट पालिका र वडाको सिमाना छुट्टिने नापी कार्य समपन्न गरिनेछ (५)

१७. विपद जोखिम संवेदनशिलतालाई ध्यान दिई भूउपयोग नक्सा योजना र तथ्यांक तयार गरिनेछ । (५)

१८. भूमि प्रशासन सम्बन्धी सम्पूर्ण सेवाहरू सरलीकृत, आधुनिक सूचना प्रविधिमा आधारित, एकद्वार प्रणालीबाट प्रदान गरिनेछ।(६)

## ६.१.८ अपेक्षीत उपलव्धिः

भूउपयोग नीतिको माध्यमबाट भूमिको बैज्ञानिक व्यवस्थापन र प्रयोग हुनेछ ।प्रादेशिक भूउपयोग र भूउपयोग सम्बन्धी भौगोलिक सूचना तयार भएको हुनेछ ।

## ३.२ कृषि विकास तथा खाद्य सुरक्षा सम्वन्धी

### ३.२.१.पृष्ठभूमि

निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक कृषि प्रणालिमा रुपान्तरण गर्नु पर्नेछ । साना तथा मझौला किसानहरुलाइ सामुहिक र सहकारी खेती प्रणालीमा आवद्ध गर्दै व्यवसायिक कृषि कार्यमा अघि बढाइनेछ ।प्रदेशमा खाद्यान्न उपलब्धताको हिसाबले न्युनता भएतापनि अन्य आधारलिंदा खाद्य सुरक्षित नै भएको पाईन्छ ।फलफूल तरकारीमा करिव ५० प्रतिशत भन्दा धेरै मात्रा अन्य प्रदेश तथा विदेशबाट आयात गर्नु परेको छ ।

कृषि क्षेत्रमा संलग्न श्रमिकहरूका उत्पादकत्व निकै कम रहँदा श्रमशक्तिको पलायन भैरहेकोछ ।भूमिको न्यायोचित वितरण, कृषियोग्य भूमि बाँझोरहनु, कृषकहरुलाई वित्तिय पहुँचमासरल नहुनु,उन्नत प्रविधि र कृषि उत्पादन सामाग्रीहरुको उपलब्धता नहुनु, सिंचाईसुविधाको अभाव हुनु, र बार्है महिना भरपर्दो सडक पुर्वाधारका चुनौतिले अपेक्षाकृत विकास हुन सकेको छैन ।

दीगो विकासका लक्यहरु (SDG), कृषि विकास रणनीति (ADS) एवं राष्ट्रिय कृषि नीतिलाई मध्यनजरराख्दै कृषियोग्य भूमिमा कृषकको पँहुच, वित्तिय पहुँच सर्वसुलभता, कृषि पूर्वाधारको विकास, सार्वजनिक निजी तथा सहकारी क्षेत्रको साझेदारीमा लगानी प्रवर्दन तथा मूल्य श्रृंखलामा कार्यगत समन्वयबाट कृषिको व्यवसायीकरण तथा औद्योगिकरण गरी उत्पादन बृद्धि गर्दै आत्मनिर्भर प्रदेशका लागि यस क्षेत्रको विकास गर्नुपर्नेछ ।कृषि क्षेत्रमा रहेको श्रम शक्तिलाइ कृषि क्षेत्रको औद्योगीकरणका माध्यमबाट सेवा क्षेत्र तर्फ रुपान्तरण गर्ने गरी कृषि क्षेत्रका नीति र कार्यक्रम तयार गरिनेछ ।

## ३.२.२. चूनौती तथा अवसर

### ३.२.२.१चूनौती

कृषि क्षेत्रमा परेको श्रम अभावलाई सम्बोधन गर्नु, उर्वर जग्गाको खण्डीकरण, घडेरीकरण र जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्नु, कृषि भूमिलाई उपयोगमा ल्याउनु तथा बार्है महिना सिंचाइको सुविधा उपलब्ध गराउनु, स्थानीय खाद्यान्न उपयोग बढाउनु, खाद्य संस्कृतिलाई परिवर्तन गर्नु, कृषि क्षेत्रमा व्यापक रुपमा प्रयोग भएको विषादिलाई न्युनीकरण गरी प्राङ्गारिक कृषि प्रणालीको प्रयोग गर्नु, कृषि क्षेत्रमा लगानी बृद्धि गर्ने, कृषि ऋण, कृषि सामाग्री, कृषि बजारीकरण र विमालाई सरल र सहज बनाउनु, कृषि प्रसार सेवामा कृषकहरूको पहुँचमा वृद्धि गर्नु, कृषि पेशाप्रति आकर्षण बढाउनु र मूल्य श्रृंखलाका कार्यमा समन्वय गरी कृषिको व्यवसायीकरण तथा औद्योगिकरण गर्नु चुनौती रहेकोछ ।

### ३.२.२.२अवसर

भौगोलिक र जैविक विविधताका संभावनाहरु, कृषि क्षेत्रमा बढिरहेको लगानी, कृषि विकास रणनीतिको कार्यान्वयन, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, कालिगण्डकी करिडोर तथा मध्यपहाडी लोकमार्गले यस प्रदेशमा बढ्दो कृषिजन्य पदार्थको मागमा निरन्तर बृद्धि, विदेशबाट फर्किएका युवाहरूमा सीप, ज्ञान, पूँजी सहितको आकर्षण क्रमशः कृषि क्षेत्रमा उन्नत प्रविधिको प्रयोग,कृषिका लागि कृषि सडक, सिचाँई, विद्युत, कृषि ऋण, कृषि बिमा जस्ता सुविधाहरु बृद्धि हुँदै जानु, प्रांगारिक कृषि प्रति आम उपभोक्तको सजगता, निजी लगानीकर्ता तथा सहकारी क्षेत्रको लगानी बृद्धि हुदै गैरहेकोले यस क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने अवसर रहेकोछ ।

## ३.२.३.सोचः

समृद्ध प्रदेशको लागी कृषि उत्पादनमा आत्मनिर्भर, प्राङ्गारिक पहिचान सहितको उत्पादन बृद्धि, रोजगारी सृजना, खाद्य सुरक्षा र पोषण सुरक्षामा प्रत्याभूती गर्ने।

## ३.२.४.लक्ष्यः

दिगो,व्यावसायिक, प्रतिस्पर्धी र प्राङ्गारिक कृषि विकासको माध्यमबाट प्रदेशलाई समृद्ध बनाउने।

## ३.२.५.उद्देश्यः

१. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि उपजमा आत्मनिर्भर बनाउने ।
२. परम्परागत कृषिलाई उन्नत, दिगो एवं व्यवसायिक प्रणालीमा रूपान्तरण गर्ने ।
३. कृषि क्षेत्रमा रोजगारी अभिबृद्धी समेतका लागि कृषि उद्यमी र उद्योगको विकास गरी सम्मानित पेशाको रुपमा विकास गर्ने।
४. वातावरणमैत्री कृषि प्रणाली र कृषि पर्यटनका माध्यमबाट आयआर्जन तथा रोजगारी सिर्जना गरी गरिवी न्यूनिकरणमा योगदान पुरयाउने ।
५. प्राङ्गारिककृषि बस्तुहरुको पहिचान, उत्पादन, पूर्वाधार निर्माण तथा वजारीकरण गर्ने

## ३.२.६.रणनीतिः

१. आधारभूत खाद्य वस्तुको उत्पादन र उत्पादकत्व बृद्धि गरी प्रतिस्पर्धात्मक क्षमताको विकास गर्ने।
२. भूमिको बैज्ञानिक उपयोगबाट उत्पादनशिलतामा बृद्धि गरी विशिष्टीकृत उत्पादन (जस्तैः कम तौल वढि मुल्य) को प्रबर्द्धन गर्ने ।
३. कृषि क्षेत्रमा निजी, सहकारी तथा सरकारी क्षेत्रको लगानी अभिबृद्धि गर्ने ।
४. प्राङ्गारिक कृषि उत्पादनका लागि पूर्वाधार सहितको प्रोत्साहित गर्ने ।
५. कृषिलाई सम्मानित र आकर्षित पेशाको रुपमा विकास गर्ने ।

६. कृषि बस्तुको भण्डारण, बजार पहुँच, गुणस्तरका लागि आधुनिक प्रविधिको प्रयोग र कृषिजन्य सूचनालाई व्यवस्थित वनाउने ।

## ३.२.७.कार्यनीतिहरु

१. दिगो प्रादेशिक कृषि विकासका लागि कृषक मैत्री नीति ऐन, नियमहरू तर्जुमा गरिनेछ (१)

२. कृषि क्षेत्रको उत्पादनबृद्धि गरी खाद्यान्नमा आत्मनिर्भर हुने (१)

३. खाद्यान्न प्रयोगमा गुणस्तरीयता कायम गराउन प्रदेश स्तरीयमापदण्डको निर्माण गर्ने (१)

४. एक वडा एक नमूना कृषि उत्पादन, एक पालिका एक व्यवसायिक बाली उत्पादन नीति अबलम्बन गर्ने । (१)

५. कृषि व्यवसायमा देखिएका वातावरणीय, प्राविधिक, बजार एवम् जंगली जनावरबाट आदिबाट हुने जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गर्ने ।(१)

६. दिगो सिँचाइसुविधा,कृषि सडक, विद्युत, चिस्यान केन्द्र, संकलन केन्द्र, कृषि वजार जस्ता पूर्वाधारहरुको पहुँच बढाइनेछ ।(१)

७. जमीन बाँझो राख्ने प्रवृतिलाई निरुत्साहितका लागि कानूनी व्यवस्था गरिनेछ । (१)

८. पालिकामा ***"वातावरण मैत्री कृषि गाउँ नमूना कार्यक्रम"***को कार्यान्वयन गर्ने ।(१)

९. आधारभूत कृषि उपजको उत्पादन पूर्वनै न्यूनतम समर्थन मूल्य कायम गर्ने ।कृषि उपजको बजारीकरण तथा व्यवसायीकरणमा सहयोग पुर्याउन व्यवस्थित कृषि उपज बजारको स्थापना एवं सञ्चालन गर्ने ।(१)

१०.कृषि उपजको स्वच्छता र गुणस्तरीयता कायम गर्नखाद्य प्रयोगशाला स्थापना गरि खाद्य परिक्षण नियमनको व्यवस्था गर्ने ।(१)

११.कृषकको परिभाषा तथा बर्गीकरण गरि सो आधारमा कृषकलाई प्रदान गरिने सेवा तथा सुविधा स्पष्ट पार्ने ।(२)

**१२.**विशिष्टिकृत कृषि उत्पादन क्षेत्र र मोडेल फार्म (Model Farm) विकास गर्ने । (२)

**१३.**कम तौल वढी मुल्यका कृषि उपजहरुको पहिचान गरी ती वालिहरुको प्रवर्द्धन गरिनेछ ।(२)

१४. सार्वजनिक,नीजि र सहकारी क्षेत्रको साझेदारीमा कृषि लगानीमा अभिबृद्धि गरिनेछ । (३)

१५. वित्तिय संस्थाको परिचालन गरि कृषकलाई सुलभ दरमा कृषि ऋण उपलब्ध गराउने नीति तर्जुमा गरिनेछ । (३)

१६. कृषि विकासको लागि कृषि अनुसन्धान,उन्नत प्रविधि र लगानी भित्र्याउन पूर्वाधार तयार गरिनेछ ।(३)

१७.करार सम्झौतामा आधारित तथा सहकारी खेतीलाई प्राथमिकता दिई मूल्य श्रृङ्खला पद्धति अनुसार उत्पादन देखि बजारीकरण सम्मका कार्यक्रम एकीकृत रूपमा सञ्चालन गरिनेछ ।

१८.कृषि उत्पादन र आम्दानीको आधारमा (Output or income based subsidy) अनुदान उपलब्ध गराइनेछ ।(३)

१९.युवा श्रमशक्तिलाई कृषि तथा कृषिमा आधारित सेवा र उद्योग क्षेत्र तर्फ आकर्षित गर्न युवा लक्षित कार्यक्रम संचालन गरिनेछ।

२०.कृषक, कृषि उद्यमी, सहकारी तथा अन्य सरोकारवालाको साझेदारीमा प्राङ्गारिक क्षेत्र छुट्याई प्राङ्गारिक कृषि अनुसन्धान र विकास गरी उत्पादन र उत्पादकत्वमा बृद्धि गरिनेछ ।(४)

२१.उत्पादित प्राङ्गारिक वस्तुको ब्रान्ड प्रवर्द्धन गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बजारीकरण गरिनेछ । (४)

२२.अर्गानिक कृषि प्रदेशको लागि प्राङ्गारिक मलकारखाना स्थापनाको पूर्बाधार तयार गर्ने ।(४)

२३.अर्गानिक बस्तुको प्रमाणीकरण र परीक्षण गर्ने प्रयोगशाला निर्माण गर्ने ।(४)

२४.कृषकलाई प्रोत्साहित र सम्मानित बनाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ । (५)

२५.किसानको क्षमता बृद्धिका लागि कृषक तालिम, कृषि प्रसार सेवामा पहुँच, उच्चस्तरको बीउ, सिंचाई, पोषक तत्त्व र कृषिको उत्पादकत्व बढाउन वित्तीय उत्प्रेरणाका कार्यक्रम ल्याइने छ।(५)

२६. कृषि पर्यटनप्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिने छ। (६)

२७.कृषि उत्पादनमा कृषक रउपभोक्ताको सीधा सम्पर्कको लागि उपयुक्त सूचना प्रविधिको विकास तथा व्यवस्था गरिने छ। (६)

२८.कृषियोग्य भूमिको कम्पयुटराइज्ड अभिलेखीकरण गर्ने ।(६)

## ३.२.८ अपेक्षीत उपलव्धी

आगामी पाच वर्षमा कृषि क्षेत्रको उत्पादनमा दोव्वर बृद्धी हुने, आधुनिक र व्यवसायिक कृषि प्रणालीको विकास भएको हुने,कृषिका लागि आवश्यक पर्ने विउ, विजन, प्रविधी, भौतिक पूर्वाधार सुधार हुनेछ ।कृषि क्षेत्रमा रोजगारीका अवसरहरु थप सृजना हुने, वातावरणमैत्री कृषि कार्यक्रमका माध्यमबाट दीगो विकासको लक्ष्य हासिल हुने, कृषि उत्पादनको प्रयोगमा गुणस्तरीयता सुनिश्चित हुने र आधारभूत बस्तुहरुमा आयात व्यवस्थापन गरी आत्मनिर्भर हुने । प्राङ्गारिक कृषिको विकास भै स्वस्थ उत्पादन र स्वच्छ पर्यावरणको आधार तयार हुनेछ ।

## ३.३ पशुपन्छी विकास

### ३.३.१. पृष्ठभूमि

खाद्य तथा पोषण सुरक्षामा पशुपन्छीजन्य उत्पादनको महत्वपूर्ण भूमिका हुन्छ । पशुजन्य उत्पादनवाट रोजगारीका अवसर सृजना, आय आर्जनमा वृद्धि भई प्रादेशिक अर्थतन्त्रमा महत्वपुर्ण योगदान रहन्छ।निर्वाहमुखी पशुपन्छी पालनलाई उन्नत प्रविधि र उत्पादन सामाग्रीको विकास गरी पशुपक्षीको व्यवसायिकतामा जोड दिनुपर्नेछ । सरल र सहज ऋण र विमाका लागि वित्तीय पहुच,बजार पूर्वाधारको विकासलाइ प्राथमिकता दिनुपर्नेछ ।पशुपन्छी विकासका सवै अवरोधहरुलाई हटाई स्वस्थ्य पशुपन्छीजन्य उत्पादनलाई उच्च प्राथमिकतामा राखी यसको विकास एवं विस्तार गर्नुपर्ने हुन्छ ।

### ३.३.२.चूनौती तथा अवसर

#### ३.३.२.१चूनौती

पशुपन्छी प्रसार सेवामा कृषकको पहुँचमा वृद्धि, गुणस्तरीय उत्पादन बढाउनु, प्रादेशिक क्वारेन्टाइनको व्यवस्था र प्रमाणीकरण, आधारभूत पूर्वाधार तयार गर्नु,ऋण तथा विमाको विस्तार गर्नु, पशुपक्षीजन्य रोग र प्रकोपको न्यूनिकरणका लागि अस्पताल तथा प्रयोगशालाको निर्माण र पशुपन्छीजन्य उत्पादनको प्रयोगवाट मानव शरिरमा सर्ने रोगको नियन्त्रण गर्नु चुनौती रहेको ।

#### ३.३.२.२अवसर

विदेशबाट फर्किएका युवाको सीप, ज्ञान, पूँजी र उन्नत प्रविधिसहित पशुपन्छीजन्य व्यावसायमा आकर्षित हुनु, पशुपन्छीजन्य उत्पादनको वजार विस्तारको लागि दुवै छिमेकी देशमा सम्भावना रहेको, पशुपन्छीजन्य उत्पादनबाट आत्मनिर्भरता, राष्ट्रिय बजारको आवश्यकता पूर्ती गर्ने, माछामासु तथा दुग्ध जन्य वस्तुहरुको उपभोग बृद्धि हुँदै जानु पशुपन्छी व्यवसाय विकासको लागि अवसरको रुपमा रहेकोछ ।

### ३.३.३.सोचः

पशुपन्छीको व्यवसायिक उत्पादनबाट मासु, अण्डा र दुग्धजन्य पदार्थमा आत्मनिर्भर एवं पोषण सहितको खाद्य सुरक्षा ।

### ३.३.४.लक्ष्य

स्वच्छ एवम् गुणस्तरीय पशुपन्छीजन्य उत्पादनका माध्यमबाट प्रदेशलाई खाद्य तथा पोषणमा आत्मनिर्भर बनाउने ।

## ३.३.५.उद्देश्य

१. प्रदेशको सिमानामा हुने पशुपन्छीजन्य आयात निर्यातलाई व्यवस्थित गर्ने
२. पशुपन्छीजन्य पदार्थमा आत्भनिर्भर भई निर्यात प्रवर्द्धन गर्ने।
३. पशुपक्षी तथा पशुपक्षीजन्य पदार्थवाट मानव स्वास्थ्यमा पर्नसक्ने नकारात्मक असर न्यूनीकरण गर्ने ।

## ३.३.६.रणनीति

१. पशुपन्छी पालन र व्यवसायलाई प्रविधियुक्त, सुरक्षित,व्यावसायिक र प्रतिस्पर्धी बनाई उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।
२. पशुपन्छीको स्वास्थ्य प्रवर्दनको लागि आधुनिक पुर्वाधारको विकास गर्ने ।
३. पशुपन्छीजन्य मूल्य श्रृङ्खलामा सुधार, बजार पहुच, गुणस्तरीय उत्पादन र वितरण र अन्य पूर्वाधारको विकास तथा सुधार गर्ने ।
४. पशुपन्छी विशेष उत्पादन क्षेत्रतोकी त्यस्ता क्षेत्रमा आवश्यक पूर्वाधारको विकास गर्ने ।

## ३.३.७.कार्यनीति

१. पशुपन्छी पालनसम्बन्धी प्रादेशीक नीति तर्जुमा गरिनेछ । (१)
२. पशु क्वारेन्टाइन सेवालाई अझ बढी प्रभावकारी बनाइनेछ । (१)
३. पशुपन्छीको नश्लसुधार, पौष्टिक दाना आहाराको व्यवस्था, पशुपन्छी स्वास्थ्य सेवा एवम् उत्पादित पशुजन्य पदार्थको बजारीकरणका लागि एकीकृत रूपमा प्राविधिक, वित्तीय तथा अन्य सेवासेवा प्रदान गरिनेछ ।(१)
४. पशुपन्छी पालनमा बढ्दो महिला सहभागिता र महिला किसान सशक्तीकरणलाई केन्द्रित गर्दै कार्यक्रम सञ्चालनमा ल्याइनेछ।(१)
५. पशुपन्छीका रोगको रोकथामका लागि स्वदेशमै भ्याक्सिन उत्पादन, भण्डारण, वितरण र प्रयोगका क्षेत्रमा थप लगानी गरी पशुस्वास्थ्यको सुरक्षण गरिनेछ । (२)
६. पशुरोग अन्वेषण प्रयोगशालाहरूको आधुनिकीकरण र स्तरोन्नति गरिनेछ । (२)
७. पशुपन्छीबाट सर्न सक्ने रोगको रोकथाम नियन्त्रणलाई प्रभावकारी बनाउने । जनचेतना अभिवृद्धिका साथै एक स्वास्थ्य अवधारणाको कार्यान्वयनमा सहजीकरण गर्ने ।(२)
८. पशुजन्य उत्पादन र विक्री वितरणमा स्वच्छता कायम राख्नेकार्यक्रम सञ्चालन गरिनेछ ।(२)
९. मासु, चिज, ऊन, छाला, छुर्पीजस्ता उच्च मूल्यका निर्यातमूलक पशुपन्छीजन्य पदार्थ पहिचान गरी मूल्यश्रृङ्खलामा आधारित उद्योगलाईप्रवर्द्धन गरिनेछ ।(३)

१०. गुणस्तरीय पशुआहाराको लागि उत्पादन र प्रयोगका कृषिजन्य उप–पदार्थको सदुपयोगलाई प्रोत्साहन गरिनेछ ।(३)

११. पशुपन्छीको जात विशेषको नमुना उत्पादन, तालिम, प्रशोधन र प्रदर्शन स्रोत केन्द्रका रूपमा विकास गरिनेछ ।(४)

१२. एकपालिका एक पशुपंक्षी उत्पादनमा जोड दिईने छ ।(४)

१३. एकजिल्ला एक घाँसेवाली स्रोत केन्द्रस्थापनालाई अनिवार्य गरिनेछ ।(४)

१४. पशुपन्छी विशेष उत्पादन क्षेत्र' तोकी त्यस्ता क्षेत्रमा आवश्यक पूर्वाधारको विकास गरी उन्नत नस्ल, पशु आहारा, पशु सेवा, पशु स्वास्थ्य, सुलभ ऋण, बिमासहितको प्राविधिक सेवा प्रदान गरिनेछ ।(४)

१५. पशुपक्षीका स्थानीय नश्लको संरक्षण र प्रवर्द्धन गरिनेछ ।(४)

## ३.३.८ अपेक्षीत उपलव्धी

पशुपन्छी व्यवसायको विकास र विस्तारभै पशुपन्छीजन्य उत्पादन र उपभोगमा क्रमशःआत्मनिर्भर हुदै निर्यात प्रवर्द्धन भएको हुनेछ ।आधुनिक र सुविधा सम्पन्न पशु अस्पतालबाट पशु स्वास्थ्यमा सुधार भै भरपर्दो पशु प्रयोगशालाको प्रमाणीकरण र विक्री वितरण कक्षबाट गुणस्तरीय पशुजन्य बस्तुको उपभोगमा सुधार भएको हुनेछ ।

## ३.४ गरिबी न्यूनिकरण तथा समृद्धि

## ३.४.१. पृष्ठभूमि

गरिवी निवारणविना समृद्धिको जनअपेक्षा संवोधन हुन सक्दैन । यस प्रदेशमा आगामी पाच वर्ष भित्र बहुआयामिक गरिवीको दर १४.२ प्रतिशतबाट ७ प्रतिशतमा ल्याउनको लागि र सन् २०३० सम्म गरिवीको अन्त्य गर्न गरिवी निवारणका कार्यक्रमलाई एकिकृत र समन्वितरुपमा सरकारी, निजी र सहकारी लगायत सवै क्षेत्रको साझा प्रयासको आवश्यकता रहेको छ ।यसका लागि शासकीय प्रणालीमा सक्षमता सहित सुधार र प्रदेशका योजना र कार्यक्रम गरिवी निवारण लक्षित बनाउनु पर्नेछ ।

## ३.४.२चुनौती तथा अवसर

### ३.४.२.१चूनौती

गरिव तथा गरीवीको स्पष्ट पहिचान र परिभाषित गर्नु, भौगोलिक,जातिय र आय वर्गमा रहेको गरिवीको अवस्थामा तथा असमानतालाई घटाउनु, न्युनतम सामाजिक सुरक्षाको दयारामा ल्याउनु, निरपेक्ष गरिवीको रेखामुनी रहेका नागरीकको जिवनस्तरमा सकारात्मक परिवर्तन ल्याउनु, आयमुलक गरिवी अवस्थामा सुधार ल्याउदै आगामी पाच वर्षमा औषत प्रतिव्यक्ति आय दोव्वर बनाउने कार्य चुनौतीपूर्ण रहेकोछ ।प्राकृतिक विपद र जलवायु परिवर्तनको प्रभावबाट आउनसक्ने जोखिमले गरिवीको दायरालाई न्यूनीकरण गर्ने कार्य पनि चुनौतीपूर्ण छ ।

### ३.४.२.२अवसर

गरिवी निवारणका लागि राष्ट्रिय प्रतिवद्धता, भूमी लगायतका उपलव्ध प्राकृतिक स्रोत र साधनको उपलव्धता, वित्तीय संघीयताको कार्यान्वयन , प्रदेशको स्रोत, साधन, अवसर र विकासका प्रतिफलमा नागरिकको सहज पहुँच, गरिवी निवारणका लागि वहुपक्षीय संस्थाको क्रियाशिलता, विकासका पुर्वाधारमा ठुलो मात्रामा तीनतहका सरकारको लगानी, विप्रेषण आयमा निरन्तर बृद्धि, वैदेशिक रोजगारीबाट हासिल गरेको ज्ञान र सीपको प्रयोग,वित्तीय साक्षरता, वित्तीय पहुच र वित्तीय समावेशीकरणका कार्यक्रम,एकिकृत र सुदृढ गरिवी लक्षित सामाजिक संरक्षणका कार्यक्रम र स्थीर सरकार सहितको साशकीय सवलीकरणले गरिवी निवारणका लागि अवसर रहेकोछ ।

## ३.४.३.सोचः

सुशासन, क्षमता विकास, आम्दानी तथा रोजगारीको अवसरको सिर्जना एवं पहुँच विस्तार र लक्षित कार्यक्रमबाट गरिवी न्यूनिकरण गरी आर्थिक सम्बृद्धिमा योगदान पुग्ने ।

### ३.४.४.लक्ष्यः
प्रदेशको बहुआयामीक गरिवीको रेखामुनी रहेको जनसंख्या ७ प्रतिशतमा झार्ने ।

### ३.४.५.उद्देश्यः
दीगो, समावेशी, उत्पादनशील र लाभजन्य रोजगारीका अवसर सृजना गरी गरिवी घटाउने ।

### ३.४.६.रणनीतिः
१. उत्पादनमूलक कृयाकलापका वहुक्षेत्रीय लगानीमा वृद्धि गरी उच्च, फराकिलो, दिगो र समावेशी आर्थिक वृद्धि हासिल गरी गरिवी न्युनिकरण गर्ने ।
२. विकासका अवसर तथा प्रतिफलमा समन्यायीक वितरण गर्ने ।
३. सवैलाई न्युनतम सामाजिक सुरक्षाको दायरामा ल्याउन र जोखिममा रहेकालाई पहिलो प्राथमिकता दिने ।
४. सुशासन कायम गर्दै भ्रष्ट्राचार निवारण मार्फत गरिवी निवारण गर्ने ।

### ३.४.७ कार्यनीतिः
१. गरिवी निवारणको प्रादेशिक रणनीति पत्रको आधारमा गरिवी न्युनीकरणका कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने । (१)
२. उपलव्ध प्राकृतिक र मानवीय स्रोत र साधनको दिगो व्यवस्थापन सहित परिचालन गर्ने ।(१)
३. सरकारी, निजी, सहकारी एवं गैर सरकारी सघं संस्थावाट संचालित गरिवी निवारणका कार्यक्रमलाई एकद्धार प्रणाली मार्फत लागू गर्ने ।(१)
४. गरिबी न्यूनिकरणका कार्यक्रमको कार्यान्वयनको प्रभावकारी मूल्यांकन गरी निरन्तर सुधार गर्ने ।(१)
५. निजी क्षेत्रमा संस्थागत सुशासन कायम गर्दै सामाजिक उत्तरदायित्व कार्यक्रमका माध्यमबाट सृजना भएको रोजगारीमा निरपेक्ष गरिवीको रेखामुनी रहेकालाई प्राथमिकता दिने ।(२)
६. औपचारिक वा सङ्गठित क्षेत्रमा संयुक्त लगानीमा आधारित उद्योगको विकास गरी रोजगारीका अवसरहरू सिर्जना गर्ने । (२)
७. गरिबी निवारण र आर्थिक सम्बृद्धिमा सहयोग पुग्ने क्षेत्रहरुको पहिचान गरी ती क्षेत्रमा लगानी वृद्धि अभिबृद्धि गर्ने । (२)
८. गरिबी न्यूनिकरणका लागि संघ रस्थानीय तह, सहकारी, निजी र गैर सरकारी संस्थाबाट सञ्चालित कार्यक्रमका बीच समन्वय र साझेदारी गर्ने। (२)
९. निरपेक्ष गरिवीको रेखामुनी भन्दा तलकालाई न्यूनतम रोजगारीको प्रत्याभुती गर्ने ।(२)

१०.कमजोर,विपन्न, सामाजिक बञ्चितिरकण परेका बर्ग र समुदायको क्षमता विकास गरी गरिवी न्यूनिकरण गर्ने।(३)

११.सामजिक संरक्षणका कार्यक्रम मार्फत गरिवी निवारणमा सहयोग गर्ने ।(३)

१२.गरिवी र सामाजिक सुरक्षाका कार्यक्रमलाई एकद्धार प्रणालीबाट कार्यान्वयन गर्ने । (३)

१३.खाद्य तथा पोषण सुरक्षाको प्रवर्द्धन तथा विस्तार गर्ने (३)

१४.विभिन्न निकायहरुवाट संचालित गरिबी निवारण सम्बन्धी कार्यक्रमहरूको अद्यावधिक विवरण तयार गर्ने, एकद्वार प्रणालीद्वारा समन्वय गर्ने र दोहोरोपन हटाई कार्यक्रमहरुको प्राथमिकीकरण गरि कार्यान्वयन गर्ने ।(३)

१५.कृषि, पर्यटन, ऊर्जा, पूर्वाधार विकास र साना उद्यमहरुको प्रवर्द्धन गरी रोजगारीको अवसर सिर्जना गर्ने ।(३)

१६.मागमा आधारित गरिवी न्यूनिकरण केन्द्रीत लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।(३)

१७.भूमि,सीप, पुँजी र प्रविधिमा पहुँच नभएकाको पहिचान गरी उद्यमशीलताका माध्यमबाट स्वरोजगार बनाउने ।(३)

१८.कमजोर विपन्न भूमिहिन सुकुम्बासी एवं सिमान्तकृत वर्ग समुदायका लागि आय आर्जन र रोजगारमूलक कार्यक्रम सञ्चालन गर्ने ।(३)

१९.ग्रामीण तथा सहरी गरिबीलाई लक्षित गरी छुट्टाछुट्टै लक्षित कार्यक्रमहरू सञ्चालनगर्ने । (३)

२०.वित्तिय संस्थावाट सहज ऋण तथा कर्जाको उपलव्धता हुने व्यवस्था मिलाउने । (४)

२१.प्रदेशका गरिवी परिचयपत्रको माध्यमबाट राज्यका सेवा सुविधामा पहुच दिने ।(४)

२२.सुशासन प्रवर्द्धन गर्दै शासकीय सवलीकरणका माध्यमबाट गरिवी निवारण गर्ने ।(४)

## ३.५ सहकारी क्षेत्र

### ३.५.१. पृष्ठभूमि

सहकारी क्षेत्र अर्थतन्त्रको एक प्रमुख आधार स्तम्भ हो ।प्रदेशको आर्थिक तथा सामाजिक विकास,गरिवी न्यूनिकरण,उत्पादनमुलक रोजगारीको सिर्जना,सामाजिक एकिकरण तथा वातावरण संरक्षणमा सहकारी क्षेत्रको भूमिका महत्वपूर्ण रहन्छ ।यस प्रदेशमा वचत तथा ऋण, उत्पादन एवं सेवामूलक क्षेत्रमा गरी ३५०० को संख्यामा सहकारीहरु संघ संस्थाहरु संचालनमा रहेका छन् ।

आम नागरिकमा सहकारीको उपयोग र उपादेयता वारेमा पर्याप्त जानकारी नहुनु, सहकारी संघसंस्थामा अनुशासन तथा सुशासनको अवस्था संतोषजनक नहुनु, सहकारी क्षेत्रको प्रवर्द्धन र विकासमा राज्यको ध्यान कम हुनु तथा सहकारी क्षेत्रमा संकलित पूँजिको उत्पादनशील क्षेत्रमा परिचालन हुन नसक्नु जस्ता समस्याहरु यस क्षेत्रमा विद्यमान छन् ।

सहकारीको सिद्धान्त एवं भावनाअनुरुपयस क्षेत्रमा छरिएर रहेको श्रम, सीप तथा पूँजिलाई उत्पादनशील क्षेत्रमा परिचालन गरी विपन्नएवं कमजोर वर्ग,लिंग,समुदाय, व्यक्ति एवं गरिवी न्यूनिकरणको क्षेत्रमा सहकारीताको विस्तार गर्नु वाञ्छनिय हुन्छ ।

## ३.५.२.चुनौतीतथाअवसर

### ३.५.२.१चूनौती

सहकारी क्षेत्रमा रहेको  पूँजिलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नु, सहकारी संस्थाहरुमा सिमान्तकृत,विपन्न र बञ्चितीकरणमा परेका वर्ग समुदायलाई समेटी समावेशी बनाउनु,सहकारी संस्थाहरुको प्रभावकारी नियमनगर्नु, सहकारीको सिद्धान्त, मर्म र भावना अनुरुप सहकारी संघ संस्थाहरुको परिचालन गरी सहकारी क्षेत्रमा सुशासन तथा वित्तीय अनुशासन कायम गर्नु यस क्षेत्रको प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

### ३.५.२.२अवसर

सहकारी क्षेत्रलाई अर्थतन्त्रको एउटा महत्वपूर्ण खम्वाको रुपमा स्विकार गरिएको छ ।  नयाँ शासकीय संरचनामा सहकारी क्षेत्रको प्रभावकारी ढंगले परिचालन गर्नसकिने, दुर्गम तथा ग्रामिण क्षेत्रसम्म  सहकारी संस्थाहरुको विस्तार हुदै गएको र सहकारीमा रहेको ठूलो पुँजीलाई उत्पादनशील एवं व्यावसायीक क्षेत्रमा परिचालन गरी गरिवी न्यूनिकरण गर्न सकिने सम्भावनालाई यस क्षेत्रको अवसर रुपमा लिईएको छ ।

## ३.५.३.सोचः

सहकारी क्षेत्रको माध्यमबाट प्रादेशिक आर्थिक, सामाजिक विकास एवं गरिवी न्यूनिकरणमा योगदान

### ३.५.४.लक्ष्यः

सहकारी मार्फत स्थानीय, श्रम, सीप,पुँजी र प्रविधिको सामूहिक रुपमा अधिकतम  परिचालन गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी जनताको जिवनस्तर अभिवृद्धि गर्ने ।

### ३.५.५.उद्देश्यः

१. सहकारीताको मूल्य र सिद्धान्तहरुको प्रवर्द्धन तथा विस्तार गरी सहकारी सुशासन कायम गर्ने ।

२. सहकारीतामा आधारित कृषि उद्यम, उद्योग, व्यवसायको विकास र विस्तार गरी प्रदेशको आर्थिक सम्बृद्धि हासिल गर्ने।

३. स्थानीय श्रम पूँजी, प्रविधि, साधन स्रोत, सिप र ज्ञानको सामूहिक हितका लागि परिचालन, सामाजिक न्याय तथा सामाजिक एकिकरण गर्ने ।

### ३.५.६.रणनीतिः

१. सहकारी क्षेत्रको संस्थागत विकास एवं विस्तारका लागि आवश्यक नीतिगत एवं कानुनी व्यवस्था, संस्थागत सरचना, दीर्घकालीन रणनीतिक एवं व्यवसायिक योजनातर्जूमा गर्ने,

२. आर्थिक सामाजिक रुपमा पछि परेका वर्ग समुदायलाई सहकारितामा संगठित गरी सहकारी क्षेत्रलाई प्रदेश अर्थतन्त्रको आधारस्तम्भका रुपमा विकास गर्ने,

३. सहकारी क्षेत्रलाई उत्पादनशील, व्यवायिकएवं कृषि तथा पशुजन्य उत्पादनका क्षेत्रमा परिचालनगर्ने,

४. सहकारी संघसस्थाको संस्थागतविकास र सहकारी अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी तुल्याई यस क्षेत्रमा सुशासन कायम गर्ने ।

### ३.५.७ कार्यनीतिः

१. सहकारी सम्बन्धी प्रादेशिक नीतिगत, कानूनीएवं संरचनागत व्यवस्था गर्ने,सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा गरिनेछ ।  (१)

२. सहकारी खेती, सहकारी उद्योग, सहकारी वितरण सेवार सहकारी व्यवसायको विकास तथा प्रवर्द्धन लागि आवश्यक नीतिगत एवं भौतिक पूर्वाधारको विकास गरिनेछ । (१)

३. सहकारी संघ संस्थाहरुको स्थापना र सञ्चालनकाआधार र मापदण्ड स्पष्टरुपले परिभाषित गर्ने गरिनेछ । (१)

४. महिला, गरिब, विपन्न, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, भूमिहीनतथा पिछडिएका वर्ग र श्रमिकको जीवनस्तरमा सुधार ल्याउन सहकारी पद्धतिको व्यवसायमा पहुँच बढाई शसक्तिकरणमा जोड दिईनेछ । (२)
५. सहकारी संस्थाहरूलाई उत्पादनमूलकएवं व्यवासायिक क्षेत्रमा परिचालन गरिनेछ ।(३)
६. कृषितथा सहकारी संस्थाहरूको उत्पादनलाई बजारीकरणमा सघाउ पुरयाउन शित भण्डार तथा बजार केन्द्रको विकास गरिनेछ । (३)
७. स्वरोजगारमूलक उद्योग तथा व्यवसाय स्थापनागर्न आवश्यक पर्ने पुँजी र सीपमूलकतालिमउपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।(३)
८. सहकारी क्षेत्रको क्षमताविकास तथा विस्तार गर्ने कार्यक्रम संचालन गरिनेछ । (४)
९. सहकारी संघसंस्थाहरुको स्वनियमन तथा प्रभावकारी रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको विकास गर्ने । (४)
१०. आधुनिक सूचना प्रविधिको मार्फत सहकारी क्षेत्रको नियमन गरी प्रादेशिक एवं स्थानिय अन्तर सम्बन्धका साथै सामाजिक एवं वित्तियअन्तर सम्बन्ध कायम गरिनेछ ।(४)
११. सहकारी संस्थाहरुको सुदृढीकरण गरि सवल र सशक्त तुल्याउन सहकारी संस्थाहरुको एकिकरण कार्यलाई प्रोत्साहित गरिनेछ । (४)

## ३.५.८. अपेक्षित उपलब्धि

प्रदेशमा सहकारी क्षेत्रको नीति, कानून,योजना,कार्यक्रमएवं संगठन संरचनातयार भएको हुनेछ। सहकारी संघसंस्थामा महिला, विपन्न र बञ्चितीकरणमा परेका वर्ग समुदायको पहुँच अभिवृद्धि भई सामाजिक समावेशीकरण एवं एकिकरणमा योगदान पुगेको हुनेछ । सहकारी सम्बन्धी क्षमता विकास र प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरुको विस्तार र सहकारी सूचना एवं व्यवस्थापन प्रणाली सुदृढ भई स्वनियमन एवं सुशासन कायम हुनुका साथै सहकारी क्षेत्र उत्पादनिशल एवं स्वरोजगारमूलक क्षेत्रमा परिचालन भई यस क्षेत्रमा रोजगारी सृजना तथा आयआर्जन वृद्धिका माध्यमबाट प्रदेश अर्थतन्त्रमा यस क्षेत्रको योगदान अभिबृद्धि भएको हुनेछ ।

## ३.२ उद्योग, पर्यटन वन तथा वातावरण

### ३.२.१ उद्योग

#### ३.२.१.१ पृष्ठभूमि

आर्थिक विकास र समृद्धिको लागि उद्योग क्षेत्रको अर्थतन्त्रमा महत्वपुर्ण योगदान रहन्छ । अन्य प्रदेशको तुलनामा यस क्षेत्रमा औद्योगिक क्षेत्रको विकास र औद्योगिकरण कम भएको र राष्ट्रिय अर्थतन्त्रमा यस क्षेत्रको योगदान कमजोर रहेको छ । दुई ठुला अर्थतन्त्रको अन्तराष्ट्रिय सम्पर्कका लागि विकास गरिएका सडक संजाल, नेपाल राज्यको विचमा पर्ने भूभाग, देशको राजधानीको प्रदेश राजधानी, प्रदेशका अन्य राजधानीसँग सहज र छिटो सम्बन्ध गर्न सक्ने राजधानी र यस प्रदेशमा मध्यपहाडी लोकमार्ग रहेको हुनाले पनि यस क्षेत्रमा औद्योगिककरणको सम्भावना र आर्थिक विकासको सम्भावना रहेको छ। प्रदेशको आर्थिक समृद्धिका लागि आर्थिक बृद्धिको इन्जिनको रुपमा रहेको उद्योग क्षेत्रको विकासका लागि प्रदेश स्तरीय र स्थानीय औद्योगिक क्षेत्रको विकास र सम्भाव्य स्थानीय तहमा औद्योगिक ग्रामको स्थापनाका लागि लगानी केन्द्रित गर्नुपर्ने छ। मर्स्याङ्दी र कालीगण्डकीको उपयुक्त स्थानमा विशेष आर्थिक क्षेत्र र आर्थिक कोरिडोरको विकासका लागि लगानी केन्द्रित गर्नुपर्नेछ। पर्यटन, उर्जा, कृषि र वन तथा वन पैदावारमा आधारित औद्योगिक उत्पादनमा विशेष जोड दिनु पर्ने देखिन्छ ।

व्यापक मात्रामा रोजगारीका अवसरहरुको सिर्जना हुने, उत्पादित वस्तु र सेवाकोमूल्य अभिवृद्धि हुने गरी उत्पादन र उत्पादकत्वमा बृद्धि हुने तुलनात्मक लाभ भएका क्षेत्रको पहिचान गरी आत्मनिर्भर प्रदेशको रुपमा विकास गर्न पनि औद्योगिक क्षेत्रको विकास गर्नु पर्ने छ। पर्यटकीय राजधानीको रुपमा रहेको यस प्रदेशमा उपभोगका लागि आवश्यक पर्ने बस्तु र सेवाको उत्पादन यसै प्रदेशमा गर्नका लागि प्रदेश सरकार, निजी क्षेत्र र सहकारी क्षेत्रको संयुक्त वा एकल प्रयासबाट औद्योगिक क्षेत्रको विकासका लागि लगानीको उपयुक्त वातावरण र लगानीमैत्री पूर्वाधार विकास गर्दै आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने गरी औद्योगिकीकरण गरिनेछ। राष्ट्रिय अर्थतन्त्रमा यस प्रदेशबाट उद्योग क्षेत्रको योगदानलाई बढाइ बढी रहेको व्यापार घाटालाई सुधार ल्याउनका लागि औद्योगिक वातावरण तयार गरिने छ।

##### ३.२.१.१.१ चुनौती

औद्योगिक उत्पादनमा गुणस्तरीयता कायम गर्नु, उच्चमुल्य श्रृंखलाका वस्तु र सेवाको उत्पादन र विकास गर्नु,उद्योगमैत्री श्रम नीति बनाउनु, औद्योगिक क्षेत्रमा पूर्वाधारको विकास बढाउँदै जानु, सञ्चालित उद्योगलाई उत्पादन तथा उत्पादकत्वका दृष्टिले प्रतिस्पर्धी बनाउनु, मौजुदा उद्योगलाई रूग्ण

हुनबाट जोगाउनु, रूग्ण उद्योगलाई पुनर्स्थापना गर्नु, नयाँ प्रविधिको प्रयोग गर्नु र पुराना प्रविधिलाईनयाँ प्रविधिमा आधारित उद्योगमा प्रतिस्थापन गर्नु,औद्योगिक नीतिलाई विश्वव्यापीकरण र आर्थिक उदारीकरणले सृजना गर्दै ल्याएको वातावरणको सामना गर्नु र यस क्षेत्रलाई पनि समाजवाद उन्मुख अर्थतन्त्रको अवयवको रुपमा विकास गर्ने प्रमुख चुनौती रहेको छ।

### ३.२.१.१.२ अवसर

प्रदेश सरकारबाट उद्योगक्षेत्रमा सहजीकरण हुनु, स्वदेशी तथा विदेशी लगानीका लागि अनुकूल वातावरण सिर्जना हुँदै जानु, नेपाल सरकारले सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्ने र मध्यम आय भएको देशमा पुऱ्याउने राष्ट्रिय नीति, स्थीर सरकार, संघीयताको व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय तहका बीचमा कार्य जिम्मेवारी र स्रोतको हस्तान्तरण, सक्रिय जनशक्तिको उपलब्धता, अन्तर सरकारका बिचमा प्रतिस्पर्धा र सन्तुलित विकासको अवधारणा, तिन वटै तहका सरकारबाट भौतिक तथा सामाजिक पूर्वाधार क्षेत्रमा लगानी बृद्धि,गैरआवासीय नेपालीहरूलाई औद्योगिक विकासमा परिचालन गर्ने सम्भावना बढ्नु, श्रम सम्बन्धमा सुधार हुनु, सूचना तथा आधुनिक सञ्चार प्रविधिको विकास, नयाँ भौतिक पूर्वाधार जस्तै पोखरा क्षेत्रिय विमानस्थल निर्माण सुरु हुनु ,कालिगण्डकी कोरिडोरले प्राथमिकता पाउनु,मध्य पहाडी लोकमार्ग जस्ता पूर्वाधार विकासबाट बजारमा पहुँच वृद्दि तथा नियमित विद्युत आपूर्ति हुनु, आत्मनिर्भर अर्थतन्त्रको विकासका लागि स्वदेशी उत्पादन र उत्पादकत्वमा वृद्धि हुन सक्ने सम्भावनाले औद्योगिक विकासका लागि अवसर रहेका छन् ।

### ३.२.१.३ सोच

अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदानमा वृद्धि गरी आर्थिक रूपान्तरण र आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्ने ।

### ३.२.१.४लक्ष्य

औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा उत्पादनशील रोजगारीमा वृद्धि, आयात प्रतिस्थापन र निर्यात प्रबर्द्धन गरी प्रादेशिक तथा राष्ट्रिय अर्थतन्त्रमाउद्योग क्षेत्रको योगदान बढाउने ।

### ३.२.१. ५उद्देश्य

- उद्योग क्षेत्रको उत्पादन वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान बढाउनु।
- औद्योगिक क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी वृद्धि गरी रोजगारीका अवसर सृजना गर्नु ।
- औद्योगिक वस्तुहरूको अन्तरप्रदेश तथा बाह्य मुलुकमा निर्यात वृद्धि गरी व्यापार घाटामा सुधार ल्याई भुक्तानी सन्तुलन अनुकूल बनाउदै राष्ट्रिय अर्थतन्त्रमा सघाउनु।

### ३.२.१.६रणनीति

१. लगानीमैत्री वातावरण सिर्जना गर्न आवश्यक नीतिगत, कानुनी, संस्थागत र प्रक्रियामा सुधार गर्ने।

२. औद्योगिक वातावरणका लागि पूर्वाधारनिर्माणमा जोड दिने।

३. तथ्यमा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी गुणस्तरयुक्त एवम् प्रतिस्पर्धात्मक औद्योगिक वस्तुको उत्पादन र निर्यातलाई बढावा दिने ।

४. स्थानीय स्रोत एवम् सीपको उपयोग गरी लघु, घरेलु, साना तथा मझौला उद्योगकोस्थापना र सञ्चालनलाई प्रोत्साहन गर्ने।

५. पर्यटन क्षेत्रका लागि उपयोगि हुने औद्योगिक उत्पादनको प्रवर्द्धन गर्ने ।

### ३.२.१.७ कार्यनीति

१. सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता, स्वतन्त्र विकास र परिपूरक भूमिकामार्फत अर्थतन्त्रलाई सुदृढ गरिनेछ । (१)

२. सामाजिक उत्तरदायित्व सहितको कुशल, प्रतिस्पर्धी निजी क्षेत्रको प्रबर्द्धनको लागि प्रदेश सरकारले सहजकर्ताको भूमिका निर्वाह गर्नेछ । (१)

३. आर्थिक बृद्धि, पूर्वाधार निर्माणमा सहयात्री, रोजगारी सिर्जना र राजश्वमा योगदान तथा पर्यटन प्रवर्द्धन गर्ने मुख्य संवाहकको रुपमा निजी क्षेत्रलाई औद्योगिकीकरणका लागि प्रोत्साहित गरिनेछ । (१)

४. श्रममूलक, निर्यातजन्य र आयात व्यवस्थापन हुने लगानीलाई प्राथमिकता दिइनेछ ।(१)

५. स्थानीय सीप, प्रविधि र कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योगलाई प्रबर्द्धनगर्ने नीति अबलम्बन गरिनेछ ।(१)

६. प्रादेशिक औद्योगिक व्यवसाय नीति तथा कानुन तर्जुमा गरि लागु गरिनेछ । (१)

७. औद्योगिक क्षेत्रमा र पूर्वाधार निर्माण तथा सञ्चालनमा स्वदेशी तथा विदेशी लगानीकर्तालाई आकर्षित गर्न उद्योग दर्ता देखि बहिर्गमनसम्मको प्रक्रियालाई सरलीकरण गर्न एकल विन्दु सेवाको व्यवस्था मिलाईनेछ ।(१)

८. व्यावसायिक लागत घटाउन उद्योग तथा कम्पनीप्रशासनमा सूचना प्रविधिको उपयोग गरिनेछ।(१)

९. उद्योग क्षेत्रको प्रोत्साहन तथा औद्योगिक प्रबर्द्धनको लागि संघसँगको सहकार्यमा प्रदेशमा आधुनिक औद्योगिक क्षेत्र र स्थानिय तहसंगको सहकार्यमा एक स्थानीय तह एक उद्योगग्राम क्रमशः स्थापना गरिनेछ। (२)

१०. औद्योगिक क्षेत्रमा आवश्यक भौतिक पूर्वाधारको विकास तथा औद्योगिक क्षेत्र व्यवस्थापनमा सुधार ल्याइनेछ ।(२)

११. कालीगण्डकी र मर्स्याङ्गदी कोरिडोरमा नेपाल सरकारसँगको समन्वयमा बिशेष आर्थिक क्षेत्र र आर्थिक कोरिडोरको निर्माणको पूर्वाधार तयार गरिनेछ। (२)

१२. निर्यातमूलक उद्योग, प्राथमिकता प्राप्त उद्योग र ग्रामीण स्थानमा स्थापना हुने उद्योगलाई प्रोत्साहन स्वरूप उर्जा र सडक पूर्वाधारको निर्माण गरिनेछ।(२)

१३. परम्परागत सीप तथा प्रविधिको संरक्षण र विकास गरी प्रदेशमाएक हस्तकला ग्राम स्थापना गरिनेछ। (२)

१४. तथ्यमा आधारित भई खानीजन्य वस्तुको अनुसन्धान, अन्वेषण र उत्खननको कार्य अघि बढाइनेछ । (३)

१५. प्रदेशमा उपलब्ध बहुमूल्य जडीबुटीबाट अधिकतम फाइदा लिन जडीबुटी प्रशोधन तथाजडीबुटीमा आधारित औषधीजन्य वस्तुको उत्पादन र निकासीमा विशेष जोड दिइनेछ।(३)

१६. औद्योगिक उत्पादनको राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा माग र पहुँचका लागि अध्ययन अनुसन्धान गरिने छ।(३)

१७. स्थानीय स्रोत एवम् सीपको उपयोग गरी लघु, घरेलु, साना तथा मझौला उद्योगकोस्थापना र सञ्चालनलाई प्रोत्साहन गरिनेछ ।

१८. तुलनात्मक लाभ भएका स्वदेशी उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थको आपूर्ति सुनिश्चितता गर्न प्रवर्द्धनात्मक क्रियाकलापमा प्रोत्साहन गरिनेछ। (४)

१९. स्थानीय र प्रदेशको उत्पादनको उपभोगमा प्रोत्साहन गरिनेछ। (४)

२०. प्रदेश र स्थानीय सरकारको समन्वयमा स्थानीय उत्पादन विक्री, रोजगारी सिर्जना गर्ने गरि लघु, घरेलु, साना तथा मझौला उद्योगको प्रबर्द्धनका लागि उद्यमशीलता विकास र आबस्यक पुजीगत अनुदान दिन युवा लक्षित चुनौती कोषबाट प्रोत्साहित गरिनेछ। (४)

२१. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई प्राथमिकता दिईनेछ। (४)

२२. लक्षित विपन्न तथा गरिब समूहलाई घरेलु तथा साना‌उद्योगमार्फत रोजगारी सिर्जना गरिनेछ।(४)

### ३.२.१.८अपेक्षित उपलब्धि

औद्योगिक उत्पादनको वृद्दिबाट प्रदेश अर्थतन्त्र आत्मनिर्भर बन्नेछ। स्वदेशमा नै रोजगारी र स्वरोजगारीका पर्याप्त अवसर सिर्जना हुनेछ। लगानी मैत्री वातावरणका माध्यमबाट प्रादेशिक र राष्ट्रिय अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदानमा उल्लेखनीय बृद्धि हुनेछ।

## ३.२.२ वाणिज्य

### ३.२.२.१ पृष्ठभूमि

स्थानीय तह देखि नै आत्मनिर्भर अर्थतन्त्रको जग बसाल्न र तीव्र, दिगो र समावेशी आर्थिक बृद्धिका लागि तुलनात्मक लाभ भएका वस्तु तथा सेवाको निर्यात व्यापारमा विस्तार र विविधिकरण गर्न व्यापारमा सहजीकरण गर्नु पर्ने हुन्छ। यसका साथै अन्तर प्रदेश व्यापारमा समेत सहजीकरणका माध्यमबाट प्रदेशको अर्थतन्त्रलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा एकीकरण गर्नु पर्ने हुन्छ।

नेपालले अबलम्बन गर्दैं आएको आर्थिक उदारीकरण र बजारोंमुख बाणिज्य नीतिबाट अपेक्षित लाभ लिन सकिरहेको छैन।निरन्तर रुपमा बढ्दो आयातमा आधारित अर्थतन्त्रका कारण आत्मनिर्भर अर्थतन्त्रको निर्माण हुन नसक्दा उच्च व्यापार घाटा र चालु खातामा प्रभाव पर्ने हुँदा भुक्तानी सन्तुलनलाई सकारात्मक बनाउन प्रदेशका उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा निर्यात प्रवर्द्धन गर्नु पर्ने हुन्छ। सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र साझेदारीमार्फत आयात व्यवस्थापनएवम् निर्यात प्रबर्द्धनगर्दै वस्तु तथा सेवाकोविकास र विस्तार कार्यलाई अघि सार्नुपर्ने देखिन्छ ।

### ३.२.२.२ चुनौती

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पहुँच,निर्यात हुने वस्तु तथा सेवाको गुणस्तर परीक्षण, प्रमाणीकरण, लेबलिङ र प्याकेजिङसम्बन्धी क्षमता अभिवृद्धि गर्नु, औद्योगिक क्षेत्र पूर्ण रूपमा सञ्चालनमा ल्याउनु, मागअनुरूप पर्याप्त मात्रामा ऊर्जा उपलब्ध गराउनु एवम् कमजोर औद्योगिक वातावरण र श्रम सम्बन्धजस्ता विषयको सम्बोधन गर्नु, आत्मनिर्भर हुनसक्ने कृषिजन्य उत्पादनको बृद्धि गरी आयातमा भएको वृद्धि निरुत्साहित गर्नु, बजारको पहुँच तथा स्थानिय बजारको नियमन गर्नु, विचौलियाको नियमन गर्नु, वाणिज्य क्षेत्रका प्रमुख चुनौती हुन्।

### ३.२.२.३ अवसर

विश्व व्यापार प्रणालीबाट सृजित अवसरहरूको उपयोगका लागि प्रादेशिक नीति तथा रणनीति तयार गरी त्यसको कार्यान्वयनबाट निर्यात प्रवर्द्धन गर्ने, छिमेकी मुलुकको विस्तार भै रहेको आर्थिक कृयाकलापबाट प्रदेशले लाभ लिन सक्ने, विश्व व्यापारमा आबद्धताले क्षेत्रीय र अन्तर्राष्ट्रिय व्यापारमा अन्तरसम्बन्ध बढदै जानु, बाह्य व्यापार प्रवर्द्धनका लागि छिमेकी मुलुकसँग गरिएको व्यापार तथा लगानी सम्झौताबाट प्रत्यक्ष वैदेशिक लगानीको सम्भावना बढ्नु, क्षेत्रिय विमानस्थल निर्माणको चरणमा हुनु र यस प्रदेशको आर्थिक बृद्धिको सम्वाहकको रुपमा रहेको कृषि, वन पैदावर, पर्यटन र ऊर्जा क्षेत्रको विकासबाट वाणिज्य क्षेत्रमा थप अवसर सृजना हुन जाने देखिन्छ।

### ३.२.२.४ सोच

नेपाली वस्तु र सेवाको उत्पादन र विविधिकरण गरी निकासी प्रवर्द्धन र आयात व्यवस्थापन मार्फत आर्थिक समृद्धि हासिल गर्ने।

### ३.२.२.५लक्ष्य

आन्तरिक तथा निर्यात व्यापार प्रबर्द्धन र वाणिज्य क्षेत्रको विस्तार गरी प्रदेशको उच्च व्यापार घाटा कम गर्ने।

### ३.२.२.६उद्देश्य

- तुलनात्मक लाभका वस्तु तथा सेवाको मूल्य र गुणस्तरलाई प्रतिस्पर्धी बनाई व्यापार घाटा कमगर्नु ।
- आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापार प्रबर्द्धनगर्दै स्थानीय कच्चा पदार्थ, स्रोत, साधन रसीप बढी प्रयोग हुने वस्तु र सेवाको निकासी प्रबर्द्धनमार्फत प्राप्त हुने लाभलाई स्थानीय तहसम्म विस्तारगर्नु ।

### ३.२.२.७रणनीति

१. नेपाल व्यापार एकीकृत रणनीतिले पहिचान गरेका निर्यात हुने वस्तु तथासेवाको उत्पादकत्वमा वृद्धि गर्न उत्पादनशील आयात, मूल्य अभिवृद्धि र मूल्य श्रृङ्खलाव्यवस्थापनमा जोड दिँदै निर्यात प्रबर्द्धनका लागि नीति निर्माण गर्ने ।
२. निर्यात व्यापारका लागि पहिचान गरिएका वस्तु तथा सेवाको व्यापारप्रवर्द्धन तथा विविधीकरण गर्ने ।
३. वाणिज्य क्षेत्रलाई अर्थतन्त्रको प्रमुख सम्वाहकको रूपमा स्थापित गर्न विदेशी एवम् स्वदेशी लगानीलाई सहजीकरण गर्ने ।
४. वाणिज्य सम्बद्ध संरचना र पूर्वाधारको क्षमता अभिवृद्धि तथासुदृढीकरण गर्ने।
५. उत्पादित वस्तु तथा सेवाको गुणस्तर परिक्षण, नियमन तथा विचौलियाको नियमन गर्ने ।

### ३.२.२.८कार्यनीति

१. प्रादेशिक वाणिज्य नीति तथा रणनीतिका माध्यमबाट निर्यात प्रबर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधिकरण एवं विस्तार गरिनेछ। (१)
२. अन्तर्राष्ट्रिय बजारमा उच्च मूल्य र कम आयतन भएकावस्तु र सेवाहरूको निकासी बढाउन नीजि क्षेत्रलाई प्रोत्साहित गरिने छ।(१)

३. निर्यातयोग्य वस्तु तथा सेवाको उत्पादन र विकासमा स्थानीय श्रम, सीप र प्रविधिको उपयोगलाई प्रोत्साहन तथा प्रवर्द्धन गरिनेछ । (२)
४. परम्परागत सीप र कौशल भएका वस्तु तथा सेवाको उत्पादनलाई संरक्षण प्रबर्द्धनर व्यावसायीकरण गरिनेछ ।(२)
५. निर्यातमूलक, आयात व्यवस्थापन र रोजगारी सृजना हुने प्रत्यक्ष वैदेशिक लगानीलाई प्रोत्साहन गरिनेछ । (३)
६. साना र ठूला निर्यातजन्य उद्योगहरूबीच वस्तुहरुको अन्तरसम्बन्ध हुने वस्तुको उत्पादनको लागि उपयुक्त वातावरण सिर्जना गरिनेछ। (३)
७. उत्पादित वस्तुहरूमा अन्तर्राष्ट्रिय मापदण्डअनुसारको गुणस्तर सुनिश्चित गर्न गुणस्तरप्रयोगशालाको स्थापना र विकास गरिनेछ ।(४)
८. निजी क्षेत्रको प्रतिस्पर्धी क्षमता अभिवृद्धिका लागि निजी क्षेत्रसँगको साझेदारीमा वस्तुको उत्पादन,गुणस्तर सुधार र निर्यात प्रवर्द्धन गरिनेछ ।(४)
९. व्यावसायिक योजनाको आधारमा मूल्य श्रृङ्खलाकायम गर्ने वस्तुको उत्पादन गर्नका लागि लागत साझेदारीमा आवश्यक उपकरण,बजार प्रबर्द्धनर ब्यापार सहजीकरण गरिनेछ।(४)
१०. निकासीजन्य उद्योगहरूलाई उत्पादनमूलक अन्य क्षेत्रहरू (कृषि, वन, पर्यटन, सडक, ऊर्जा आदि)सँग संयोजन गरी निकासी प्रबर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ । (४)
११. वित्तीय स्रोत तथा साधन र सूचनाप्रविधिमा उत्पादक, उद्यमीतथा ब्यापारीको पहुँच बढाइनेछ।(४)
१२. प्रतिस्पर्धा प्रबर्द्धनसम्बन्धी कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन एवम् अनुगमन गरीआन्तरिक व्यापार र आपूर्ति व्यवस्थालाई सहज र प्रभावकारी तुल्याइनेछ। (४)
१३. आन्तरिक बजार तथा वस्तु र सेवाको बजारीकरणको संरचना र क्षमता अभिवृद्धि गरिनेछ। (४)
१४. प्रदेशभित्र उत्पादित वस्तु तथा सेवाको वौद्धिक सम्पत्ति सम्वन्धी अधिकार सुनिश्चित गर्न सहकार्य गरिनेछ ।(४)

### ३.२.२.९अपेक्षित उपलब्धि

प्रदेशभित्र आन्तरिक उत्पादन बढ्ने निकासी बढ्ने र प्रदेशको कुल ग्रास्थ आयमा वृद्दि तथा आयात निर्यातको अनुपातमा सुधार भएको हुनेछ।

## ३.२.३ आपूर्ति

### ३.२.३.१ पृष्ठभूमि

प्रदेशभित्र आवश्यक वस्तु एवम् सेवा, खाद्यान्नको व्यवस्था,स्वास्थ्य उपचारका लागि आवश्यक औषधी, सामग्री र पेट्रोलियम पदार्थ आदि सहज, सुलभ र उचितमूल्यमा उपभोक्ताले पाउने व्यवस्था गर्नुपर्ने हुन्छ । सरकारले एकातिर प्रतिस्पर्धी र स्वस्थबजार संयन्त्रमार्फत आपूर्ति व्यवस्थापन गर्नुपर्ने हुन्छ भने अर्कोतिर सामाजिक न्याय र राज्यको दायित्व पूरागर्ने क्रममा आर्थिक रूपले कमजोर वर्गका जनतालाई अत्यावश्यक उपभोग्य वस्तुमा सहज पहुँचकोवातावरण निर्माण गर्नुपर्दछ । यसका साथै उपभोक्ताको हकहितको संरक्षण र प्रबर्द्धनगर्दै वस्तु तथासेवाको नियमित आपूर्ति गर्नु सरकारको महत्वपूर्ण जिम्मेवारी हो । आपूर्ति व्यवस्थापनमा सुधार ल्याउनखाद्यान्न र नुन ढुवानीमा अनुदानको व्यवस्था, खाद्यान्नजस्ता अत्यावश्यक वस्तुहरूको सञ्चयका लागिआवश्यक क्षमताको गोदामको व्यवस्था, सडक सञ्जालको विस्तार, हवाई सेवाको विस्तार, बजारअनुगमनको व्यवस्था, द्विपक्षीय र बहुपक्षीय व्यापार सम्झौता, निजी क्षेत्रसँग सहकार्य, र उपभोक्ता हित संरक्षणका बिबिध कार्यक्रमहरु कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

बजारमा कृत्रिम अभाव, कालाबजारी चक्र तथा एकाधिकार प्रणाली (सिण्डिकेट), मिलोमतोपूर्ण भाउ निर्धारण(कार्टेलिङ्ग) तथा बजार प्रवेशमा अवरोध जस्ता गैर प्रतिस्पर्धी क्रियाकलाप गरी वस्तु तथा सेवाको सहज आपूर्ति हुन नदिई मूल्य वृद्धि गर्ने, खाद्य तथा पेय पदार्थमा मिसावट गर्ने, गुणस्तरहीन वस्तुको बिक्री वितरण गर्ने र औषधी, खाद्यान्न जस्ता अत्यावश्यक वस्तुको सहज र निरन्तर आपूर्तिमा व्यवधान उत्पन्न गर्ने प्रवृतिलाई नियन्त्रणगर्दै वस्तु तथा सेवाको आपूर्तिलाई व्यवश्थित गर्दैलानु पर्ने देखिन्छ ।

### ३.२.३.२ चुनौती

बजारको नियमित र प्रभावकारी अनुगमन गरी स्वच्छ, प्रतिस्पर्धी र सक्षम बजार संयन्त्रमार्फत आपूर्ति व्यवस्था सहज बनाई उपभोक्ताको हकहित संरक्षण गर्नु, खाद्यान्नको उत्पादनमा आएको कमी र उच्च मूल्य वृद्धिका सन्दर्भमा खाद्य वस्तुको सहज आपूर्ति बनाइराख्नु र प्रदेशस्तरमा खाद्य सुरक्षाको प्रत्याभूति गराइराख्नु आपूर्तिका मुख्य चुनौती हुन् । त्यस्तै सरकारी, निजी, सामुदायिक र अन्तरमन्त्रालय समन्वयमा अपेक्षाअनुरूप आधारभूत उपभोग्य वस्तु तथा सेवाको आपूर्ति प्रणाली सुदृढ र प्रभावकारी बनाउनु, पेट्रोलियम पदार्थको मूल्यमा आउने उतारचढाव, मुद्रास्फीति लगायतका कारणले इन्धन आपूर्तिमा कठिनाइ उत्पन्न हुनु, व्यावसायिक र वैज्ञानिक कृषि प्रणाली अपनाउन नसक्नु यस क्षेत्रका अन्य चुनौती हुन् ।

### ३.२.३.३ अवसर

स्थानीय स्तरमा उत्पादन र उत्पादकत्व बढाई जनतालाई खाद्यान्नमा आत्मनिर्भर बनाउन सकिने, दुर्गम क्षेत्रमा स्थानीय उत्पादन उपभोग गर्ने बानी बसाली खाद्यान्न परनिर्भरतालाई क्रमशः कम गर्दै लैजान आहार परिवर्तनसम्बन्धी ठोस कार्यक्रम सञ्चालन गर्न सकिने, पेट्रोलियम पदार्थको आयातको स्रोत र वितरण प्रणाली विविधीकृत गर्न सकिने, जलविद्युत् तथा अन्य वैकल्पिक ऊर्जाको उत्पादन वृद्धिबाट पेट्रोलियमको आयात घटाउन सकिने, वैज्ञानिक कृषि प्रणालीको अवलम्बन गरी उत्पादन बढाउन सकिने विद्यमान सम्भावनाहरू यस क्षेत्रका अवसर हुन् ।

### ३.२.३.४ सोच

गुणस्तरयुक्त उपभोग्य वस्तु तथा सेवाको सहज र सर्वसुलभ आपूर्ति हुने वातावरणको सुनिश्चिततासहित उपभोक्ताको हक र हितको संरक्षण ।

### ३.२.३.५लक्ष्य

गुणस्तरयुक्त उपभोग्य वस्तु तथा सेवा सर्वसुलभ ढङ्गले वितरणको व्यवस्था मिलाई उपभोक्ताको हक र हितको संरक्षण गर्ने ।

### ३.२.३.६उद्देश्य

१. उपभोक्ताको हकहित संरक्षण गर्नु ।
२. दैनिक उपभोग्य वस्तु तथा सेवा नियमित र सहज रूपमाआपूर्ति हुने व्यवस्था मिलाउनु ।
३. बजार प्रणालीलाई प्रतिस्पर्धी र उपभोक्ताप्रति जिम्मेवार तुल्याउँदै विपद्को समयमा समेतउपभोग्य वस्तुको आपूर्ति हुने व्यवस्था सुनिश्चित गर्नु ।
४. आपूर्ति व्यवस्थालाईगुणस्तरीय र प्रभावकारी बनाउनु ।

### ३.२.३.७रणनीति

१. प्रदेशको आपूर्ति व्यवस्थालाई सहज र व्यवस्थित बनाई आधारभूतवस्तु र सेवाको कम लागतमा आपूर्ति व्यवस्थापन गर्न नीतिगत तथा संरचनागत सुधार गर्ने ।
२. दैनिक उपभोग्य वस्तु तथा सेवालाई सुलभ बनाउन मापदण्ड र कार्यविधि तयार गरी नियमित बजार अनुगमनर नियमन गर्ने ।
३. वस्तु तथा सेवाको सहज एवम् मितव्ययी आपूर्तिको लागि सरकारी, निजी, सामुदायिक रसहकारी संस्थाहरूबीच साझेदारी र प्रभावकारी समन्वय गर्ने ।
४. विपद्को समयमा पनि वस्तु तथा सेवाको आपूर्ति सहज बनाउन संस्थागत क्षमता विकास रविस्तार गर्ने तथा भण्डारण क्षमता वृद्धि गर्ने ।

### ३.२.३.८कार्यनीति

१. प्रदेशको आपूर्ति र वितरण व्यवस्थालाई विविधीकरण गर्न आवश्यक कानुनी रसंस्थागत संरचनाको विकास गरिनेछ । (१)
२. उपभोक्ता हकहित संरक्षणका लागि उच्च न्यायलयसंग समन्वय गरिनेछ। (१)
३. बजार अनुगमन सघन एवम् नियमित बनाउँदै सूचना प्रविधिको प्रयोग बढाई कालोबजारीनियन्त्रणका लागि आवश्यक कानुनी, संस्थागत तथा प्रक्रियागत सुधार गरिनेछ । (१)
४. उपभोक्ता जागरण तथा सशक्तीकरण कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ । (२)
५. प्रतिस्पर्धा प्रवद्र्धन तथा उपभोक्ता हित संरक्षणसम्बन्धी कानुनी व्यवस्थाको प्रभावकारीकार्यान्वयन एवम् अनुगमन गरी आन्तरिक व्यापार र आपूर्ति व्यवस्थालाई सहज र प्रभावकारी तुल्याइनेछ ।(२)
६. प्रदेशमा अत्यावश्यक सेवा तथा वस्तु सहज, सुलभ र नियमीत रुपमा उपलब्घ गराउन सार्वजनिक, नीजि तथा सहकारी क्षेत्रलाई सहभागी गराउदै उपभोक्ता हक, अधिकार संरक्षण तथा प्रर्बद्धन गरिनेछ ।(३)
७. आपूर्ति व्यवस्थापनसँग सम्बन्धित निकायहरूलाई स्थानीय तहसंग समन्वय गरी सबल,प्रभावकारी र उत्तरदायी बनाइनेछ । (३)
८. खाद्यान्न, पेट्रोलियम पदार्थ, औषधीलगायतका आधारभूत आवश्यकताका वस्तुहरूको उत्पादन,भण्डारण र वितरण क्षमता अभिवृद्धि गरी आपूर्ति व्यवस्था सहज एवम् सुलभ तुल्याइनेछ । (४)
९. खाद्यान्न, औषधी र पेट्रोलियम पदार्थको सङ्कटकालीन मौज्दात कायम गरिनुका साथै यस्तावस्तुहरूको भण्डारण क्षमता बढाउँदै लगिनेछ । (४)

### ३.२.३.९अपेक्षित उपलब्धि

यस प्रदेशमा प्रत्येक उपभोक्तालाई अत्याबस्यक वस्तु वा सेवा कुनै अबरोध बिना स्वस्थ प्रतिस्पर्धाका आधारमा पर्याप्त, सहज, र गुणस्तरीय रुपमा उपलब्ध भएको हुनेछ। उपभोक्ता जागरुक र सशक्त हुने, प्रदेशमा उत्पन्न हुने संकटकालिन अबस्थाका लागि बफर स्टकको व्यवस्था भएको हुनेछ।

## ३.२.४ पर्यटन

### ३.२.४.१ पृष्ठभूमि

प्राकृतिक, साँस्कृतिक, साहसिक, ऐतिहासिक तथा धार्मिक दृष्टिकोणबाट नेपाल विश्वकै एक प्रमुखपर्यटकीय गन्तव्य देशको रुपमा परिचित छ । नेपालभित्र पनि विंशेषगरी प्रदेश नं ४ पर्यटकीय गन्तव्यको रुपमा रहदै आएको छ ।यस प्रदेशमा आउने पर्यटकको संख्या यकिन नभएता पनि नेपाल आउने बिदेशी पर्यटक मध्ये करिब ४० प्रतिशत पर्यटक उस प्रदेशमा आउने अनुमान छ । आन्तरिक पर्यटक तथा छिमेकी मुलुकका पर्यटक लक्षित कार्यक्रममार्फत यस प्रदेशमा पर्यटन आगमनमावृद्धि हुने राम्रो सम्भावना रहेको छ ।

पर्यटकीय गन्तव्यहरूको विविधीकरण गर्दै नयाँ पर्यटकीय स्थल,वस्तु तथा सेवाहरूको पहिचान, विकास तथा पर्यटकीय पूर्वाधारहरूको विकास गरी पर्यटन उद्योगलाई यस प्रदेशकोअर्थतन्त्रको एक प्रमुख आधारको रूपमा लिएको छ । प्रदेश सरकारको प्रमुख प्राथमिकतामा परेको यस पर्यटन क्षेत्रको दिगो विकास तथा प्रवर्द्धनका माध्यमाबाट  व्याप्त गरिबी, बेरोजगारी र वातावरण असन्तुलनलाइ न्युनिकरण गर्दै जनताको आर्थिकस्तरमा थप सुधारका साथै प्रदेशको सम्वद्दिमा योगदान पुर्याउनु पर्ने देखिन्छ ।

प्राकृतिक, संस्कृतिक र भौगर्भिक महत्वको प्रदेश भएकोले यस  प्रदेशमा वन्ने सवै खालका पुर्वाधार, उद्योग, सेवा व्यवसाय पर्यटनमैत्रि हुनुपर्ने देखिन्छ । निजि क्षेत्रको महत्वपूर्ण भुमिका रहने यस क्षेत्रमा स्वदेशी तथा विदेशी लगानीलाई प्रोत्साहन गर्दै लगानीमैत्री वातावरणको निर्माण गर्नु अत्यावश्यक भएको छ ।

### ३.२.४.२ चुनौती

विगत २०७२ को महाभूकम्प र नाकाबन्दी भई अन्तर्राष्ट्रिय जगतमा नेपालको पर्यटन क्षेत्रमा परेको नकारात्मक प्रभावलाई प्रवद्र्धन तथा बजारीकरणका माध्यमबाट निराकरण गर्दै यस प्रदेशको पर्यटन क्षेत्रमा परेको असरल पर्यटन क्षेत्रमा भएका राहसलाई क्षेत्रको पुनरूत्थान गर्नु, प्राचीन सम्पदाहरूमा बढ्दो अतिक्रमणलाई रोक्नु, पर्याप्त पर्यटकीय सूचनाको व्यवस्था गर्नु, पर्यटकलाइ उपयुक्त र पर्याप्त होटल, होमस्टे अन्य सुविधा उपलब्ध गराउनु, हवाई सेवालाई थप भरपर्दो बनाउनु, विकासबाट सिर्जना हुने अवसरहरु उपयोग गरी पर्यटकहरुको संरक्षण गर्नु, पर्यटकको बसाई अवधि र पर्यटकले गर्ने खर्चमा वृद्दि गर्नु,पर्यटन क्षेत्रबाट प्राप्त लाभको न्यायोचित वितरण तथा नयाँ पर्यटकीय गन्तव्य स्थलहरूको खोजीसँगै पूर्वाधार विकासमार्फत पर्यटकीय उपजको विकास गरी पर्यटकीय सेवा तथा गन्तव्यको विविधीकरण गर्नु समेत चुनौतीका रूपमा रहेका छन् ।

### ३.२.४.३ अवसर

प्रदेशमा अद्वितीय पर्यटकीय क्षेत्र रहनु, पर्यटकीय क्षेत्रमा पूर्वाधार विकास हुँदै जानु, छिमेकी राष्ट्रहरूको उच्च आर्थिक वृद्धिबाट ती राष्ट्रहरूमा मध्यम आयवर्गको वृद्धि तीव्र हुँदै जानु, पर्यटन पूर्वाधार वृद्धिमा सरकारको जोड रहनु र निजी क्षेत्रको पर्यटन क्षेत्रमा लगानी वृद्धि हुनु,आधुनिक सूचना प्रविधिको उपयोग गरी व्यापक बजारीकरण गर्नु यस क्षेत्रको विकासका अवसरका रूपमा रहेका छन् ।

### ३.२.४.४ सोच

आर्थिक समृद्धिका लागि पर्यटन विकास ।

### ३.२.४.५लक्ष्य

पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक वृद्धि र रोजगारीका अवसर अभिवृद्धि गरि प्रादेशिक तथा राष्ट्रिय आयमा पर्यटन क्षेत्रको योगदान बढाउने ।

### ३.२.४.६उद्देश्य

१. प्रदेशलाई आकर्षक, रमणीय र सुरक्षित गन्तव्यको रूपमा विकास गर्दै पर्यटन आगमनमाउल्लेखनीय वृद्धि गरी जनताको आयस्तरमा वृद्धि गर्नु ।
२. पर्यटकीय गन्तव्य स्थल तथा उपजमा विविधीकरण र विकास गर्नु ।
३. प्रदेशका प्रमुख पर्यटकीय उपजहरूको बजारीकरण तथा प्रबर्द्धनगर्नु ।

### ३.२.४.७रणनीति

१. पर्यटनप्रर्वद्धनरपर्यटनविकासगर्नआवश्यक नीति निर्माण गर्दै सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रसँगसाझेदारी एवम् सहकार्य गर्ने ।
२. ग्रामीण पर्यटनमार्फत यस क्षेत्रका लाभलाई जनस्तरसम्म पुर्याउने ।
३. प्रदेशमा सबै मौसममा पर्यटकीय क्रियाकलापहरू सञ्चालनका लागि आन्तरिक तथा बाह्य पर्यटनलाईप्रोत्साहन गर्ने ।
४. स्थापित तथा नयाँ पर्यटकीय गन्तव्य स्थलहरूको एकीकृत र समन्वयात्मक रूपमा पूर्वाधारविकास गर्ने र पर्यटन क्षेत्रको विकास र विविधीकरण गर्न स्वदेशी लगानी र वैदेशिक लगानी आकर्षित गर्ने ।

### ३.२.४.८कार्यनीति

१. पर्यटन पूर्वाधार विकासमा स्थानीय तह, स्थानीय समुदाय तथा निजी क्षेत्रको नेतृत्वदायीभूमिका र सहभागितालाई प्रोत्साहित गरिनेछ ।(१)

२. कृषि पर्यटन, पर्या–पर्यटन तथा खेलकुद पर्यटनलाई प्रबर्द्धनगरी पर्यटन क्षेत्रलाई थप प्रभावकारी बनाइनेछ । (१)

३. पर्यटक आगमनको तथ्यांक संकलन कार्यका लागि आवश्यक ब्यवश्था मिलाइनेछ । (१)

४. प्राकृतिक, सास्कृतिक, एतिहासिक, पुरातात्विक वस्तु तथा स्थलहरुको उचित संरक्षण तथा व्यवस्थापन गरिनेछ । (१)

५. पर्यटन प्रबर्द्धन गर्न नदि नाला, ताल तलैया, सिमसार क्षेत्र, जलाधार क्षेत्र, वन जंगलहरुको संरक्षण गर्दै यी श्रोतहरुको बहुआयामिक उपयोग गरिनेछ । (१)

६. प्रमुख पर्यटकीय क्षेत्रहरूमा विपद् तथा जलवायुजन्य प्रकोपका घटनाहरू पहिचान गर्ने तथाविपद् र जलवायुजन्य जोखिम न्यूनीकरण एवम् पूर्व तयारी योजना तयार गरी कार्यान्वयनगरिनेछ ।(१)

७. ग्रामिण क्षेत्रमा सास्कृतिक र धार्मिक पर्यटनलाई बढावा दिइ ग्रामिण क्षेत्रलाई पर्यटकीय केन्द्रको रुपमा विकास गरिनेछ ।(२)

८. पर्यटन प्रबर्द्धन, पशुपालन, प्राङ्गारिक उत्पादन, जडिबुटि खेती, संकलन र प्रशोधन उद्योगको स्थापना गरी ग्रामीण जीवन पद्धतिको विकास गरी पर्यापर्यटनमा जोड दिईने छ।(२)

९. पोखरालाई नेपालका अन्य प्रमुख शहर र प्रादेशिक राजधानीसँग हवाई मार्गद्वारा जोड्न पहल गरिने छ ।(३)

१०. साहसिक पर्यटनको दिगो विकास गर्न पदयात्रा, जलयात्रा, प्यारागलाइडिङ्ग, पर्वतारोहणलाई थप व्यवस्थित र वातावरणमैत्रीबनाइनेछ ।(३)

११. प्रमुख पर्यटकीय स्थलहरूसम्म सहज पहुँच बनाउन पर्यटन पदमार्गमार्फत एकीकृत पर्यटकीयर मनोरञ्जन स्थल निर्माण तथा सञ्चालनमा निजी क्षेत्रको लगानी प्रोत्साहन गरिनेछ । (४)

१२. पर्यटन क्षेत्रबाट प्राप्त हुने लाभलाई न्यायोचित वितरण गर्नसमेत पर्यटकीय गन्तव्यको विविधीकरण गरिनेछ ।(४)

१३. विदेशी पर्यटक आकर्षित गर्न अन्तर्राष्ट्रिय स्तरको पर्यटन बर्षमनाईने कार्यलाई निरन्तरता दिइनेछ ।(४)

१४. पर्यटकको औसत बसाइ अवधि बढाउन थप नयाँ पर्यटकीयवस्तु तथा सेवाको पहिचान गरिनेछ ।(४)

१५. पर्यटन प्रबर्द्धनगर्न छिमेकी मुलुकहरू तथा नयाँ पर्यटन गन्तव्यहरूको विकास गरि व्यापक रूपमा प्रचार एवम् प्रबर्द्धनगरिनेछ ।(४)

१६. पर्यटकको सेवा सत्कारमा विविधिकरणलाई पर्यटकले गर्ने खर्चमा वृद्दि गर्ने अवश्था सिर्जना गरिनेछ ।(४)

#### ३.२.४.९अपेक्षितप्रतिफल

विदेशी र अन्तरिक पर्यटकको आगमनमा परिणात्मक र गुणात्मक रुपमा वृद्दि भएको, विदेशी पर्यटकहरूको सरदरबसाइ अवधि र प्रति दिनको खर्च बढेको हुनेछ। यस प्रदेश विश्वकै महत्वपुर्ण पर्यटकीय गन्तव्यको रुपमा विकास भएको हुनेछ।

### ३.२.५ वन तथा जलाधार संरक्षणा

#### ३.२.५.१ पृष्ठभूमि

नेपालमा दिगो विकासको लक्ष्य प्राप्तीमा वन क्षेत्रले महत्वपूर्ण भुमिका खेल्दै आएको छ । त्यसैगरी देशभित्र रोजगारीको सिर्जना, आय वृद्धि, स्थानीय समुदायको दैनिक आवश्यकताको आपूर्तिका साथै कृषि, पशुपालन, पर्यटन, उर्जा र सिँचाइमा समेत वन क्षेत्रको उल्लेखनीय भूमिका रहेको छ । नेपालमा वनले ढाकेको क्षेत्र कुल भू–भागको ४४.७४ प्रतिशत पुगेको अवस्थामा प्रदेश नं ४ मा भने वनले ढाकेको क्षेत्र कुल भुभागको ३७ प्रतिशत मात्र रहको छ ।वनले ढाकेको क्षेत्र कम्तिमा ४० प्रतिशत हुनुपर्ने राष्ट्रिय लक्ष्यलाई पछ्याउनु पर्ने अवश्था रहेको छ । जनसहभागितामूलक वन व्यवस्थापनका माध्यमबाट हाल करिब ५००० समुदायमा आधारित वन उपभोक्ता समूह मार्फत वन सम्पदाको, जैविक विविधताको संरक्षणतथा व्यवस्थापन र स्थानीय आर्थिक–सामाजिक विकास भएको छ । यस प्रदेश भित्र पाइने संरक्षित वन्यजन्तु जस्तै बाघ, हिँउचितुवा, चितुवा, कस्तुरी, रातो हाब्रेआदिको संरक्षणका लागि विशेष पहल र प्रयासहरू भइरहेका छन् । नेपालकै प्रथम संरक्षण क्षेत्र तथा नेपालकै सबै भन्दा ठुलो संरक्षित क्षेत्र अन्नपुर्ण संरक्षण क्षेत्र र नेपालको एक मात्र शिकार आरक्ष यही प्रदेशमा रहेका छन् । यो प्रदेश जलश्रोतमा अगाडी छ र धेरै जलबिधुत आयोजनाहरु सम्पन्न हुने क्रममा र केहि आयोजनाहरु शुरु हुने क्रममा छन्। यस परिप्रेक्ष्यमा जलबिधुत उत्पादन हुने नदिहरुको जलाधार संरक्षण महत्वपुर्ण हुन्छ । अधिकांश पहाडी भूभागमा माटो र पानीको संरक्षण गरी दिगो विकास तथा जीविकोपार्जनमा टेवा पुर्याउने एकीकृत जलाधार व्यवस्थापन तथा नदी प्रणालीमा आधारित भू–जलाधार संरक्षण एवम् व्यवस्थापनको कामहरु अघि बढेको छ ।

#### ३.२.५.२ चुनौती

आम जनतामा वनबाट प्राप्त हुने वस्तु तथा सेवाहरूमा सहज पहुँच पुर्‍याउनु, वन अतिक्रमण तथावन डढेलो नियन्त्रण गर्नु, स्थानीय जनताको क्षमता वृद्धि गर्नु तथा मुलुकको भौतिक एवम् आर्थिक–सामाजिक विकास र वन संरक्षण कार्यका बीच उत्पन्न हुने द्वन्द्व व्यवस्थापन गर्नु यस क्षेत्रका चुनौती

रहेका छन् । त्यसैगरी वन, वन्यजन्तु तथा जैविक विविधता सम्वन्धी अन्तर्राष्ट्रिय सन्धि–सम्झौतामा नेपालको प्रतिवद्धता अनुसार कार्य गर्नु, वन फँडानीबाट हुने जलवायु परिवर्तन न्यूनीकरण, विपद् जोखिम न्यूनीकरण, वाह्य मिचाहा प्रजाति नियन्त्रण र वन तथा वनमा आश्रित समुदायका लागि दिगो अनुकूलनका कार्यक्रम सञ्चालन गर्नु थप चुनौतीहरू हुन् ।

### ३.२.५.३ अवसर

वनले ओगटेको भूभाग वृद्धि हुँदै जानु, वनको दिगो र वैज्ञानिक व्यवस्थापनबाट काष्ठ तथा गैरकाष्ठ वन पैदावारको व्यावसायिक उत्पादन र वितरण हुने अवस्था बन्नु, विश्व उष्णीकरण र जलवायु परिवर्तनको दरलाई न्यूनीकरण गर्न वनको अहम् भूमिका हुने भएकोले वन संरक्षण र विकासबाट कार्बन संरक्षण र सञ्चिति हुनु, वन तथा जैविक विविधता संरक्षणबाट पर्यापर्यटनलाई संस्थागत र विकास गर्नु, जलाधार क्षेत्रको दिगो व्यवस्थापनद्वारा भूक्षय नियन्त्रण गर्दै जलस्रोत अभिवृद्धि गर्नु र कृषि विकासमा टेवा पु¥याउनु जस्ता अवसरहरू वन क्षेत्रमा रहेका छन् । जैविक तथा हरित वस्तुहरूको स्वदेश तथा विदेशमा माग बढ्दै गएकाले वनजन्य स्रोतमा आधारित व्यवसायहरूबाट हरित रोजगारीको सृजना हुनसक्ने र पारिस्थितिक सेवाको माग बढ्ने सम्भावना देखिन्छ ।

### ३.२.५.४ सोच

सघन तथा विविधतायुक्त वनस्रोत, विशिष्टीकृत जैविक विविधता, समृद्ध जलाधार र उद्यमशीलतायुक्त वन क्षेत्र ।

### ३.२.५.५लक्ष्य

वन, वनस्पति, जडीबुटी, वन्यजन्तु, जैविक विविधता र जलाधारको समुचित संरक्षण, सम्बर्धन, व्यवसायीकरण र सदुपयोगद्वारा रोजगारीको सिर्जना तथा जीविकोपार्जनमा सुधार गरी पारिस्थितिकीय प्रणालीबीच सन्तुलन कायम गर्ने ।

### ३.२.५.६ उद्देश्य

१. वन, वनस्पति, वन्यजन्तु, संरक्षित क्षेत्र तथा जलाधारको संरक्षण एवं व्यवस्थापन गरी वातावरणीयसन्तुलन कायम राख्ने ।
२. वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गरी स्थानीय, प्रादेशिक तथा राष्ट्रिय आवश्यकतापरिपूर्ति गर्दै निकासी प्रवर्धन गरी राष्ट्रिय अर्थतन्त्रमा वन क्षेत्रको योगदान अभिवृद्धि गर्ने ।
३. सामुदायिक वन लगायतका समुदायमा आधारित वन व्यवस्थापन पद्धतिको विकास र प्रवर्धन गर्ने ।

४. वन क्षेत्रको संरक्षण, सम्बर्धन एवं व्यवस्थापनमा निजी क्षेत्रलाई समेत संलग्न गराई आय आर्जनतथा रोजगारीका अवसर सिर्जना गर्ने ।

### ३.२.५.७रणनीति

१. प्रदेशको कुल भु-भागको ४० प्रतिशत भु-भागवनक्षेत्र कायम गर्दै वनको घनत्व, उत्पादकत्व र उत्पादन वृद्धिको लागि वनको सहभागितामूलक दिगो एवम् वैज्ञानिक व्यवस्थापनका लागि आवश्यक नीति निर्माण गर्ने ।

२. आर्थिक रुपले महत्वपूर्णजडिबुटी तथा गैर काष्ठ वन पैदावारको व्यवसायिक खेती ,उत्पादन बृद्धि, प्रशोधन र बजारीकरणलाई प्रोत्साहन गर्दै वन पैदावारमा आत्मनिर्भरता र यसमा आधारित उद्यमशीलता र रोजगारी बृद्धि गर्ने ।

३. जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्दै जल, जलस्रोत तथा भूमिको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गर्न जलाधार क्षेत्रको एकीकृत संरक्षण र व्यवस्थापन गर्ने।

४. वन,जैविक विविधता, सिमसार क्षेत्र र जलाधारको दिगो व्यवस्थापन र उपयोगबाट स्थानीय समुदायमा लाभको न्यायोचित बितरण एवम् पर्यापर्यटनका आधार क्षेत्रहरूलाई पुनस्थापना तथा पुनर्निर्माण गर्ने ।

### ३.२.५.७कार्यनीति

१. प्रदेशस्तरमा राष्ट्रिय वनको व्यवस्थापनको लागि आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ ।(१)

२. वन संरक्षण, दिगो व्यवस्थापन तथा उपयोगको लागि समुदायमा आधारित वन ब्यवस्थापनपद्धतिको बिकास र प्रर्बद्धन गरिनेछ ।(१)

३. वनको वैज्ञानिक व्यवस्थापनबाट वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन बृद्धि गर्न वन सम्बर्धन प्रणालीमा आधारित बन व्यवस्थापन पद्धति अबलम्बन गरिनेछ ।(१)

४. वन डढेलो व्यवस्थापनको लागि संस्थागत संरचनाको निर्माण तथा पूर्व तयारी, डढेलो नियन्त्रण र डढेलो प्रतिरोधी क्षमता विस्तारका लागि अग्निरेखा व्यवस्थापन र आकाशे पानी सङ्कलन कार्यक्रममा जनताको सहभागिता अभिवृद्धि गरिनेछ ।(१)

५. संरक्षित वन, महत्वपूर्ण जलाधार क्षेत्र तथा संरक्षण क्षेत्रहरूको कार्ययोजना तयारी, परिमार्जन तथा कार्यान्वयन गरिनेछ । (१)

६. नगर र नगर वरिपरि रहेका वन, सिमसार, पानीका मुहान, खाली क्षेत्र, नदीतटको उचित संरक्षण तथा व्यवस्थापन गरिनेछ ।(१)

७. वन, वनस्पति, वातावरण र जैविक विविधताको बारेमा प्रचारप्रसार गरी स्थानीय बासिन्दाहरूको वातावरण संरक्षणमा सहयोग बढाउन ठूला सहरमा निजी क्षेत्र, सामाजिक संस्था आदिको सहकार्यमा वातावरण शिक्षा तथा प्रचारप्रसार केन्द्र स्थापना गरिनेछ ।(१)
८. निजी वन तथा जग्गाबाट उत्पादन हुने वन पैदावारहरूको बिक्री वितरण तथा वनस्रोतमा आधारित व्यवसायलाई सहज बनाउन कानुनी र नीतिगत सुधार गरिनेछ ।(१)
९. जडिबुटी अनुसन्धानलाई प्राथमिकता दिइनेछ र प्रशोधन केन्द्र स्थापनामा निजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ । (२)
१०. निजी तथा सार्वजनिक जग्गाहरूमा वृक्षारोपण गरी वन क्षेत्रको विस्तार र वनपैदावारको आपूर्तिमा सहज हुने कार्यक्रम सञ्चालन गरिनेछ ।(२)
११. वन व्यवस्थापन कार्यलाई उद्योगको रूपमा विकास गर्न वन तथा वनपैदावारमा आधारित उद्यमशीलता विकास तथा उद्योग व्यवसाय सञ्चालन गरी हरित रोजगारी वृद्धि गरिनेछ । (२)
१२. तुलनात्मक लाभ भएका उच्च मूल्यका जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संरक्षण, संवर्द्धन, खेती विस्तार तथा बजारिकरण गरिनेछ ।(२)
१३. सामुदायिक वनको पैदावारको उत्पादन, प्रशोधन र उपयोगको विषयमा अध्ययन अनुसन्धान गरी उत्पादन र बजारको विविधीकरण र प्रविधि विकास एवम् हस्तान्तरण गरिनेछ ।(२)
१४. विपन्नमुखी आयमूलक, रोजगारमूलक तथा जीविकोपार्जन सुधारसम्बन्धी कार्यक्रमहरू सबै वन व्यवस्थापन प्रणालीमा कार्यान्वयन गरिनेछ । (२)
१५. समग्र जलाधारहरूको एकीकृत व्यवस्थापन गर्दै जलाधार सेवाको समुदायस्तरमा वातावरणीय सेवासम्बन्धी नमुना परीक्षण आयोजना पहिचान र नमुना परीक्षण गरी क्रमशः विस्तार गर्दै लगिनेछ ।(३)
१६. भूउपयोग विकास तथा एकीकृत जलाधार व्यवस्थापन योजना तर्जुमा गरी जल उत्पन्न प्रकोप विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । (३)
१७. सबैखाले वनहरूमा आन्तरिक पर्यापर्यटन प्रबर्द्धनगर्न जैविक विविधता र सिमसार (पानीको मुहान, कुवा, इनार) क्षेत्रको संरक्षण कार्यलाई प्राथमिकता दिइनेछ । (४)
१८. सिमसार क्षेत्रहरूको अभिलेखीकरण, वर्गीकरण तथा प्राथमिकीकरण गरी योजना तर्जुमा तथा कार्यान्वयन गरिनेछ । (४)
१९. महत्वपूर्ण पारिस्थितिकिय प्रणाली, जोखिमयुक्त वन्यजन्तुहरूको वासस्थान संरक्षण, प्रजनन एवम् जनसङ्ख्या व्यवस्थापनको कार्य विस्तार गरिनेछ ।(४)

### ३.२.५.८अपेक्षित उपलब्धि

प्रदेशको कुल भू-भागको ४०% बन क्षेत्र कायम भएको हुनेछ । वनको घनत्व, विविधता र उत्पादकत्वमा गुणात्मक वृद्धि भएको हुने, समुदायमा आधारित वन व्यवस्थापन प्रणालीहरू अझ सुदृढ र सबल भएका हुनेछन । वन तथा वन्यजन्तुसम्बन्धी अपराध र चोरी निकासी एवम् अन्य गैरकानुनी क्रियाकलापमा उल्लेख्य कमी आएको, वन पैदावार तथा पारिस्थितिकीयसेवामा आधारित व्यवसाय, रोजगारी तथा आयआर्जनमा वृद्धि भएको हुनेछ । एकीकृत जलाधार व्यवस्थापनमार्फत संवेदनशील जलाधारहरूको अवस्थामा सुधार भई दिगो जीविकोपार्जनमा टेवा पुगको , वन डढेलोजस्ता प्राकृतिक प्रकोपको नियन्त्रणमा टेवा पुगेको, जैविक विविधताको संरक्षण भएको तथा पर्यापर्यटनबाट रोजगारी र आय आर्जनमा वृद्धि भएको हुनेछ ।

## ३.२.६ वातावरण तथा जलवायु परिवर्तन

### ३.२.६.१ पृष्ठभूमि

मानव कृयाकलापका कारण वातावरण दिन प्रति दिन विग्रदै गएको र यसले जलवायु परिवर्तनमा समेत असर पारेकोले वातावरण संरक्षण तथा जलवायु परिवर्तनका विषयहरुलाई विश्वभरि नै प्राथमिकताकासाथ हेरिएको छ । जलवायु परिवर्तनका असरहरु एकआपसमा सम्बन्धित हुने भएकोले यसको प्रभावको सामना गर्न वातावरण संरक्षण तथा जलवायु परिवर्तनको प्रभाव अनुकूलन गर्दै समष्टिगत विकासकालक्ष्यहरू हासिल गर्ने महत्वपूर्ण सवाललाई मध्यनजर गरी नेपालले यस क्षेत्रमा भएका अन्तर्राष्ट्रियमहासन्धि तथा सन्धिहरूको अनुमोदन तथा सम्मिलन गर्दै तद्रुरूप राष्ट्रिय नीति, कानुन तथासंस्थागत संयन्त्रहरूको व्यवस्था गरेको छ । वातावरणीय पक्षमा पर्ने प्रभाव तथा जलवायुपरिवर्तनको असर न्यूनीकरण गर्न हरित विकासको अवधारणालाई आत्मसात् गर्दै न्यून कार्ननमुखी, वातावरण मैत्री तथा दिगो बिकासको सिद्धान्तमा आधारित विकास प्रकृया अवलम्वन गर्ने राष्ट्रिय नीति छ ।

सरकारी तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय सङ्घ–संस्थासमेतको सक्रियतामा राष्ट्रिय तथा स्थानीयअनुकूलनका लागि रणनीतिक कार्यक्रमहरू, कार्बन व्यापारको थालनी, वातावरणीयसंवेदनशीलताका मुद्दाहरूको आन्तरिकीकरण र सम्बोधनजस्ता प्रयासहरू भइरहेका छन् । प्रदेशस्तरबाट पनि यस विषयसंग सम्वन्धीत आवश्यक नीति, ऐन, नियम, मापदण्ड तयार गरी प्रभावकारीरुपले वातावरण संरक्षणका सवालहरुलाई सम्वोधन हुन जरुरी देखिन्छ ।

### ३.२.६.२ चुनौती

जलाधार संरक्षण गर्नु, जलवायु परिवर्तनको असरबाट अनुकूलित हुनु, उद्योग, कलकारखाना, यातायात तथा अन्य मानवीय क्रियाकलापहरूबाट हुने फोहर तथा हरितगृह ग्यासको उत्सर्जनलाई न्यून गर्नु, गरिबी र अन्य कारणहरूबाट हुने वन विनासलाई रोक्नु, जलवायु परिवर्तनको असरबाट जोखिममा रहेका क्षेत्र र समुदायमा कार्यक्रम सञ्चालन गर्नु, जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूलाई जनस्तरमा नै आन्तरिकीकरण गर्नु चुनौती रहेका छन् ।

### ३.२.६.३ अवसर

दिगो विकासका लक्ष्यहरूमा अन्तर्राष्ट्रिय समुदाय र सरकारबाट प्रतिबद्धता जाहेर गर्नु, जलवायु वित्तको व्यवस्था हुनु, प्रकृति संरक्षण अनुकूलनको क्षमता बढाउन राष्ट्रिय कार्ययोजना छाता रणनीति तयार हुनु र जलवायु परिवर्तनका क्षेत्रमा उपलब्ध अन्तर्राष्ट्रिय सहयोगलाई राष्ट्रिय बजेट प्रणालीमा एकीकृत गर्नेजस्ता नयाँ अवसर हुन् ।

### ३.२.६.३ सोच

स्वच्छ एवम् स्वस्थ वातावरणमार्फत दिगो विकास ।

### ३.२.६.४लक्ष्य

वातावरण मैत्री, जलवायु परिवर्तनसँग अनुकूलित तथा दिगो बिकासको सिद्धान्तमा आधारित विकास प्रकृया अवलम्वन गर्ने ।

### ३.२.६.५उद्देश्य

१. दिगो विकासको लक्ष्य हासिल गर्न वातावरण संरक्षण गराउनु ।
२. बढ्दो सहरीकरणबाट उत्सर्जित प्रदुषण न्यूनीकरण गराउनु ।
३. हरित विकासको अवधारणाअनुरूप मानवीय क्रियाकलाप र विकास प्रक्रियालाई जलवायुपरिवर्तन अनुकूलित गराउनु ।

### ३.२.६.६रणनीति

१. वातावरण क्षेत्रमा भएका सन्धि सम्झौतालाई आन्तरिकीकरण गर्दै वातावरण संरक्षण एवम् प्रदूषणनियन्त्रणका लागि संस्थागत क्षमता अभिवृद्धि गरी विकास कार्यक्रमको अभिन्न अङ्गकारूपमा सञ्चालन गर्न आवश्यक नीति तथा कानुन तर्जुमा गर्ने ।
२. जलवायु परिवर्तनको असर कम गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय जलवायु वित्त लगानीलाई प्रादेशिकल तथा स्थानिय बजेट प्रणालीमा समाहित गर्दै थप कार्यक्रम र जनसहभागिता बढाउँदै जाने ।

३. जल तथा मौसमी सेवालाई विश्वसनीय, भरपर्दो, नियमित, गुणात्मक बनाई जलवायुपरिवर्तन तथा प्रकोपले पार्ने असरलाई न्यूनीकरण गर्ने कार्यमा परिचालित गर्ने ।

### ३.२.६.७कार्यनीति

१. वातावरण संरक्षणसँग सम्बन्धित प्रादेशिक कानुनहरूको तर्जुमा तथा  संस्थागत क्षमता विकास गरिनेछ ।(१)

२. संघसंगको सहयोगमा नेपाल पक्ष भएका वातावरणसम्बन्धी सन्धि तथा महासन्धिहरूको कार्यान्वयन गरीत्यसका प्रावधान र संयन्त्रबाट बढीभन्दा बढी लाभ लिन सम्बन्धित निकायहरूलाई परिचालन गरिनेछ । (१)

३. प्रादेशिक राजधानी लगायतका ठूला सहरमा रहेका नदीहरूको प्रदूषण न्यूनीकरण गर्ने तथा जल,जमिन, ध्वनि तथा वायु प्रदूषण रोकथाम गरिनेछ । (१)

४. प्राकृतिक स्रोतबाट प्राप्त आयको निश्चित प्रतिशत रकम प्राकृतिक स्रोत र साधनकोसंरक्षण तथा वातावरणीय अनुसन्धान र विकासमा खर्च गर्ने व्यवस्था गरिनेछ । (१)

५. जल तथा मौसमी सेवालाई अझ विश्वसनीय र भरपर्दो बनाउदै लगिने छ । (१)

६. जलवायुपरिवर्तन तथा प्रकोपले पार्ने असरलाई न्यूनीकरण गर्न पूर्व सूचना प्रणालीको विकास गर्दै लगिने छ । (१)

७. जलवायु परिवर्तन अनुकूलन/समानुकूलन/पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलनलाई मूलप्रवाहीकरण गरिनेछ ।(२)

८. जलवायु परिवर्तनको सन्दर्भमा स्थानीय अनुकूलन प्रयासहरूमा सहयोग गरिनेछ ।(२)

९. वातावरणमैत्री तथा जलवायु परिवर्तन अनुकूलन हुने खालका पूर्वाधार विकासमा जोडदिइनेछ ।(२)

१०. विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गरिनेछ। (२)

११. जनस्तरमा वातावरणीय चेतना र सावधानी जगाउने कार्यक्रम सञ्चालन गरिनेछ । (२)

१२. वातावरण र जलवायु परिवर्तनका क्रियाकलापमा नेपाल सरकार, गैरसरकारी संस्था,स्थानीय निकाय, सामुदायिक संस्था एवम् अन्य निकायहरूबीच समन्वय र साझेदारीगरिनेछ । (२)

१३. जलवायु परिवर्तनले पारिस्थितिकीय तथा जलाधारीय प्रणालीमा पार्ने नकारात्मक प्रभाव न्यूनीकरण, अनुकूलन र समानुकूलन गर्न स्थानीय समुदायको क्षमता अभिवृद्धि गरिनेछ । (२)

### ३.२.६.८अपेक्षित उपलब्धि

जलवायु परिवर्तनको जोखिम न्यूनीकरण, अनुकूलन र समयानुकूलन भै जलबायु अनुकुलित प्रदेश हुने, वातावरणमैत्री, दिगो बिकासमा आधारित विकास प्रक्रिया अबलम्बन भएको हुने, प्रदेशमा स्वच्छ वातावरण कायम भएको हुनेछ ।

## ३.३ सामाजिक विकास

## ३.३.१ स्वास्थ्य तथा पोषण

### ३.३.१.१ पृष्ठभूमी

नेपालको संविधान, २०७२ले स्वास्थ्यलाई आधारभूत अधिकारको रुपमा स्थापित गरेको छ । संविधानले परिकल्पना गरे अनुरुप देश संघीय ढाँचामा  रुपान्तरण भै देशमा तीन तहका सरकार आ-आफ्नो कार्य क्षेत्रमा क्रियाशील छन् ।समावेशीकरण र समन्यायको आधारमा सवै भौगोलिक क्षेत्र, वर्ग, लिङ्ग, जातजातिका जनताको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच बढाई जनस्वास्थ्यमा सुधार ल्याउनु हरेक तहका सरकारको दायित्व हो । नेपालले सहस्राब्दी विकास लक्ष्य नं ५ को मातृ मृत्युदरमा कमी ल्याउन सफल भएकोमा अन्तराष्ट्रिय स्तरवाट 'MDG Achievement Award'  र सहस्राब्दी विकास लक्ष्य ४ को वाल मृत्युदरमा उल्लेखनिय रुपमा कमी ल्याउन सफल भएकोमा 'Motivational Award' प्राप्त गरी सफलता प्राप्त गरेको भए पनि जनताको स्वास्थ्यमा आशातीत सफलता प्राप्त हुन सकेको छैन । अतः हालै गठन भएका प्रदेश सरकारहरुको लागि जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउन ठुलै मेहनत गर्नुपर्ने अवस्था छ । प्रदेश नं ४ मा दक्ष तालिम प्राप्त विज्ञबाट गर्भावस्थामा सेवा लिने महिलाको संख्या ८७.३  प्रतिशत, स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाको संख्या ६८.३ प्रतिशत, पाँच वर्ष मुनीको बाल मृत्युदर २७ प्रतिशत, खोप सेवा प्राप्त गर्नेको संख्या ९२.७ प्रतिशत, ख्याउटे (Stunted) वालवालिकाको संख्या २८.९ प्रतिशतर शिशुमृत्युदर २३ प्रतिशत रहेको छ ।

### ३.३.१.२ चुनौती

जनसंख्याको अनुपात अनुसार स्वास्थ्य संस्थाहरुको वितरण निशुल्कः र सर्वशुलभ रुपमा औषधी वितरण, औषधिको गुणस्तरीयता कायम गर्नु सवैको लागि सर्वसुलभ स्वास्थ्य सेवा (Universal health Coverage) पुर्याउनु, भुकम्पबाट क्षतिग्रस्त स्वास्थ्य संस्थाहरुको पुननिर्माण गर्नु, सरुवा र महामारी रोगहरुको तत्काल रोकथाम गर्ने कुराहरु चुनौतिको रुपमा रहेका छन् ।प्रदेशस्तरीय स्वास्थ्य नीति, मापदण्ड निर्माण गर्नु, Non Communicable disease वाट मृत्यु हुनेको संख्या घटाउने कार्यहरू चुनौतिको रुपमा रहेको छ ।

### ३.३.१.३ अवसर

प्रदेशमा स्वास्थ्य सम्बन्धी सचेत जनसंख्याको बृद्धि हुदै जानु, स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा प्रदायकहरुको संञ्जाल प्रदेशमा तयार हुनु, प्रदेशमा स्वास्थ्य कर्मिहरुको संख्या बृद्धिहुँदै जानुलाइ अवसरको रुपमा लिनुपर्छ ।

### ३.३.१.४ सोच, लक्ष्य, उद्देश्य, कार्यनीति

#### ३.३.१.४.१ सोच

गुणस्तरीय स्वास्थ्य सेवा प्रदेशका सवै जनताको घर दैलोमा पु¥याई स्वस्थ्य नागरिक विकास ।

#### ३.३.१.४.२लक्ष्य

१. प्रदेशका सवै नागरिकहरुलाइ गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाहरु निःशुल्क रुपमा उपलव्ध गराउने ।
२. बिशिष्टिकृत स्वास्थ्य सेवामा पहुँच वृद्धि गराउने ।

#### ३.३.१.४.३ उद्देश्य

१. प्रदेशका सवै नागरिकहरुलाई गुणस्तरिय आधारभू स्वास्थ्य सेवा निःशुल्क र सर्भसूलभ उपलब्ध गराउने ।
२. बिशिष्टिकृत स्वास्थ्य सेवामा पहुँच वृद्धि गराउनु ।
३. गुणस्तरीय र पोषणयुक्त खाद्य सामग्रीको पहुँच वढाउनु ।
४. स्वास्थ्य सेवा प्रवाहमा जनसहभागिता अभिवृद्धि गर्दै निजी तथा सहकारी क्षेत्रको संलग्नता वृद्धि र व्यवस्थित गर्दै जानु ।

#### ३.३.१.४.४ रणनीति

१. गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रभावकारी रुपमा सवै नागिरकलाई निःशुल्क उपलव्ध गराउने
२. प्रदेशस्तरमा स्वास्थ्य सेवाहरु सर्वसुलभ एवं प्रभावकारी रुपमा उपलव्ध गराउन दक्ष जनशक्ति योजना, उत्पादन, प्राप्ती र विकास गर्ने ।
३. स्वस्थ्य र पोषणयुक्त खानाको चेतना र पहूँच घरदैलोमा पु¥याउने ।
४. गुणस्तरीय औषधी र स्वास्थ्य सामग्रीको आपूर्ति तथा उत्पादन वढाइ सहज र प्रभावकारी आपूर्तिको सुनिश्चितता गर्ने ।
५. स्वास्थ्य सेवामा निजी, सहकारी, सरकारी निजी साझेदारी संस्थाहरुको विकास गरी प्रतिष्पर्धी, गुणस्तरीय स्वास्थ्य सेवाको विकास गर्ने ।

#### ३.३.१.४.५ कार्यनीति

१. प्रदेशस्तरमा स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गर्ने ।(१)
२. स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्तिको अभाव हुन नदिने व्यवस्था गरिनेछ ।(१)
३. शिशु मृत्युदर, मातृ मृत्युदर, बाल मृत्युदर, नवजात शिशु मृत्युदर घटाउने ।
४. प्रभावकारी र दक्ष स्वास्थ्य सेवा प्रणालीको विकास गर्दै लगिनेछ ।(१)
५. आगामी ५ वर्ष भित्र प्रदेशका ११ वटै जिल्लामा स्वास्थ्य वीमा कार्यक्रम विस्तार गरिनेछ ।(१)
६. नसर्ने रोगहरुको प्रकोप न्यूनीकरणको लागि जनचेतना अभवृद्धि कार्यक्रम संचालन गरिनेछ ।(१)
७. विशिष्टिकृत प्रसुति तथा बाल अस्पताल निर्माण गरिनेछ ।(१)
८. मानव स्वास्थ्य सुधारको लागि खोप कार्यक्रमलाई दिगो र प्रभावकारी बनाउन एक स्वास्थ्य कोषको व्यवस्था गरिनेछ ।(१)
९. स्वास्थ्य तथ्यांकको लागि स्थानीय तहको समेत सहयोगमा प्रभावकारी सूचना व्यवस्थापन प्राणालीको विकास गरिनेछ ।(१)
१०. स्वास्थ्य सेवा प्रवाहको क्षेत्रमा सुशासन कायम गरिनेछ ।(२)
११. स्वास्थ्य क्षेत्रमा सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ ।(३)
१२. सुनौला हजार दिन र वहुक्षेत्रीय पोषण योजनाको कार्यान्वयन गर्दै महिला प्रजनन् स्वास्थ्यमा सुधार र कुपोषणको अन्त्य गर्ने तर्फ ध्यान दिइनेछ ।(३)
१३. नागरिक स्वास्थ्यमा प्रतिकूल असर पार्ने खाद्यान्नको विज्ञापनमा वन्देज लगाइनेछ ।(४)
१४. शिशु मृत्युदर , वाल मृत्युदर तथा मातृ मृत्युदर घटाउन वाल तथा मातृ शिशु सेवाहरु संचालन गरिनेछ । (४)
१५. प्रत्येक गाउँपालिकामा २५ शैया, नगरपालिकामा ५० शैया, प्रदेश राजधानीमा १००० शैयाको आधुनिक सुविधा सम्पन्न अस्पताल निर्माण गरिनेछ ।(१) (४)
१६. प्रदेशलाइ औषधीमा अत्मनिर्भर वनाउन फर्मास्युटिकल्स उद्योग खोल्न प्रोत्साहन गरिनेछ ।(५)
१७. सरकारी अस्पताल भित्र अस्पताल आफैले फार्मेसी संचालनको अनिवार्य व्यवस्था गरिनेछ ।(५)
१८. प्रदेश भित्र आयुर्वेद पद्धतीलाई वढावा दिन उपयुक्त संरचनागत व्यवस्था गरिनेछ ।आयुर्वेद र जडिवुटीमा आधारीत औषधी उत्पादन गर्न प्रोत्साहन गरिनेछ । प्रदेशमा आयुर्वेद अस्पताल निर्माण गरिनेछ ।(५)
१९. क्यान्सर , मुटु , मधुमेह न्यूनीकरणका लागि पोखरा वा यस आसपासको उपयुक्त स्थानमा विशेषज्ञ सेवा सहितको अत्याधुनिक अस्पताल निर्माण गरिनेछ ।(५)
२०. स्वास्थ्य क्षेत्रमा लगानी प्रोत्साहन गर्ने गरी प्रादेशिक स्वास्थ्य नीति निर्माण गरिनेछ ।(६)
२१. स्वास्थ्य र पोषणवारे जनस्तरमा प्रभावकारी कार्यक्रम संचालन गरिनेछ ।(३) (७)

२२ राष्ट्रिय आवधिक योजना, दिगो विकासको लक्ष्य २०३०, राष्ट्रिय स्वास्थ्य नीति-२०७१, राष्ट्रिय स्वास्थ्य रणनीति २०७२ तथा वहुक्षेत्रीय पोषण योजनामा अन्तरनिहित लक्ष्य हासिल गर्ने गरी प्रादेशिक नीतिहरु निर्माण गर्ने।

## ३.३.२ शिक्षा

### ३.३.२.१ पृष्ठभूमि

शिक्षा समुन्नत भविष्य निर्माण गर्ने मुख्य आधारशीला हो । सवैका लागि आधारभूत शिक्षा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने गरी शिक्षालाई मौलिक हकको रुपमा संविधानद्वारा प्रत्याभूत गरेको छ ।

हालको साक्षरता दर ७८ प्रतिशत छ ।विद्यालय तहको शैक्षिक सूचकाङ्कमा पूर्व प्राथमिक शिक्षामा कुल भर्नादर ८६ प्रतिशत र प्राथमिक तहको खुद भर्नादर ९८.२ प्रतिशत पुगेको छ भने आधारभूत तह (१-८) मा खुद भर्ना दर ९४ प्रतिशत छ । माध्यमिक तह कुल भर्नादर ७२ प्रतिशत छ भने खुद भर्नादर ४०.६ प्रतिशत मात्र देखिन्छ ।

आधारभूत तह र माध्यमिक तहको भर्नादरमा लैङ्गीक समतामा उल्लेख्य प्रगति भएको छ तापनि आर्थिक-सामाजिक रुपले पछाडी परेका सिमान्तकृत समुदाय तथा दुर्गम भौगोलिक क्षेत्रका वालवलिकाको शिक्षामा पहुँचमा सुधार भइसकेको छैन । आधारभूत तहको (कक्षा १-५) मा कक्षा छाड्ने दर ४ प्रतिशत र दोहोर्‍याउने दर ७.६ प्रतिशत रहेको छ । आधारभूत तहसम्म टिकाउ दर ७६.६ प्रतिशत छ भने माध्यामिक तहसम्मको टिकाउ दर ५०% सम्म मात्र भएको विद्यमान अवस्थामा उल्लेख्य मात्रामा सुधारको खाँचो देखिन्छ । आधारभूत तहमा कक्षा छाड्ने दर र दोहोर्‍याउने दरलाई न्यून गर्दै लैजाने र माध्यमिक तहसम्म टिकाउदरमा वृद्धि गरी गुणस्तरीय माध्यमिक शिक्षामा पहुँचको सुनिश्चितता गर्नु अपरिहार्य छ ।

### ३.३.२.२ चुनौती

१. दुर्गम तथा पहाडी भेगका सामूदायिक विद्यालयहरुको भौतिक अवस्था जिर्ण हुनु,
२. कक्षा छाड्ने दरमा कमी नआउनु,
३. घट्दो सामुदायिक सहभागिता
४. सीपयुक्त रोजगारमूलक शैक्षिक आवस्यक्ताको सम्वोधन हुन नसक्नु,
५. गुणस्तरीय शिक्षा प्रदान गर्न नसक्नु,

### ३.३.२.३ अवसर

विद्यार्थी भर्नादरमा क्रमशः वृद्धि हुँदै जानु, शिक्षा हासिल गर्नुपर्छ भन्ने सोच आम नागरिकहरुमा अभिवृद्धि हुनु, शिक्षाका आधारशिलाहरुको निर्माणमा वृद्धि हुनु, प्राविधिक र व्यावसायिक शिक्षामा आकर्षण बढ्नु, विद्यार्थी सहभागितामा छात्राहरुको वृद्धि हुँदै जानु, साक्षरताको प्रतिशत बढ्दै जानु, शिक्षामा सूचना प्रविधिको प्रयोगमा विस्तार हुनु अवसरको रुपमा हेरिनुपर्छ ।

### ३.३.२.४सोच

समाजको आर्थिक र सामाजिक रुपान्तरणको लागि शिक्षामा सबैको पहुँच र गुणस्तर अभिवृद्धि गर्ने ।

### ३.३.२.५लक्ष्यः

१. गुणस्तरीय, व्यावसायिक र प्राविधिक शिक्षा प्रदान गरी आवश्यक जनशक्ति उत्पादन गर्ने ।

२. जीवनपर्यन्त सिकाइलाई प्रवद्धन गरी नवप्रवर्तनशील शैक्षिक प्रणालीको विकास गर्ने ।

३. सबैलाई शिक्षाका अवसर प्रदान गर्ने ।

### ३.३.२.६उद्देश्य

१. शिक्षाका अवसरहरुलाई समतामूलक, समयसान्दर्भिक र गुणस्तरीय रुपमा विस्तार गर्ने ।

२. शिक्षा र व्यावसायिक तथा प्रविधिक तालिमका अवसरहरुलाई विस्तार गर्ने ।

३. शैक्षिक व्यवस्थापन र सुशासनलाई अत्मसात गर्ने ।

### ३.३.२.७रणनीति

१. निःशुल्क र अनिवार्य आधारभूत शिक्षा तथा निःशुल्क माध्यामिक शिक्षालाइ प्रभावकारी रुपमा कार्यान्वयन गर्ने

२. प्राविधिक तथा व्यावसायिक शिक्षालाई समसामयिक रुपमा विस्तार गर्ने ।

३. आर्थिक, सामाजिक तथा अन्य कारणले पछाडी परेका वर्ग र समुदायका वालवालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको लागि शिक्षामा पहुँच सुनिश्चत गर्ने ।

४. सवै तहको शिक्षालाई पहुँचयोग्य, प्रतिस्पर्धी र अनुसन्धानमूलक बनाउने ।

५. शैक्षिक व्यवस्थापनलाई प्रभावकारी एवम् जिम्मेवारीपूर्ण वनाउने ।

### ५.३.२.८कार्यनीति

१. शिक्षालाई उत्पादन, श्रम एवम् स्थानीय तहको अर्थतन्त्र र स्थानीय रोजगारी बृध्दिसँग आवद्ध गरिनेछ ।(१)

२. विश्वविद्यालयमा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीहरुलाई शिक्षण पेशामा आकर्षण गर्ने नीतिगत व्यवस्था गरिनेछ । (१)

३. विद्यालय शिक्षामा सूचना तथा संचार प्रविधि अनिवार्यरुपमा प्रयोगमा ल्याउन प्रोत्साहन गर्ने ।(१)

४. संघसंगको सहकार्यमा सबै स्थानीय तहमा एक बहुसीप सिकाइको लागि प्राविधिक विद्यालय र प्रदेशमा बहुसीपयुक्त महाविद्यालयको स्थापना गरिनेछ ।(२)

५. व्यावसायिक र प्राविधिक विषयमा जनशक्ति विकास गर्ने गरी प्रदेश शिक्षा नीतिको तर्जुमा गरिने ।(२)

६. विद्यालय शिक्षामा मातृभाषा, राष्ट्रिय भाषा र अन्तराष्ट्रिय भाषालाई शिक्षण सिकाइको माध्यमका रुपमा अपनाई गुणस्तरीय सिकाईको सुनिश्चिततामा वहुभाषिक नीति अवलम्वन गरिनेछ । (३)

७. चार बर्ष उमेरका सबै बालबलिकाको शिक्षाका लागि प्रारम्भिक वाल शिक्षा र पूर्व प्राथमिक विद्यालय शिक्षाको विस्तारको लागि स्थानिय तहलाई प्रोत्साहन गरिनेछ ।(३)

८. दलित, छात्रा, लोपोन्मुख जातजाति, गरिव तथा जेहन्दार विद्यार्थीका लागि अवश्यकताका आधारमा छात्रवृत्तिको व्यवस्था गरिनेछ ।(३)

९. महाभूकम्पबाट क्षति पुगेका विद्यालयहरुको पुननिर्माण कार्यलाई निरन्तरता दिइने ।साथै विद्यालय भवन निर्माण विपद्प्रति संवेदनशील र अपाङ्ग मैत्री हुनेगरी बनाइनेछ ।(३)

१०. अपाङ्गहरुको अध्ययनको लागि अपाङ्गमैत्री पाठ्यक्रम तथा प्रविधिको विकास गरिनेछ ।(४)

११. स्थानीय सरकारसँगको सहलगानीमा प्रत्येक स्थानीय तहका प्रत्येक वडामा एक पुस्तकालय स्थापना गरी संचालनमा ल्याउन प्रोत्साहन गरिनेछ ।(१) (४)

१२. प्रदेशमा प्रादेशिक विश्वविद्यालयको स्थापना गरिनेछ ।(५)

१३. सामाजिक विकासका लागि गुणस्तरीय शिक्षालाई उच्च प्राथमिकतामा राखी लगानी गरिने छ।(५)

१४. प्राविधिक र व्यावसायिक विद्यालयहरु संचालनका लागि आवश्यक संस्थागत संरचना तथा व्यवस्थापनलाई प्रभावकारी वनाइने छ।(६)

१५. शिक्षा तथ्यांकको लागि स्थानीय तहको सहयोगमा प्रभावकारी सूचना व्यवस्थापन प्राणालीको विकास गरिनेछ ।(६)

१६ शिक्षक बिधार्थि अनुपातमा समन्जस्यता ल्याउन स्थानिय तहलाइ सहजिकरण गरिनेछ ।(६)

### ३.३.२.९ अपेक्षित उपलब्धिहरु

योजनाको अन्तमा प्राथिमक आधारभूत, माध्यमिक तहको खुद भर्ना दरमा वृद्धि कक्षा १, ५ र ८ को कक्षा छाडने दरमा कमी र टिकाउ दरमा वृद्धि भएको हुनेछ । सवैगाँउपालिका नगरपालिकाका वडाहरुमा पुस्तकालय स्थापना भएको हुनेछ ।गुणस्तरीय प्राविधिक तथा व्यावसायिक तालिम लिनेको संख्या वृध्दि भई व्यावसायिकता र आत्मनिर्भतामा अभिबृद्धि हुनेछ ।

**नतिजा सूचक**

| क्र.स. | नतिजा सूचक | हालको अवस्था (आ.व. ०७३।७४) | योजनाको अन्यमा (आ.व. ०७९।८०) | कैफियत |
|---|---|---|---|---|
| १ | आधारभूत तह (कक्षा १-५) खुद भर्ना दर | ९८.२ | १०० | |
| २ | आधारभूत तह (कक्षा १-८) | ९४ | १०० | |

| | | | | |
|---|---|---|---|---|
| | खुद भर्ना दर | | | |
| ३ | माध्यामिक तह (कक्षा ९-१२) खुद भर्ना दर | ५० | ७० | |
| ४ | टिकाउ दर (आधारभूत तह कक्षा ८ सम्म) | ७५.९ | ८० | |
| ५ | टिकाउ दर (माध्यामिक तह) | ५० | ६० | |

## ३.४ महिला, वालवालिका तथा समाजकल्याण

## ३.४.१ महिला

नेपालको संविधानको धारा ३८ मा महिलाको हक, धारा ३९ मा वालवालिकाको हक र धारा ४१ मा जेष्ठ नागरिकको हकको व्यवस्था गरी महिला, वालवालिका र जेष्ठ नागरिकको मौलिक हक अधिकारको प्रत्याभूति गरेको छ ।

देश विकासमा महिलाहरुको सामाजिक, आर्थिक र साँस्कृतिक विकासको माध्यमबाट सशक्तिकरण गर्नू अपरिहार्य छ । त्यस्तै विभिन्न महासन्धि अनुमोदन भइसकेको सन्दर्भमा जेष्ठ नागिरक र अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित कार्यहरु सम्पादित हुदै अएका छन् ।

### ३.४.१.१ चुनौती

१. महिलामाथी हुने घरेलुहिंसा, लैङ्गिक हिंसा न्यूनिकरण गर्नु,
२. विपन्न महिलालाई आर्थिक सशक्तिकरण गर्नु,
३. राज्यका हरेक क्षेत्रमा महिला सहभागिता वृद्धि गर्नु,
४. महिलाहरुलाई आधारभुत हक अधिकार उपभोग गर्न सक्ने गरी सक्षम बनाउनु,
५. न्यून आय र सीमान्तकृत महिलाहरुको प्रजनन स्वास्थ्य सुरक्षित बनाउनु,

### ३.४.१.२ अवसर

राज्यको राजनीतिक प्रशासनिक लगायत अन्य क्षेत्रमा महिलाहरुको सहभागितामा वृद्धि हुनु, विद्यार्थी भर्नादरमा छात्राको संख्या बढ्दै जानु, घरेलु हिंसा, बहुविवाह, दाइजो प्रथा विरुद्ध जनमानसमा चेतना वृद्धि हुनु, महिलाहरु आर्थिक सामाजिकरुपमा सक्षम हुदै जानु, नेतृत्व तहमा महिलाहरुको वृद्धि हुनु, मातृ मृत्युदरमा कमी हुँदै जानु अवसरको रुपमा हेरिनुपर्दछ ।

### ३.४.१.३सोचः

१. महिलाहरुको हक अधिकारको संरक्षण गर्दै योग्य र सक्षम नागरिक बन्ने वातावरण निर्माण गर्ने ।

### ३.४.१.४लक्ष्यः

१. महिला विरुद्ध हुने सवै प्रकारका शारिरिक तथा मानसिक हिंसा, क्षति वा दुर्व्यवहारवाट संरक्षण तथा समतामूलक समाजको निर्माण गर्ने ।

### ३.४.१.५उद्देश्यः

१. महिलाहरुको समग्र अधिकारको सम्बर्द्धन एवम् प्रवर्द्धन गर्नु ।
२. महिला उपर हुने सवै प्रकारका हिंसा र दुर्व्यवहारको अन्त्य गर्नु ।

### ३.४.१.६रणनीतिहरुः

१. महिलाहरुलाई गर्भावस्था देखिनै स्वास्थ्य र पोषण सेवा सुनिश्चित गर्ने ।
२. महिलाहरुको शारीरिक, मानसिक र वौद्धिक विकास गर्ने ।
३. महिला विरुद्ध हुने सवै प्रकारका हिंसा अन्त्यका लागि निरोधात्मक, उपचारात्मक र प्रवर्द्धनात्मक उपायहरु अवलम्वन गर्ने ।
४. महिलाहरुलाई संविधान र कानून प्रदत्त अधिकारहरुको सुनुश्चितता गर्ने ।

### ३.४.१.७कार्यनीति

१. गर्भावस्थामा आमा र शिशुको सुरक्षाका लागि पोषण कार्यक्रम संचालन गरिने छ ।(१)
२. निःशुल्क रुपमा महिलाहरुका लागि उपलव्ध गराइने स्वास्थ्य सुविधा विशेष गरी सुरक्षित प्रजनन विस्तार गरिने छ ।(१)
३. महिला उपर हुने हिंसा रोकथाम गर्न कारण पहिचान गरी आवश्यक निरोधात्मक उपायको अवलम्वन गरिनेछ ।(३)
४. महिलाहरुलाई प्रदेशको हरेक तहमा मूलप्रवाहिकरण गर्ने नीति निर्माण गरिनेछ ।(४)
५. प्रदेशमा महिला विरुद्ध हुने हरेक किसिमको हिंसा अन्त्यको लागि कानूनी व्यवस्था गरिनेछ ।(३)
६. हिंसा पीडित अथवा प्रभावितहरुको लागि आवश्यक सेवा सहितको पुनर्स्थापना केन्द्र स्थापना गरिनेछ ।(३)
७. अति विपन्न तथा सीमान्तकृत वालिका तथा किशोरीहरुको अध्ययन सुःनिश्चितताको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।(४)
८. महिलाहरुलाई आर्थिकरुपमा सक्षम र सबल बनाउन रोजगारमूलक र व्यावसायिक तालिमको व्यवस्था गरिनेछ ।(२)
९. लैङ्गिक समानता तथा सशक्तिकरणको लागि स्थानीय तहको समेत सहयोगमा प्रभावकारी सूचना व्यवस्थापन प्राणालीको विकास गरिनेछ ।(४)

### ३.४.२ वालवालिका

२०६८ सालको जनगणना अनुसार नेपालमा १६ वर्ष सम्मका वालवालिका सम्मको संख्या ३९ प्रतिशत रहेको छ । देशभरी करिब १७४ वटा बालविकास केन्द्र सञ्चालनमा छन् । बालबालिका र किशोरकिशोरीहरुले आधारभूत अधिकार उपयोग गर्न सक्ने वातावरण तयार गर्नु, बालन्याय प्रणाली स्थापना तथा बालमैत्री शासन पद्धति अबलम्बन तर्फ कार्यक्रमहरु उन्मुख हुनु आवश्यक छ ।

#### ३.४.२.१ चुनौती

१. वालविवाहको अन्त्य गर्नु,
२. बालश्रमको न्यूनिकरण गर्नु,
३. सडक, असहाय, अपाङ्ग, विपन्न बालबालिकाको हक अधिकारको संरक्षण गर्दै उनीहरुको संरक्षण गर्नु,
४. कुपोषित बालबालिकालाई यथोचित पोषण र आहारको व्यवस्था गर्नु,
५. प्रदेशभित्र बालबालिकाको उपचारको लागि विशिष्टिकृत बाल अस्पतालको व्यवस्था गर्नु,
६. हराएका बालबालिकाको खोजतलास गर्नु,

#### ३.४.२.२ अवसर

संविधानमा बालअधिकारको व्यवस्था हुनु, बालबालिका सम्बन्धि राष्ट्रसंघीय महासन्धी १९८९ अनुसार कानून तथा नीतिहरु निर्माण हुनु, बालसुधार गृहहरुको स्थापनामा वृद्धि हुनु, शिक्षा आर्जनमा बालबालिकाको सहभागिता उच्च हुँदै जानु, बाल क्लब, बालसञ्जाल, बालमञ्चहरुको वृद्धि हुँदै जानु, आम नागिरकमा बालबालिकाप्रति सकारात्मक सोचको विकास हुनुलाई अवसरको रुपमा लिनु पर्दछ ।

#### ३.४.२.३सोच

बालबालिकाहरुलाई सक्षम र योग्य नागरिक बनाउने

#### ३.४.२.४लक्ष्य

बालबिकासका अवसरहरुको सुनिश्चितता, बालबालिका विरुद्ध हुने हरेक प्रकारको हिंसा अन्त्य र उनीहरुको हक हितको संरक्षण गर्ने ।

#### ३.४.२.५उद्देश्य

१. बालबिकासका अवसरहरुको सुनिश्चितता गर्ने
२. बाल अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने

३. बालबालिका विरुद्ध हुने हिंसा अन्त्य गर्ने

### ३.४.२.६रणनीति

१. बालबालिका विरुद्ध हुने हिंसा अन्त्यका लागि उपायहरु अवलम्वन गर्ने
२. वालवालिकाहरुको अधिकारको संरक्षण गर्न विभिन्न कदमहरु चाल्ने
३. बालश्रम न्यूनीकरण गर्ने
४. बालबालिकाहरुलाई उद्धारसंरक्षण नियन्त्रण गर्ने ,
५. शिशु आहार तथा पोषणको व्यवस्थाहरु गर्ने
६. सीमान्तकृत बालबालिकाहरुलाई विशेष रुपमा सम्बोधन गर्न उपायहरु अवलम्वन गर्ने ।

### ३.४.२.७ कार्यनितीहरुः

१. हिंसा पीडित बालबालिकाको प्रदेश कानून निर्माण तथा हेल्प डेक्सको सहायताबाट संरक्षण गरिनेछ ।(१)
२. प्रदेश स्तरमा बालसुधार गृह स्थापना गरिनेछ । (१)(४)
३. बाल अधिकारको विषयमा जनचेतना अभिवृद्धि कार्यक्रमहरु संचालन गरिनेछ । (२)
४. स्थानिय तहको सहकार्यमा बालबालिका सम्बन्धी व्यवस्थापन सूचना सञ्चालन निर्माण गरिनेछ । (२)
५. विशेष गरेर प्रदेश भित्र हुने बाल विवाहको न्यूनीकरणको लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । (२)
६. प्रदेश भित्र बालश्रम निषेधका लागि कानून निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।(३)
७. असहाय, अपाङ्ग, पीडित बालबालिकाहरुको लागि विशेष कार्यक्रम संचालन गरिनेछ । (४)
८. बालविशिष्टिकृत अस्पतालको निर्माण गरिनेछ । (२) (४)
९. बाल गृहहरुमा बालबालिका विरुद्ध हुने अवाञ्छित क्रियाकलाप रोक्न कानून निर्माण गरी कार्यान्वयन गरीनेछ । (२) (४)
१०. बालबालिकाहरुमा शिशु आहारको उचित प्रवन्ध गर्दै पोषण कार्यक्रमहरु संचालन गरिनेछ । (५)
११. स्थानीय तहसँगको सहकार्यमा सीमान्तकृत बालबालिकाहरुको पहिचान गरी उनीहरुको प्रदेशस्तरिय प्रोफाइल तयार गरिनेछ ।(६)

## ३.४.३ अपाङ्ग

नेपालमा अपाङ्गता भएका व्यक्ति मध्ये सबैभन्दा बढी शारीरिक अपाङ्गता भएका व्यक्तिहरु छन् जसको संख्या ३६ प्रतिशत रहेको छ । संविधानले अपाङ्गता भएका व्यक्तिहरुको हक

अधिकारको व्यवस्था गर्दै आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने कानून र नीतिगत रुपमा सुविधाको व्यवस्था गरिएको छ । अपाङ्गता भएका व्यक्तिहरुको लागि निजामती सेवामा आरक्षण, सुरक्षा भत्ता, अपाङ्ग, पुस्थापना कार्यक्रमको व्यवस्था लगायत विभिन्न कार्यक्रमहरु संचालनमा रहेका छन ।

### ३.४.३.१ चुनौति

१. अपाङ्गलाई हेर्ने सामाजिक दृष्टि परिवर्तन गर्नु
२. अपाङ्ग सम्बन्धी भएका नीति र कानूनी व्यवस्थाहरु पूर्ण रुपमा कार्यान्वयन गर्नु,
३. अपाङ्गमैत्री भवन, बाटो, अपाङ्गमैत्री शिक्षाको व्यवस्था गर्नु,
४. अपाङ्गसँग सम्बन्धित संस्थाहरुलाई दुर्गम स्थानमा परिचालन गर्नु,
५. विभिन्न प्रकारका अपाङ्गहरुलाई आवश्यकतानुरुप कार्यक्रमहरु संचालन गर्नु,
६. अपाङ्गहरुलाई सीपमूलक आय आर्जनका तालीम संचालन गर्नु

### ३.४.३.२ अवसर

अपाङ्गमैत्री संरचनाहरु बनाउनु पर्ने नीतिगत व्यवस्था हुनु, प्रशासनिक राजनैतिक तहमा अपाङ्ग प्रतिनिधित्व सुनिश्चत हुनु, अपाङ्ग क्षेत्रमा काम गर्ने संस्थाहरुको वृद्धि हुँदै जानु, संघ, प्रदेश र स्थानिय सरकारहरुले अपाङ्ग हितको लागि संचालन गर्ने कार्यक्रमहरुमा वृद्धि हुँदै जानु अपाङ्ग क्षेत्रका अवसरहरु हुन ।

### ३.४.३.३सोच

अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गताको आभाष हुन नदिन उनीहरुलाई अरु नागरिक सरह छन भन्ने अवस्थाको श्रृजना गर्ने

### ३.४.३.४लक्ष्य

अपाङ्गता भएका व्यक्तिहरुप्रति गरिने भेदभाव अन्त्य गर्ने

### ३.४.३.५उद्देश्य

१. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको लागि प्रदेशबाट प्रवाहित सेवामा पहुँच बढाउने
२. अपाङ्ग व्यक्तिहरुको लागि सामाजिकरण गर्ने

### ३.४.३.६रणनीति

१. प्रदेशका संरचनाहरु अपाङ्ग मैत्री बनाउने

२. अपाङ्गहरुलाई रोजगारी लगायत प्रदेशका विभिन्न क्षेत्रमा उचित अवसर प्राप्त गर्ने वातावरण श्रृजना गर्ने ।

### ३.४.३.७कार्यनीति

१. प्रदेशमा निर्माण हुने आधारशीलाहरु विशेषगरी भवन, सडक, यातायातका साधन, शिक्षा अपाङ्गमैत्री बनाइनेछ ।(१)

२. प्रदेश भित्र अपाङ्ग क्षेत्रमा काम गर्ने गैर सरकारी संस्थाहरुको कार्यक्रमहरुको अनुगमन गरी प्रभावकारी बनाइनेछ ।(१)

३. स्थानिय तहको सहकार्यमा प्रदेश स्तरमा एक अपाङ्ग, पुनस्थापन केन्द्र संचालन गरिनेछ । (२)

४. पनर्स्थापना केन्द्र भित्र अपाङ्गहरुलाई सीपमूलक तालिम संचालन गरी उनीहरुलाई आर्थिक रुपले सवल बनाइनेछ ।(२)

५. अपाङ्गहरुको लागि रोजगारी उन्मुख प्राविधिक र व्यावसायिक तालिमको प्रवन्ध गरिनेछ । (२)

६. प्रदेशस्तरबाट अपाङ्गहरुलाई के कस्तो सुविधा उपलब्ध गराउन उपयुक्त हुन्छ भन्ने सम्बन्धमा अध्ययन गरी सो आधारमा सेवा सुविधा बढाउँदै लगिनेछ । (१)

७. प्रदेश भित्र अपाङ्ग सम्बन्धी तथ्याङ्क संङ्कलनको लागि सूचना सञ्जालको व्यवस्था गरिनेछ ।(१)

८. अपाङ्गता भएका व्यक्तिको लागि प्रदेश भित्रै पुनस्थापना केन्द्र सञ्चालन गर्ने

९. सरकारी स्तरबाट अपांगलाई दिइने सेवा सुविधामा क्रमश बढाउँदै लैजाने ।

## ३.४.४ जेष्ठ नागरिक

जेष्ठ नागरिकहरुको अनुभवलाई यथास्थान दिन सकियो भने यसले देश विकासलाई नयाँ उचाइमा पुऱ्याउन सक्छ । नेपालको संविधानले पनि जेष्ठ नागरिकको हक स्थापित गरेको छ ।कूल जनसंख्याको ८ प्रतिशत जेष्ठ नागरिक रहेका छन् । राज्यले जेष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता, यातायात, अस्पताल क्षेत्रहरुमा सहुलियतको व्यवस्था गरेको छ ।

### ३.४.४.१ चुनौति

- जेष्ठ नागरिकहरुको लागि वृद्धाश्रम र दिवा सेवा केन्द्रको व्यवस्था गर्नु,
- जेष्ठ नागरिकहरुलाई आफन्तजनबाट हुने अनुचित व्यवहारलाई न्यून गर्नु,
- जेष्ठ नागरिकहरुको ज्ञान सीपलाई प्रदेशोत्थानमा लगाउनु

- जेष्ठ नागरिकहरुको दिइएको सामाजिक सुरक्षा र विभिन्न सुविधामा उनीहरुको घर दैलोमा पुऱ्याउनु ।

### ३.४.४.२ अवसर

जेष्ठ नागरिकहरुलाई अस्पतालमा स्वास्थ्योपचार, यातायातमा सुविधाको व्यवस्था, जेष्ठ नागरिक कल्याण कोषको व्यवस्था, संविधानमा जेष्ठ नागरिकको हकको व्यवस्था, सामाजिक सुरक्षा भत्ताको व्यवस्था, वृद्धवृद्धाको हक हित सम्बन्धी कार्यक्रमहरु स्थानिय तह र प्रदेश सरकारको एजेण्डामा समावेश हुनुलाई अवसर मान्नुपर्छ ।

### ३.४.४.३सोच

जेष्ठ नागरिकहरुको हक अधिकारको रक्षा गर्दै सुरक्षित र सम्मानजनक जीवनयापन

### ३.४.४.४लक्ष्य

जेष्ठ नागरिकहरुको सेवा सुविधामा पहुँच बढाई उनीहरुमा सम्मानित भएको महसुस श्रृजना गर्ने

### ३.४.४.५उद्देश्य

१. प्रदेश भित्रका जेष्ठ नागरिकहरुको सेवा सुविधा बढाउने
२. स्थानिय र प्रदेश सरकार मेरो लागि छ भन्ने भावनाको विकास गराउने

### ३.४.४.६रणनीति

१. जेष्ठ नागरिक प्रति हुने परिवारजन्य दुर्व्यवहार अन्त्य गर्दै जेष्ठ नागरिक प्रति परिवारको दायित्व र जिम्मेवारीको विषयमा प्रचार प्रसार गर्ने
२. जेष्ठ नागरिकलाई संरक्षण गर्ने संस्थाहरुलाई प्रोत्साहन गर्ने

### ३.४.४.७ कार्यनीति

१. जेष्ठ नागरिकप्रति सम्मान गर्ने कार्यलाई प्रोत्साहन गर्न सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।(१)
२. जेष्ठ नागरिकहरुको सेवा सुविधा /पहुँच बढाउन निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
३. जेष्ठ नागरिकप्रति दुव्यवहार गर्ने, हेला गर्ने परिवारका सदस्यहरुको नामावली संचार माध्यमबाट सार्वजनिक गरिनेछ । (१)
४. प्रत्येक स्थानीय तहमा एक जेष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालनमा ल्याउन स्थानीय तहसँग सहकार्य गरिनेछ । (२)

५. प्रदेशमा जेष्ठ नागरिकको क्षेत्रमा काम गर्ने गैर सरकारी संस्था तथा अन्य संस्थाहरुसँग सहकार्य गरी जेष्ठ नागरिक कार्यक्रमहरु संचालन गरिनेछ । (३)
६. ज्यादै वृद्ध वेसहारा वृद्ध नागरिकहरु सामाजिक सुरक्षा भत्ता लिन बैंक सम्म जानलाई असुविधा भएकाले उनीहरुको घरदैलोमा पुर्याउन स्थानीय तहसँग सहकार्य गरिनेछ ।(३) (१)
७. सीमान्तकृत र जोखिममा रहेका जेष्ठ नागरिकहरुको लागि पुनस्थापन केन्द्र संचालन गर्ने(३)
८. शहरी क्षेत्रमा जेष्ठ नागरिकको लागि जेष्ठ नागरिक दिवा क्लवको व्यवस्था गर्ने(३)

## ३.५ श्रम तथा रोजगारी

### ३.५.१ पृष्ठभूमीः

नेपालका प्रत्येक नागिरकलाई रोजगारीको प्रत्याभूत गर्न नेपालको संविधानमा रोजगारीको हकको व्यवस्था गरिएको छ । वर्षेनी ठुलो श्रम शक्ति वजारमा थपिने र सो अनुसार रोजगारीको अवसरहरुको सिर्जना हुन नसक्दा त्यो श्रम-शक्ति विदेश पलायन हुने क्रम वढ्दो छ । नेपालमा कूल जनसंख्याको ५७ प्रतिशत जनशक्ति आर्थिक रुपले सक्रिय, ३० प्रतिशत अर्ध वेरोजगार र २.३ प्रतिशत पूर्ण वेरोजगार रहेको तथ्याङ्क छ । देश संघीय स्वरुपमा रुपान्तरण भएपछि प्रदेशमा गठित प्रदेश सरकारहरुको लागि आ-आफ्नो क्षेत्रमा रोजगारीका अवसरहरु वृद्धि गर्ने र वेरोजगारीहरुको संख्या घटाउने कार्य एउटा चुनौतिको रुपमा खडा भएको छ । प्रदेश नं ४ मा राष्ट्रिय तथ्यांकसंग मेलखाने रोजगारी र वेरोजरागीको तथ्यांकको उपलब्धता छ । यस प्रदेशमा अन्य प्रदेशको तुलनामा सेवा उद्योगहरु बढी भए पनि Mass Production गर्ने खालका उत्पादनमूलक उद्योगहरु नभएका कारण वेरोजगारी संख्यामा कमि ल्याउन नसकिएको हो ।

### ३.५.१.२ चुनौती

वर्षेनी श्रम वजारमा थपिने युवाहरुलाई रोजगारीको अवसर सिर्जना गर्नु, व्यावसायिक तालिमहरुको उपलब्धतामा वृद्धि गर्नु, औद्योगिक क्षेत्रको स्थापनावाट वेरोजगारलाई रोजगारीको अवसर सिर्जना गर्नु, विप्रेषणबाट आएको रकमलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नु विदेश पलायन रोकी प्रदेशमै रोजगारीको अवसर सिर्जना गर्नु जस्ता कुराहरु चुनौतिको रुपमा रहेका छन् ।

### ३.५.१.३ अवसर

शिक्षित र सीपयुक्त जनशक्ति विगतको तुलनामा वृद्धि हुदै जानु, विदेश गएर फर्किएका व्यक्तिहरु सीपयुक्त भै आफ्नै प्रदेशमा व्यवसाय संचालन गर्नु, स्वरोजगारीको विषयमा जनचेतना वृद्धि हुनु, कालिगण्डकी कोरिडोर, पोखरा अन्तराष्ट्रिय विमानस्थल, मध्यपहाडी लोकमार्गको निर्माणले रोजगारीका अवसरहरु वृद्धि हुने सम्भावना रहनु, आर्थिक रुपले सक्रिय जनशक्तिको वृद्धि हुदै जानुलाई अवसरको रुपमा लिनुपर्दछ ।

### ३.५.१.४ सोच

पर्याप्त रोजगारी एवम् स्वरोजगारका अवसरहरु सिर्जना गर्दै प्रदेशमा रहेको वेरोजगारीको संख्यालाई क्रमशः शुन्यमा पुऱ्याउने ।

### ३.५.१.५लक्ष्य

प्रदेश भित्रै ५ वर्षमा ५० (पचास) हजार रोजगारी सिर्जना गर्ने ।

### ३.५.१.६उद्देश्य

१. प्रदेशमा मर्यादित रोजगारीका अवसरहरु सिर्जना गरी वेरोजगारी तथा अर्धवेरोजगारी न्यूनीकरण गर्ने ।
२. रोजगारीका लागि सीप तथा तालिमका अवसरहरु वृद्धि गरी प्रतिस्पर्धात्मक श्रम शक्तिको उत्पादनगर्ने ।

### ३.५.१.७रणनीति

१. लगानी मैत्री वातावरण सिर्जना गरी प्रदेश भित्रै पर्याप्त र मर्यादित रोजगारी एवम् स्वरोजगारीका अवसर सिर्जना गर्ने ।
२. श्रमिकको हक अधिकारको संरक्षण र असल श्रम सम्वन्ध विकास गर्ने ।
३. प्रदेशभित्रै अन्तराष्ट्रिय रूपमा प्रतिस्पर्धा गर्न सक्ने श्रम शक्ति उत्पादनमा जोड दिने ।
४. श्रम प्रधान उत्पादन क्षेत्रको विस्तार गरी रोजगारी वढाइनेछ ।

### ३.५.१.८ कार्यनीति

१. प्रदेश स्तरमा प्राविधिक र व्यावसायीक सीप प्रदान गर्ने महाविद्यालय स्थापना गरिनेछ, साथै युवाहरुलाई सीप सिक्न प्रोत्साहन गरिनेछ । (२) (४)
२. स्थानीय तहमा संभाव्यताको आधारमा सीपमूलक प्राविधिक प्रशिक्षण केन्द्र स्थापना गर्न प्रोत्साहान गरिनेछ ।
३. श्रम तथा रोजगार क्षेत्रमा व्यवस्थापन सूचना प्रणालीको विकास गरिनेछ ।(३)
४. प्रदेशस्तरको श्रम तथा रोजगार नीति निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।(३)(४)
५. सीप तथा व्यावसायिक तालिमका अवसरहरु जुटाउन त्यस्ता तालिम दिने संस्थाहरुको स्थापनामा गर्दै जाने ।

### ३.५.१. ९ अपेक्षित प्रतिफल

श्रम तथा रोजगार सम्वन्धी माथि उल्लेखित नीति कार्यनीतिको कार्यान्वयनबाट प्रदेशभित्रै पाँच वर्षमा ५० हजार रोजगारीका अवसरहरूको सिर्जना हुने । दक्ष सीपयुक्त, स्वरोजगार नागरिकहरुको वृद्धि हुने, विदेशमा अलपत्र भएका व्यक्तिहरुको उद्धार भएको हुनेछ ।

## ३.६ युवा तथा खेलकुद

### ३.६.१ युवा

देशलाई प्रगतिपथमा लैजान युवा शक्तिको ठूलो भुमिका हुन्छ । नेपालमा १६ देखि ४० वर्ष उमेर समूहको जनसंख्या ४० प्रतिशत रहेको छ । शिक्षित, दक्ष, लगनशिल, अनुशासित युवाहरुबाट हुने योगदानले मात्र प्रदेश र राष्ट्रको विकास हुन्छ । राष्ट्रिय युवा नीति २०७२ लागू भए पनि यसले युवाहरुको विकासमा प्रत्यक्ष भूमिका खेल्न सकेको छैन । युवाहरुको विदेश पलायन रोक्नु ,राष्ट्रिय विकासको हरेक क्षेत्रमा युवाहरुको पहुँच बढाउने कुराहरु सवालको रुपमा उठ्ने गरेका छन् ।

#### ३.६.१.१ चुनौती

१. वर्षेनि श्रम बजारमा थपिने युवालाइ रोजगारी प्रदान गर्नु,
२. युवाहरुलाई रोजगारीमूलक र व्यावसायीक शिक्षा तालीम उपलब्ध गराइ बेरोजगारी न्यून गर्नु,
३. वैदेशिक रोजगारीमा लाभदायक र सम्मानजनक वातावरणको सिर्जना गर्नु,
४. युवा लक्षित कार्यक्रमहरुको वृद्धि गर्नु,
५. सामाजिक आर्थिक क्षेत्रहरुमा युवाहरुको सहभागिता वृद्धि गर्नु ।

#### ३.६.१.२ अवसर

देशमा विकास आयोजना, उद्योग संचालन गर्न प्रसस्त युवा शक्ति र श्रम देशमा उपलब्ध हुनु, विदेशिने युवाहरुबाट भित्रिने विप्रेषणले राष्ट्रिय अर्थतन्त्र निर्भर रहनु, युवालाई राष्ट्र निर्माणमा मूलप्रवाह गर्ने सोच राजनैतिक पार्टी लगायत सरकारमा आउनु, युवामा आफ्नो भूमिका राष्ट्र निर्माणमा लगाउनुपर्छ भन्ने भावनामा अभिवृद्धि हुनुलाई अवसरको रुपमा लिनु पर्छ ।

#### ३.६.१.३सोच

युवाहरुको योगदानलाई उच्च कदर गर्दै युवा शक्तिलाई प्रदेशको विकासमा जुटाउने

#### ३.६.१.४लक्ष्य

युवाहरुलाई प्रदेशको विकासमा मूलप्रवाहिकरण गर्ने

#### ३.६.१.५उद्देश्य

१. युवाकोसीप ,क्षमतालाईप्रस्फुटितपार्दैविकासमायुवासहभागिताअभिवृद्धिगर्नु।
२. युवालाई प्रदेश निर्माणको सँवाहक बनाउनु

### ३.६.१.६रणनीति

१. प्रदेशकोनीतिनिर्णयमायुवासहभागिताबढाउने

२. युवालाई दक्ष सीपयुक्त उद्यमशिल र आत्मनिर्भर बनाउने

३. युवालाई प्रदेशको स्वयं सेवकको रुपमा परिचालन गर्ने

४. खेलकुद तथा सामाजिक क्रियाकलापहरुमा युवाहरुको संलग्नता बढाउने

### ३.६.१.७ कार्यनीति

१. प्रदेशको विकास निर्माणमा युवाहरुलाई परिचालन गर्न मुख्यमन्त्री युवा कार्यक्रम संचालन गरिनेछ (१)

२. प्रदेशको निति निर्माण, कार्यक्रम निर्माण, अनुगमन मुल्याङ्कनमा युवाको सहभागिता वृद्धि गरिनेछ । (१)

३. व्यावसायीक तथा सीप विकास तालिम केन्द्रको व्यवस्था गरी युवालक्षीत व्यवसायिक सीपयुक्त तालिमको व्यवस्था गरिनेछ । (२)

४. खेलकुदमा युवाहरुको सहबागिता अभिप्रेरित गर्ने कार्यक्रमहरु संचालन गरिनेछ । (३)

५. युवाहरुमा नैतिकता, सदाचारको विकास गरि देश, समाज, र वृद्ध-वृद्धाप्रतिको दायित्वबोध गराइने छ ।(३)

## ३.६.२ खेलकुद

राष्ट्रको गौरव प्रतिष्ठा बढाउने कार्यमा खेलकूदको ठूलो भूमिका रहन्छ । खेलकुद प्रतिको बढ्दो संलग्नताले समाजमा निरोगी र स्वस्थ नागरिकको वृद्धि हुन्छ । स्वस्थ, अनुसासित नागरिक समाजको श्रृजना गर्न खेलकुदलाई प्रमुख आधारका रुपमा लिईन्छ । नेपालमा खेलकुदलाई समय सापेक्ष रुपमा अघि बढाउनेतर्फ प्रयास भएका छन् । यसतर्फ सरकारले लगानी पनि बढाउँदै लगेको र जनताको यस क्षेत्रतर्फ अभिरुची निरन्तर बढी रहेको अवस्था छ । प्रदेश नं. ४ लाई खेल पर्यटनको रुपमा विकास गर्न सकिने प्रसस्त संभावनाहरु रहेका छन।

### ३.६.२.१ चुनौती

१. खेलकुद आधारशिलाहरुको निर्माणको लागि लगानी बढाउनु,
२. खेलाडी र प्रशिक्षकलाई समयसापेक्ष तालिम प्रदान गर्नु,
३. निजी क्षेत्रलाई खेलकुदप्रति आकर्षण गर्नु,

### ३.६.२.२ अवसर

आम जनसमुदायको खेलप्रति रुची र आकर्षण बढ्नु, खेलकुदप्रति निजी क्षेत्रको चासो बढ्नु, विशेष गरी विद्यालयहरुले खेलकुदलाई शिक्षाको एक अंगको रुपमा स्थापित गर्नु, नेपाली खेलजगतले अन्तराष्ट्रिय प्रतियोगिताहरुमा पदकहरु प्राप्त गर्नु, राष्ट्रले पदक जित्ने खेलाडीको प्रोत्साहनको लागि व्यवस्था गर्नु, खेलकुद पूर्वाधारको क्रमशः विकास हुँदै जानुलाई अवसरको रुपमा लिनुपर्छ ।

### ३.६.२.३सोच

खेलकूदको माध्यमबाट प्रदेशलाई खेलकुद गन्तव्य बनाई राष्ट्रिय अन्तराष्ट्रिय सम्मान प्राप्त गर्ने

### ३.६.२.४लक्ष्य

खेलकुदको विकास गरी स्वस्थ्य अनुशासित सृजनशिललगनशिल नागरिक निर्माण ,

### ३.६.२.३ उद्देश्य

१. प्रदेश भित्र खेल पूर्वाधारको विकास गर्ने
२. खेलाडी र खेल प्रतियोगितालाई गुणात्मक बनाउने
३. खेललाई जीवनको एक अभिन्न पक्षको रुपमा विकास गर्ने
४. क्रिकेट र गल्फ खेललाई प्रदेशको पहिचानको खेलको रुपमा विकास गर्ने

### ३.६.२.४ रणनीति

१. खेलकुदमा निजी क्षेत्रको संलग्नता बढाई खेलकुद पूर्वाधार र खेलको विकास गर्ने
२. खेलाडीहरुलाई अन्तराष्ट्रिय स्तरका गुणात्मक प्रशिक्षण प्रदान गर्दै प्रतियोगिताहरुमा सहभागीता बढाउने
३. खेल पर्यटनलाई प्रदेश नं. ४ को गन्तव्यको रुपमा विकास गर्ने ।

### ३.६.२.५ कार्यनीति

१. प्रदेशस्तरमा राष्ट्रिय स्तरको खेलकुद आयोजना गर्न सक्ने गरी पूर्वआरको विकास गरिनेछ ।(१)
२. प्रदेशमा अन्तराष्ट्रिय स्तरको बहुउपयोगी खेलमैदान निर्माण गरिनेछ ।(१)
३. एक स्थानिय तहमा एक खेलमैदान निर्माणका लागि स्थानिय तहसँग सहकार्य गरिनेछ ।(१)
४. प्रदेशका खेलाडी तथा प्रशिक्षकहरुलाई अन्तराष्ट्रिय स्तरको प्रशिक्षणको व्यस्था गरिनेछ ।(२)
५. प्रदेशस्तरको एक खेलकुद प्रशिक्षण केन्द्र स्थापना गरिनेछ ।(२)
६. प्रदेशका विभिन्न स्थानमा हाई अल्टिच्युड ट्रेनिङ्ग सेन्टर स्थापना गरी संचालनमा ल्याइनेछ ।(३)
७. उपयुक्त स्थानमा क्रिकेट र गल्फ कोर्सको लागि जग्गा व्यवस्थापन गरी निर्माण गरिनेछ ।(३)

## परिच्छेदः ४

## पूर्वाधार विकास नीतिहरु

# ४.१ भौतिक पूर्वाधार विकास मन्त्रालय

### ४.१.१ पृष्टभूमी

संघियताको कार्यान्वयन संगै भौतिक पुर्वाधार एक महत्वपुर्ण मेरुदण्ड बनेको छ । प्रदेश भित्रका र बिभिन्न स्थानीय तहहरुको बिचको अन्तरसम्बन्धमा केन्द्रित हुने प्रादेशिक जलबिद्युत तथा उर्जा प्रादेशिक बैकल्पिक सडक सञ्जाल विस्तार, खानेपानी, सिंचाइ, आवास तथा सहरी बिकास, जल उत्पन्न प्रकोप व्यवस्थापन जस्ता पुर्वाधारहरुको निर्माण गर्नुका साथै सुविधा सम्पन्न प्रादेशिक प्रशासनीक संरचनाहरु स्थापना गर्नुपर्ने भएको छ । प्रदेश र स्थानीय तह बिचको आर्थिक तथा सामाजिक अन्तर सम्बन्धलाइ मजबुत बनाउन तिनिहरुलाइ एक आपसमा यातायात श्रोत र बिचारको आदान प्रदान र व्यापारीक कारोवारको माध्यामबाट आवद्ध गर्नुपर्ने हुन आउछ । यसको लागि प्रादेशिक पुर्वाधारमा ठुलो मात्रामा लगानी गरि योजनाबद्ध ढंगले कार्य गर्नु आवश्यक छ ।

लगानीको उचित व्यवस्थापन गरि उच्चतम उपलब्धिको सुनिश्चीतता गर्दे स्थानीय तहको केन्द्रलाइ आर्थिक क्रियाकलापमा अभिबृद्धि गर्न प्रदेश राजधानीसंग जोडने, प्रदेशका सवै गाउँ बस्तिमा खानेपानी र बिजुली सुविधा उपलब्ध गराउने, कृषियोग्य भूमिमा सिंचाइ सुविधा पुर्याउने, अन्तरराष्ट्रिय स्तरको बहु उद्देश्यिय खेल मैदान र सम्मेलन केन्द्रको निर्माण गर्नु, प्रदेशमा मुटु, क्यान्सर, मृगौलाको उपचारको लागी अत्याधुनिक अस्पतालको निर्माण गर्नु, बहुपहिचान संस्कृतिको संरक्षण र सम्बर्धन गर्न समुदायसंगको सहकार्यमा बहु सांस्कृतिक गाउँ निर्माण गर्नु प्रदेश राजधानीलाइ बिकल्प दिदै स्याटलाइट सिटिको बिकास आदीमा केन्द्रित हुदै आर्थिक गतिबिधि र रोजगार बृद्धि गर्नु उत्तिकै आवश्यक देखिन्छ ।

प्रदेशले प्रदान गर्ने सेवालाइ मजबुत बनाउन प्रादेशिक योजना र प्रशासनिक संरचनाका पुर्वाधारलाइ व्यवस्थापन गर्दै नागरिकको प्रत्यक्ष र निर्णायक सहभागिताबाट बिकास कार्यक्रमको छनोट एवं संचालन गरि त्यसबाट प्राप्त उपलब्धिबाट आर्थिक सामाजिक रुपान्तरण गर्ने अवस्था सृजना गर्न साधन स्रोत र प्रयत्नको संयोजित प्रबन्ध गर्नु नै उत्तिकै आवश्यक देखिन्छ ।

पुर्वाधार बिकास आयोजनाको समयमै लागत नबढ्ने गरि निर्माण सम्पन्न गरि प्रक्षेपित गुणस्तरिय प्रतिफल दिने सुनिश्चीत गर्न प्रभावकारी अनुगमन तथा मुल्यांकन प्रणलीको थालनी आवश्यक देखिन्छ ।

### ४.१.२ चुनौति

वित्तिय श्रोतको व्यवस्थापन प्रभावकारी बनाई पूर्वाधार विकासको वढ्दो माग र आवश्यकतालाई व्यवस्थापन गर्नु, पूर्वाधारका कार्यक्रमलाई गुरुयोजना मार्फत प्राथमिकतामा राखी कार्यान्वयनमा लैजानु, आयोजना निर्माणलाई गुणस्तरीय बनाउनु, विभिन्न आयोजनाहरुलाई विभिन्न निकायविच समन्वय गरी समयमानै सम्पन्न गर्न सक्नु, निर्मित भएका संरचनाहरुको मर्मत सम्भार र सम्पत्ति सुरक्षाका लागि श्रोत साधनको प्रयाप्त व्यवस्था गर्नु, छरिएर रहेका वस्तीहरुमा सडक विस्तार गर्नु, निजि क्षेत्रको क्षमता, सम्भावना तथा लगानी आकर्षण गर्नु, सवारी साधनको वृद्धिसंगै यसको उचित व्यवस्थापन गर्नु, बढ्दो सवारी दुर्घटनालाई न्यूनीकरण गर्दै सडक सुरक्षा कायम गर्नु राष्ट्रिय भवन सहिताको पालन गरी सवै किसिमका भवन सुरक्षित तवरले निर्माण गर्नु, अव्यवस्थित सहरीकरण भएको स्थानमा आधारभुत सेवा पुर्याउनु प्रमुख चुनौतिहरु हुने ।

### ४.१.३ अवसर

नयाँ राजनैतिक विकासक्रम र राज्य पूनसंरचनाको विद्यमान माहोलले आमजनतामा उमङ्ग, आशा र उत्साह, अभिवृद्धि गर्नु, राज्यको केन्द्रिकृत अधिकार विकेन्द्रीत भइ नयाँ केन्द्रहरुलाई व्यवस्थित सहरीकरण, योजनाबद्ध वस्ती विकास, पूर्वाधार विकास, विकास र सेवा प्रवाहका अवसरमा बढोत्तरी हुनु, समावेशी, सन्तुलित एवं अधिकारमा आधारित न्यायोचित विकासको प्रारम्भ गर्नु, लगानीमा प्रसस्त अवसर रहनु, वैदेशिक लागानीको लागी प्रयाप्त सम्भावना रहनु, निजी क्षेत्रको लगानी बढ्दै जानु महत्वपूर्ण अवसरका रुपमा लिन सकिन्छ ।

### ४.१.४ सोच

नविनतम प्रविधिको उच्चतम प्रयोगवाट पूर्वाधार विकास गरी प्रदेशको दिगो विकास र समृद्धि

### ४.१.५ लक्ष्य

उर्जा सुरक्षा प्रादेशिक सडक सञ्जाल, कृषियोग्य भुमिको सिंचाई, आधारभुत खानेपानीको व्यवस्था, जल उत्पन्न प्रकोप रोकथामका उपाय, सुरक्षित वसोवास जस्ता पूर्वाधारहरुको विकास गरी आर्थिक तथा सामाजिक अवसरहरुमा नागरिकको पहुँच अभिवृद्धि गर्ने ।

### ४.१.६ उद्देश्य

१. जलविद्युत सेवाको विस्तार गरी सवै घरपरिवार र क्षेत्रको सहज पहुँच सुनिश्चित गर्नु ।
२. प्रभाकारी, दिगो, भरपर्दो, सुरक्षित, वातावरणमैत्री र कम खर्चिलो यातायात सेवा प्रवाहको प्रभावकारिता वढाउनु ।

३. प्रदेश स्तरीय र स्थानीय तहको केन्द्रलाई प्रदेश राजधानी संग जोड्दै व्यापारिक सम्बन्ध विस्तार गर्नु ।
४. सिञ्चित क्षेत्र वृद्धि गर्नुका साथै जलश्रोतको वहुउद्देश्यीय उपोगमा जोड दिनु ।
५. बाढी पहिरो जस्ता जलउत्पन्न प्रकोपहरु हुनु अगावै रोकथाम गर्नु र यस्ता जोखिमबाट हुनसक्ने जनधनको क्षति न्यूनिकरण गर्नु ।
६. सवै घरधुरीलाई आधारभूत स्तरको खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउनु ।
७. प्रकोप प्रतिरोधी व्यवस्थित वस्ती विकास गरी सबैका लागि सक्षम, सुरक्षित र वातावरण मैत्री आवसको प्रवर्द्धन गर्नु ।
८. भुकम्पवाट क्षतिग्रस्त संरचनाको दिगो, सुरक्षित र योजनावद्ध पूननिर्माण तथा पूनस्र्थापना कार्य गरी पीडित व्यक्ति तथा समुदायको जनजीवनलाई कम्तीमा प्रकोप पूर्वको अवस्थामा लैजानु ।

### ४.१.७ रणनीति

**उर्जा**

१. "जलविद्युतमा जनताको शेयर, प्रदेशको सम्वृद्धि" मार्फत् जनलगानी आकर्षित गर्ने ।
२. जलविद्युतमा सार्वजनिक–निजी, साझेदारीमा लगानी वृद्धि गरी विद्युत उत्पादन गर्दै प्रसारण व्यवस्थालाई थप सुदृढ तथा विस्तार गर्ने ।

**सडक**

१. कृषि, उद्योग, व्यपार, जलविद्युत, पर्यटन, शिक्षा र स्वास्थ्य सेवामा पहुँच बढाउने गरी आर्थिक वृद्धिलाई योगदान पुर्‍याउदै सुरक्षित यातायातमा पहुँच सुविधा विस्तार गर्ने ।

**सिंचाई तथा जलउत्पन्न प्रकोप**

१. प्राविधिक एवं आर्थिक दृष्टीकोणले उपयुक्त नयाँ प्रविधीमा आधारित सिंचाईको विकास गर्दै उच्च क्षमतामा वाह्रै महिना सिंचाई सेवा उपलब्ध गराउने ।
२. प्रभावकारी प्रकोप नियन्त्रणको लागि आवश्यक प्रविधिको पहिचान विकास र विस्तार गर्ने ।

**खानेपानी**

१. सवै घरधुरीलाई आधारभुत स्तरको खानेपानी तथा सरसफाईको सेवा उपलव्ध गराउने ।

**शहरी विकास तथा भवन**

१. विपन्न र सीमान्तीकृत वर्ग तथा जोखिममा रहेका नागरिकका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवास सुविधाको व्यवस्था गर्ने ।
२. सार्वजनिक नीजि साझेदारी समेतमा वातावरणीय दृष्टीले सन्तुलित, वित्तिय दृष्टिले सम्भाब्य र प्राविधिक दृष्टिले उपयुक्त एवं सुरक्षित वस्ती विकास तथा भवन निर्माणलाई प्रोत्साहन गर्ने ।
३. भुकम्पवाट क्षतिग्रस्त संरचानाको पूननिर्माणको लागि प्राथमिकिकरण गरी जोखिमपूर्व वस्ती स्थानान्तरण लगायत योजना वनाई कार्यान्वयन गर्ने ।
४. पूर्वाधार विकासको कार्यक्रमहरुमा वातावरणीय र सामाजिक पक्षलाई संबोधन गर्ने प्रणालीको विकास गर्ने ।
५. पूर्वाधार विकास सम्बन्धी संघीय सरकारवाट सञ्चालन हुने तथा स्थानीय तहवाट सञ्चालन हुने कार्यक्रमहरुको विच समन्वय गरी कार्यान्वयनलाई सहजीकरण गर्ने ।

### ४.१.८ कार्यनीति

**उर्जा**

१. “जलविद्युतमा जनताको शेयर, प्रदेशको सम्वृद्धि” कार्यक्रम सञ्चालन गरी जनतालाई जलविद्युतको शेयरमा लगानी गर्न प्रोत्साहन गरी लगानी बढाइने छ । (१)
२. “उज्यालो प्रदेश” कार्यक्रम सञ्चालन गरी सवै घरधुरीलाई विद्युत सेवा उपलब्ध गराइनेछ । (२)
३. निजी क्षेत्र, स्थानीय तह, प्रदेश र संघ समेतको लागत सहभागिताको आधारमा ठूला जलविद्युत आयोजना सञ्चालन गरिनेछ । (२)

**सडक**

१. हरेक स्थानीय तहको केन्द्र र प्रदेश राजधानी विच सडक सञ्जाल विस्तार गरिने छ । (३)
२. प्राथमिकता प्राप्त प्रादेशिक लोकमार्गको निर्माणमा तिव्रता दिई भरपर्दो एवं सहज पहुँच योग्य वनाईनेछ । (३)
३. सडकमा वर्षैभरी निर्वाध यातायात सञ्चालनको लागि सडकपुलको निर्माणलाई तिव्रता दिइनेछ । (३)
४. सडक सञ्जाल निर्माण गर्दा कृषि, उर्जा, पर्यटन तथा उद्योग व्यवसायको समेत पर्वधन हुने गरी गरिनेछ । (३)

### सिंचाई तथा जलउत्पन्न प्रकोप

१. बाह्रै महिना सिंचाई सुविधा उपलब्ध गराउन प्राविधिक, सामाजिक, आर्थिक तथा वातावरण पक्षबाट सम्भाव्य मझौला, नयाँ प्रविधिमा आधारित सिंचाई तथा सतह सिंचाइको कार्यक्रमहरु प्राथमिकताका साथ कार्यान्वयन गरिदिने छ । (४)
२. पहाडी भु–भागमा अवस्थित टारहरुमा व्यवसायिक कृषिलाई प्रोत्साहन गर्नका लागि सौर्य उर्जा एवं अन्य प्रविधिमा आधारित लिफ्ट सिंचाई प्रणालीको विकासमा जोड दिइनेछ । (४)
३. रिमोट सेन्सीङ्ग, भौगोलिक सूचना प्रणाली र जोखिम नक्सा तथा वाढी विश्लेषण जस्ता विधिहरुको प्रयोग गरी प्रकोप नियन्त्रण कार्यलाई प्रभावकारी बनाइनेछ । (५)

### खानेपानी

१. सवै धरधुरीलाई आधारभुत स्तरको खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध गराइनेछ । (६)

### शहरी विकास तथा भवन

१. अति विपन्न र सीमान्तकृत वर्गका लागि सुरक्षित, किफायती र वातावरण मैत्री आवासको व्यवस्था गरिने छ । (७)
२. अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिक, सडक वालवालिका लगायत जोखिममा रहेका व्यक्तिहरुको लागि विशेष सामाजिक आवासको व्यवस्था गरिनेछ । (७)
३. सार्वजनिक निजी साझेदारीमा ठूलो संख्यामा आवास तथा सहरी आवसहरु निर्माण गरिनेछ ।(८)
४. प्रदेश मार्फत प्रदान गर्ने सेवालाई एकिकृत प्रशासनिक भवनमार्फत गर्ने गरी संरचनाको निर्माण गरिनेछ । (९)
५. क्षतिग्रस्त संरचनाहरु तथा वस्तीको यथार्थ अद्यावधिक अभिलेख तथा विवरण तयार गरिनेछ । (९)
६. पूननिर्माण कार्यमा संलग्न सम्पूर्ण निकायहरुसंग व्यवहारिक समन्वय गरी Proactive तरिकाले यथासिघ्र पूननिर्माण क्रियाकलाप सम्पन्न गरिनेछ । (९)
७. विस्तृत परियोजना प्रतिवेदन लगायतका क्रियाकलापमा वातावरणीय र सामाजिक पक्षलाई अभिन्न अंगको रुपमा समावेश गरी कार्यान्वयन गरिनेछ ।(९)
८. पूर्वाधार विकास सम्बन्धी संघीय र स्थानीय तहबाट सञ्चालन हुने कार्यक्रम समयमै पहिचान गरी समन्वय गर्ने व्यवस्था मिलाइनेछ ।(९)

### ४.१.९ अपेक्षित प्रतिफल

१. जलविद्युतमा जनताको लगानी सहितको अपनत्वका साथै सबै घरधुरीमा विद्युत तथा आधारभुत खानेपानी सेवा पुगेको हुनेछ ।
२. स्थानीय तहको केन्द्रलाई प्रदेश राजधानीसंग जोडी आर्थिक तथा सामाजिक क्रियाकलापमा सकारात्मक वृद्धि भएको हुनेछ ।
३. सिंचाइको माध्यमले कृषि उत्पादनमा उल्लेखित वृद्धि भएको हुनेछ ।
४. प्रभावकारी नदी नियन्त्रणको माध्यमले जनधनको क्षति न्यूनिकरण मार्फत कृषियोग्य जमिनको क्षेत्र सुरक्षित भएको हुनेछ ।
५. अति विपन्न, सीमान्कृत वर्ग, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, सडक बालबालिक लगायत जोखिममा रहेका व्यक्तिहरुको लगि आवासको व्यवस्था भएको हुनेछ ।
६. उल्लेखित पूर्वाधार विकासको माध्यमवाट उद्योग, पर्यटन, कृषि जस्ता क्षेत्रमा निजि क्षेत्र आकर्षित भई उत्पादनमा वृद्धि, अत्याधिक पर्यटकहरुको आगमन, रोजगारीको श्रृजना मार्फत आत्मनिर्भर वन्दै प्रदेश आर्थिक समृद्धिको वाटोमा पुगेको हुनेछ ।

# ५.२ सूचना तथा सञ्चार

## ५.२. १.पृष्ठभूमि

नागरिकको मौलिक हकका रुपमा संविधानले प्रदान गरेको सूचनाको हकको संरक्षण संवर्द्धन गर्दै राष्ट्रिय/संघीय देखि स्थानिय तहसम्म नै सूचना तथा सञ्चारको सर्वसुलभ प्राप्ति र उपयोग विस्तार गरी सुविधामा विविधिकरण र प्रविधिको विकास र व्यापकता सर्वत्र गराउनु आजको आवश्यकता र समयको माग हो ।

सूचना तथा सञ्चारको क्षेत्रमा केही वर्ष यता उल्लेख्य सुधार आएको छ । मोबाइल र इन्टरनेटको पहुँच विस्तारसँगै यसको माध्यमबाट विकास र समृद्धिलाई उठाउनु सबै/तीनै तहका सरकारको दायित्व रहेको सन्दर्भमा यसको महत्वलाई हृदयङ्गम गरी ४ नं. प्रदेश सरकारले पनि यस क्षेत्रको विकासमा जोड दिनु परेको छ ।

## ५.२.२. चुनौती तथा अवसर

### ५.२.२.१ चुनौती

सूचना तथा सञ्चार सेवा अन्तर्गत दूरसञ्चार सेवाको विस्तार तथा विकसित उन्नत सूचना प्रविधिको प्रसार ग्रामीण स्तरसम्म गरी आम सञ्चार माध्यमहरुलाई समेत व्यवसायिक, प्रतिस्पर्धी, आधुनिक, प्रविधियुक्त तुल्याउनु चुनौतीको रुपमा रहेको छ । हुलाक सेवाको औचित्य र नवप्रवर्तनमुखी उपयोग, निजी क्षेत्रबाट सञ्चालित सञ्चार माध्यमको नियमन र विधुतिय र मुद्रण सञ्चारको व्यवस्थित विकास गर्नु र नेपाल टेलिकमको सेवाको पहँुच विस्तार र सार्वजनिक निकायमा रहेका सूचनालाई डिजिटलाइज गरी अनलाइनबाट सूचना प्रवाह गर्नु यस क्षेत्रका चुनौतीका रुपमा रहेका छन् ।

### ५.२.२.२ अवसर

सुसूचित हुन पाउने जनताको संवैधानिक हकको प्रत्याभूति, सेवामा प्रभावकारिता र सशभागिमूलक एंव पारदर्शी शासन संयन्त्रको विकास आजको आवश्यकता भएको छ । खुल्ला लोकतान्त्रिक समावेशी व्यवस्थाका कारण समावेशी, स्वतन्त्र र निष्पक्ष सञ्चार र सूचना प्रवाह मार्फत धार्मिक, भाषिक र सांस्कृतिक विकासको माध्यमबाट राष्ट्रिय एकता प्रवद्र्धन हुने सम्भावना बढ्दै गएको छ । देशव्यापी प्रसारणमा निजी क्षेत्रको बढ्दो संलग्नता र इन्टरनेटको बढ्दो प्रयोगले विकास प्राप्तिमा सहज हुनु यस क्षेत्रका अवसरका रुपमा रहेका छन् ।

### ५.२.३.सोच, लक्ष्य, उदेश्य, रणनीति र कार्यनीति

#### ५.२.३.१ सोच

विकसित नवीन प्रविधिको अत्याधिक उपयोग गरी सूचना तथा सञ्चार सेवा मार्फत समाज विकास र समृद्धि ।

#### ५.२.३.२ लक्ष्य

प्रदेशभरि सूचना तथा सञ्चार सञ्जालको विस्तार मार्फत सामाजिक सद्भाव, आर्थिक विकास र संस्कृति प्रर्वद्धनमा टेवा पु¥याउने ।

#### ५.२.३.३ उदेश्य

विकसित सञ्चार तथा सूचना प्रविधिलाई पहुँचयोग्य, गुणस्तरीय भरपर्दो बनाई समष्टिगत विकासमा योगदान पु¥याउनु ।

#### ५.२.३.४ रणनीति

१. सार्वजनिक सञ्चार माध्यमहरुलाई व्यवसायिक, स्वायत्त र आधुनिक बनाउँदै विकसित नविनतम प्रविधिको प्रयोग गरी प्रदेशभर सुलभ र गुणस्तरीय सूचना प्रविधि सेवा उपलब्ध गराउने ।
२. जनताको सुसूचित हुन पाउने हकको प्रत्याभूति गरी सामाजिक सद्भाव प्रर्वद्धन, सास्कृतिक मूल्यको संरक्षण,विविधतताको सम्मान हुने श्रव्य दृश्य सामाग्री निर्माणमा जोड दिने ।
३. हुलाक सेवाको पुर्नसंरचना पश्चात सोको व्यवसायिक उपयोग गर्दै प्रतिष्पर्धी तुल्याउन सघाउ पुऱ्याउने र प्रदेश स्तरमा मुद्रण संयन्त्रको विकास गर्ने ।
४. प्रेस स्वतन्त्रताको मान्यता अनुरुप सोको सम्मान गर्दै आमसञ्चार माध्यमहरुलाई जिम्मेवार, विकासमूलक र उत्तरदायी बनाउने ।

#### ५.२.३.५ कार्यनीति

१. संघीय संरचना बमोजिम प्रदेशको क्षेत्राधिकार अनुरुप सञ्चार क्षेत्रको सवलीकरण, उन्नयत, विकास र नियमनका लागि आवश्यक ऐन नियम तर्जुमा गरिनेछ ।
२. सूचनाको पहुँच र गुणस्तर अभिवृद्धी गरी विपत व्यवस्थापन, सामाजिक सद्भाव, सांस्कृतिक संरक्षण, विविधताको सम्मान र संरक्षणमा बहुमुखी उपयोग गरिनेछ ।
३. सार्वजनिक निकायको पारदर्शिता अभिवृद्धी गरी सूचना सार्वजनिकीकरणको नियमितता कायम गरी सुशासनमा टेवा पु¥याइनेछ ।

४. प्रसारण, प्रकाशन, विधुतिय माध्यमका सार्वजनिक र निजी सञ्चार माध्यमको नियमनका लागि नीति, कानून र कार्यविधि तयार गरी लागू गरिनेछ ।

५. हुलाक सेवाको सृजनात्मक उपयोगमा सघाउ पुऱ्याइनेछ र प्रादेशिक क्षेत्राधिकार अनुरुप प्रादेशिक मुद्रणको व्यवस्था गरीनेछ ।

### ५.२.३.६ प्रमुख कार्यकक्रमहरु

**क. सूचनाको हकको कार्यान्वयन**

१. सूचनाको हकको संरक्षण प्रवद्र्धनका लागि आवश्यक नीति कानूनको तर्जुमा र कार्यान्वयन,

२. लोककल्याणकारी सूचनाको वितरण व्यवस्थापनमा समुचित व्यवस्था ।

**ख. दूरसञ्चार क्षेत्र**

१. ब्रोडब्याण्ड इन्टरनेट सेवा विस्तारका लागि सहकार्य र योगदान ।

**ग. छापा तथा विधुतिय सञ्चार माध्यमको विकास, विस्तार र सुदृढीकरण**

१.आवश्यक बिषयगत कानूनको निर्माण ।

२. नियमन र स्वनियमनका आधारहरुको विकास र कार्यान्वयन ।

३. प्रदेश मुद्रण व्यवस्थाका लागि संस्थागत संरचना विकास ।

**घ. हुलाक सेवाको विकास**

१. हुलाक सेवाको सिर्जनात्मक उपयोग, व्यवसायीकरण र आधुनिकरणमा सघाउ ।

**ङ.चलचित्र, केवल टि.भी, रेडियो एफ.एम. क्षेत्रको विकास**

१.प्रदेशको समग्र विकासमा सघाउ पुऱ्याउने गरी क्षेत्राधिकार अनुरुप आवश्यक नीति, कानूनको तर्जुमा र विकास ।

**च.सूचना प्रविधि र सञ्चार पूर्वाधार विकास**

१. प्रदेशस्तरमा एक आधुनिक सूचना प्रविधि पार्कको निर्माणको संम्भाव्यता अध्ययन गरी क्रमशः विकास ।

२. प्रविधिको विकास, हस्तान्तरण र उपयोगमा सघाउ ।

३. अप्टिकल फाइबर विस्तारमा जोड ।

४. प्रदेश क्षेत्राधिकार भित्र रही नियमन व्यवस्थापन र अनुगमन ।

### ५.२.४. अपेक्षित उपलब्धि

१. योजना अवधिमा प्रदेश भित्र सूचना प्रविधिको विस्तार भएको हुनेछ ।

२. इन्टरनेट प्रयोगकर्ताको संख्या र गुणस्तरमा अभिवृद्धि भएको हुनेछ ।

३. पारदर्शिता र जवाफदेहिता वृद्धि भई सुशासनमा टेवा पुग्नेछ ।

४. सूचना प्रविधि पार्कको निर्माण निश्चित टुङ्गोमा पुगेको हुनेछ ।

५. सामाजिक सद्भाव, विविधताको सम्मान, सांस्कृतिक प्रर्वद्धनमा सूचना तथा सञ्चार क्षेत्रले निश्चित योगदान पुर्‍याएको हुनेछ ।

**परिच्छेदः६**

**सुशासन**

# ६.१ प्रादेशिक सुशासन

## ६.१.१ पृष्ठभूमि

यस प्रदेशका नागरिकहरुलाई प्रभावकारी रुपमा सुरक्षा प्रबन्ध, सुशासन र विकासको अनुभुति गराउनु यस प्रदेशको प्रमुख कार्य हो । प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्न, शान्तिपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न र समृद्ध प्रदेशका लागि प्रभावकारी सुरक्षा व्यवस्था हुन आवश्यक छ ।

प्रदेशका सार्वजनिक सेवालाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै सेवामा नागरिकको सरल र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूत गरिनेछ। प्रदेशको सेवा प्रवाहलाई विद्युतीय प्रणाली मार्फत सञ्चालन गर्न समयबद्ध रुपमा विद्युतीय सुशासन गुरुयोजना तयार गरी कार्यान्वयनमा जोड दिइने छ। सार्वजनिक सेवा प्रवाहमा आउन सक्ने नागरिकको गुनासो व्यवस्थापन,सदाचार प्रवर्द्धन गर्ने कार्ययोजना, हेलो मुख्यमन्त्रीजस्ता कार्यक्रमको माध्यमबाट सुशासन कायम गर्न जोड दिइने छ।

नागरिकको दैनिक काम पर्ने र प्रत्यक्ष जनसम्पर्क हुने प्रदेशका कार्यालयहरुमा क्षतिपूर्तिसहितको नागरिक वडापत्र लागु गरी जवाफदेही र नागरिक मैत्री प्रशासनिक प्रणालीको विकास गरिने छ । प्रदेश सरकारको संचालन, दक्षता र प्रभावकारिता अभिवृद्धि गरी सुशासन कायम गरिनेछ।कर्मचारीको आचारसंहिता निर्माण गरी सदाचार प्रवर्द्धनमा उच्च प्राथमिकता दिइनेछ।

## ६.१.२चुनौती तथा अवसर

## ६.१.२.१ चुनौती

संविधान प्रदत्त संघीय ढाँचाको व्यवस्था अनुरुप प्रभावकारी ढंगले प्रशासनिक व्यवस्थापन गरी प्रदेशको सेवा प्रवाहको सुनिश्चितता प्रदान गर्ने, संघ र स्थानीय तहसँग समन्वयात्मक ढंगले जनताको घर दैलोसम्म सेवा विस्तार गर्दै सुशासनको अनुभूति दिलाउने,प्रदेशका सरकारका कृयाकलापलाई पारदर्शी, जवाफदेही, सहभागिता मूलक, नैतिकवान, अनुशासित र उत्प्रेरणा अभिबृद्धि गर्नु चुनौती रहेको छ। प्रदेश सेवालाई राष्ट्र प्रति समर्पण र जनताप्रतिको सेवाभाव गर्न उत्प्रेरित गराई प्रदेश सरकारको उपस्थितिलाई गतिशील र प्रभावकारी बनाउने चुनौती रहेका छन् ।

### ६.१.२.२अवसर

नेपालको संविधानले शासकीय प्रणालीलाई पुनर्संरचना गरी संघीय ढाँचामा रुपान्तरित गरेको छ। संविधानले राज्यका आर्थिक,सामाजिक,राजनीतिक र विकासका अधिकारहरु बाँडफाँड गरी स्पष्ट कार्य जिम्मेवारीका साथ प्रदेश सरकार गठन भै संचालनमा आएको छ। अधिकार सम्पन्न स्थानीय तह, सक्षम प्रदेश र सुदृढ संघीय सरकारको आधारमा मुलकको विकास र समृद्धिका लागि सुशासनको माध्यमबाट लक्ष्य हासिल गर्ने प्रवन्ध गरिएकोले सुशासन कायम गर्नका लागि एउटा महत्त्वपूर्ण अवसर प्राप्त भएको छ। नागरिकको चाहना अनुरुप सुशासनको व्यवस्थापन गर्न आवश्यक पर्ने विधी, नीति तथा प्रविधि सहितको प्रक्रिया र संगठन संरचना नयाँ स्वरुपमा निर्माण गरी नविनतम् ढंगले सुशासन कायम गर्ने अवसर प्राप्त भएको छ।

## ६.१.३सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ६.१.३.१ सोच

जवाफदेही, स्वच्छ,दक्ष, सहभागितामूलक,जनमुखी र सेवाको लागत न्यून गर्दै नागरिक मैत्री प्रादेशिक सुशासन कायम गर्ने।

### ६.१.३.२ लक्ष्य

प्रदेशका सार्वजनिक सेवालाई जनताप्रति उत्तरदायी, विकास र सुशासन मैत्री बनाउने ।

### ६.१.३.३. उद्देश्य

१. प्रदेश सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, परिणाममुखी, जवाफदेही बनाई प्रदेशको विकास र समृद्धि हासिलगर्ने ।
२. प्रदेशमा भरपर्दो, विश्वसनीय, मजबुत सुरक्षा प्रवन्ध मिलाई शासकीय सबलीकरण गर्ने।

### ६.१.३.४ रणनीति

१. प्रदेश सार्वजनिक सेवालाई सर्वसाधारणको पहुँचयोग्य र गुणस्तरीय बनाउन प्रशासन संयन्त्रको विकास गर्ने ।
२. प्रदेश सेवालाई विद्युतीय प्रणालीको माध्यमबाट प्रवाह गर्ने ।
३. जनप्रतिनिधि र राष्ट्रसेवकलाई कामप्रति प्रतिबद्ध, परिणाममुखी र उत्तरदायी बनाउने ।
४. शान्ति सुरक्षा व्यवस्थालाई मजबुत,चुस्त, दुरुस्त र भरपर्दो बनाउने।
५. प्रदेशको सार्वजनिक सेवालाई संघ रस्थानीय तहसँग समन्वयात्मक ढंगले सञ्चालन गर्ने ।
६. मानव बेचबिखन, संगठित र वित्तीय अपराध नियन्त्रण तथा लागु औषध नियन्त्रण गर्ने ।
७. विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउने ।

#### ६.१.३.५ कार्यनीति

१. संघीय ढाचा अनुरुपको प्रदेशका संस्थागत संरचना स्थापना गर्दै लगिनेछ।(१)

२. सार्वजनिक सेवाप्रवाहलाई भेदभाव रहित, समावेशी एवं सहभागितामूलक बनाइनेछ । ।(१)

३. सेवा प्रवाह सम्बन्धी कार्यविधिको सरलीकरणगर्न र गुणस्तर अभिवृद्धि गर्न विद्युतीय सुशासनमा जोड दिइनेछ।(१)

३. अत्यावश्यक सेवाप्रवाहलाई स्थानीय स्तरबाटै उपलब्ध गराउन स्थानीय तहलाई सघाउ पुर्‍याउने गरी सहजीकरण गरिनेछ । (२)

४ क्षतिपूर्ति सहितको नागरिक वडापत्रको अनिवार्य व्यवस्था गरिनेछ ।(२)

४. नागरिकको गुनासो व्यवस्थापन र सूचना पहुँच अभिवृद्धि गरिनेछ ।(२)

५. आयोजना कार्यान्वयनमा सुशासन, पारदर्शिताको अभिवृद्धि गर्दे जिम्मेवार पदाधिकारीको कार्य जिम्मेवारी र जवाफदेहिता तोकेर कार्य सम्पादन सूचक सहितको कार्यसम्पादन सम्झौता लागु गरिनेछ ।(३)

६. भ्रष्टाचार विरुद्धको शुन्य सहनशीलताको प्रतिबद्धता अनुरुप प्रदेशमा सदाचारिता अभिवृद्धि गरिनेछ ।(३)

७. कर्मचारीको लागि आवासको व्यवस्था गर्दै आश्रित परिवारको लागि समेत दुर्घटना र स्वास्थ्य बिमाको प्रबन्ध प्रदेश निजामती सेवामालागु गरिनेछ ।(३)

८. सक्षम र प्रतिस्पर्धी राष्ट्रसेवक बनाउन क्षमता अभिवृद्धिका लागि तालीम र उत्प्रेरणाका कार्यक्रम सञ्चालन गरिनेछ ।(३)

९. प्रदेश सेवा र कार्यको अनुगमन र मूल्याङ्कनबाट प्राप्त हुने पृष्ठपोषण अनुसारप्रदेश सेवालाई समय सापेक्ष पार्दै लगिनेछ ।(४)

१०.शान्ति सुरक्षालाई भरपर्दो बनाउन सुचना प्रणालिको प्रयोग गरी समन्वयात्मक ढंगले व्यवस्थापन गरिनेछ ।(४)

११ शान्तिसुरक्षालाई मजवुत, चुस्त, दुरुस्त र विश्वसनीय बनाउन शान्ति सुरक्षा अनुगमन समितिलाइ प्रभावकारी बनाइने छ। सामुदायिक प्रहरीमा विशेष जोड दिदैप्रदेश प्रहरीलाई जनमैत्री बनाइनेछ ।(४)

१२ अति संवेदनशील एवम् महत्वपूर्ण प्रतिष्ठान तथा भौतिक पूर्वाधारको विशेष सुरक्षा प्रबन्ध मिलाइनेछ ।(४)

१३. नियमित व्यवस्थापन परीक्षणको माध्यमबाट प्रशासनिक जवाफदेहिता कायम गरिनेछ ।(४)

१४. कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली अवलम्बन गरी व्यक्तिको कार्यसम्पादनलाई कार्यालयको कार्य प्रगतिसँग आबद्ध ।(४)

१५. प्रदेश भित्रका निजामती कर्मचारीहरुको PIS(Personal Infprmation System) वैयक्तिक अभिलेख अद्यावधिक गरिनेछ ।(४)

१६ प्रदेश लोकसेवा आयोगको गठन गरी जनशक्ति व्यवस्थापन गरिनेछ ।(४)

१७. नागरिक, प्रदेश प्रहरी, प्रदेश अनुसन्धान व्यूरोको समन्वयात्मक रूपमा सुरक्षा कायम गर्न र मानव वेचविखन न्युनिकरण गर्न परिचालन गरिनेछ । ।(६)

१८. लागु औषधको अवैध उत्पादन, बिक्री वितरण एवम् ओसारपसारलाई कडाइका साथ नियन्त्रण गरिनेछ । (६)

**१९. विपद् व्यवस्थापनको खोजउद्धार,राहतर पुनर्लाभका लागि तालिम प्राप्त दक्ष जनशक्ति तयार गरिनेछ । (७)**

**२० विपदबाट आउने जोखिमको न्यूनिकरणको रणनीति अवलम्वन गरिने छ ।(७)**

**२१ भौगोलिक अवस्थानुसारको संभावित जोखिम क्षेत्रको नक्सांकन गरी पूर्व सुचना प्रणालीको विकास गरिनेछ ।(७)**

**परिच्छेदः ८**

**योजनाप्रकृया एवं तथ्याङ्किय प्रणाली**

# ८.१ योजना तर्जुमा तथा कार्यान्वयन

## ८.१.१. पृष्ठभूमि

प्रदेश सरकारले आफ्ना लक्षित विकास तथा कार्यक्रममा प्रतिफल हासिल गर्न यथार्थपरक र व्यावहारिक योजना तर्जुमा तथा सोको प्रभावकारी कार्यान्वयनको अग्रणी भूमिका रहन्छ । प्रदेशको प्रथम आवधिक योजनामा योजना प्रक्रियालाई तथ्यमा आधारित, नतिजामुखी र यथार्थपरक बनाउन योजनाको नतिजा खाका तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।

## ८.१.२. चुनौती तथा अवसर

### ८.१.२.१ चुनौती

प्रदेश सरकारले आफ्नो विकासको दीर्घकालीन सोच तर्जुमा गरी सोअनुसार योजना तथा कार्यक्रम तर्जुमा गर्नु, स्रोतसाधनको सुनिश्चितता गरी आवधिक योजना र वार्षिक बजेटबीच सामञ्जस्यता कायम गर्नु, योजना कार्यान्वयन गर्ने निकायहरूको क्षमता अभिवृद्धि गर्नु, कार्यान्वयनमा संलग्न जनशक्तिको उत्प्रेरणा र कार्यसम्पादनस्तर अभिवृद्धि गर्नु, योजना कार्यान्वयनलाई प्राथमिकतामा राख्नु र सार्वजनिक खरिद तथा जग्गा प्राप्तिसम्बन्धी कानुनी तथा प्रक्रियागत जटिलता हटाउनु योजना कार्यान्वयनसम्बन्धी मुख्य चुनौती हुन् ।

### ८.१.२.२ अवसर

मध्यम आय भएको देशमा पुग्ने राष्ट्रिय लक्ष्य,दिगो विकासको लक्ष्य हासिलको प्रतिवद्धता, वित्तीय संघीयताको कार्यान्वयन, समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय अभियानर स्थानीय तह देखि नै आर्थिक र सामाजिक रुपान्तरणको सोचलेप्रादेशिक ढाँचाअनुरूप योजना प्रक्रियालाई थप सन्तुलित, समन्यायिक र समावेशी बनाउनेअवसरका रूपमा रहेका छन् ।

## ८.१.२. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ८.१.२.१ सोच

तथ्यमा आधारित नतिजामुखी योजना तर्जुमाले कार्यान्वयनमा दक्षता आउने ।

### ८.१.२.२ लक्ष्य

विकास योजना, कार्यक्रम र आयोजनालाई निर्धारित परिमाण, लागत, गुणस्तर र समयमा सम्पन्न गर्ने ।

### ८.१.२.३ उद्देश्य

१. योजना तर्जुमा पद्धतिलाई प्राविधिक रूपमा सबल, व्यावहारिक र कार्यान्वयनयोग्य बनाउने ।

२. विकास कार्यक्रम र आयोजनाको कार्यान्वयनको क्षमता अभिवृद्धि गरी समयमै आयोजनाको प्रतिफल प्राप्त गर्ने ।

### ८.१.२.४ रणनीति

१. योजना तर्जुमा प्रणाली तथा कार्यान्वयनको सुदृढीकरण र विकास गर्ने ।

२. सार्वजनिक निकाय एवम् निजी, सहकारी तथा सामुदायिक क्षेत्रको क्षमता विकास गर्ने ।

### ८.१.२.५ कार्यनीति

१. प्रदेशका अधिकारसूची भित्रका योजना कार्यान्वयनको संस्थागत व्यवस्था गरिनेछ । (१)

२. तथ्यमा आधारित नतिजामुखी योजना र मध्यकालीन खर्च संरचनाका माध्यमबाट वढि र छिटो प्रतिफल दिने आयोजनाको प्राथमिकीकरण गरिने छ ।(१)

३. सार्वजनिक निजी साझेदारीका आयोजनाको कार्यान्वयनका लागि सक्षम निकायको रुपमा कार्य संम्पादन गरिनेछ । (१)

४. सरकारी, सार्वजनिक निजी साझेदारी र निजी क्षेत्रबाट प्रर्वद्धित विकास आयोजना र परियोजनाको लागि एकल विन्दु सेवा र लगानी प्रवर्द्धनको काम गरिनेछ ।(१)

५. प्रदेशको अधिकारसूचीभित्रका विकास कार्यको लागि आयोजना र परियोजनाहरुको अध्ययन अनुसन्धान गरी त्यसको बिस्तृत आयोजना प्रतिवेदन सहितको परियोजना बैक बनाइनेछ ।(१)

६. परियोजना बैक भित्रका आयोजनाहरुको आयोजना कार्यान्वयनका लागि न्युनतम पूर्वाधार र जग्गा प्राप्तीको सुनिश्चितता गरी आयोजना छनौट प्रणाली (Project Readiness Filter)को विकास गर्ने ।संघ, प्रदेश र स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाहरुको छनौट गर्ने ।साथै सार्वजनिक निजी साझेदारी र निजी क्षेत्रले विकास गर्ने आयोजनाहरुको पनि यसै पद्धती अनुरुप छनौट गर्ने ।(१)

७. राष्ट्रिय तथा प्रादेशीक गौरवका आयोजनाहरुको छनौटको मापदण्ड र कार्यान्वयनमा दक्षता ल्याउन कानून तर्जुमा सहितको पूर्वाधार विकास गरिनेछ ।(१)

८. सार्वजनिक खरिद, प्राकृतिक स्रोत र साधन तथा जनशक्ति परिचालनसम्बन्धी कानुनी, नीतिगत, संस्थागत र प्रक्रियागत सुधार गरिनेछ । (१)

९. योजना तर्जुमा तथा कार्यान्वयनमा संलग्न हुने जनशक्तिको क्षमता विकास तथा जवाफदेहिता अभिवृद्धि गरिनेछ । (१)

१०. प्रदेशका आर्थिक पक्षसँग सरोकार राख्ने तथ्यांकहरुको अद्यावधिक गर्ने । (२)

११. प्रदेशको भौगोलिक सूचना प्रणाली (GIS) को विकास गरी योजना तर्जुमा र कार्यान्वयनमा उपयोग गरिनेछ ।(२)

१२. प्रदेशका योजना र कार्यक्रमको कार्यान्वयनमा सुधार गर्न नतिजामा आधारित अनुगमन तथा मुल्यांकन प्रणालिको अवलम्वन गरिनेछ ।(२)

१३. अनुगमन मुल्यांकन प्रणालीलाइ सुदृढ गर्न विद्युतीय प्रणाली सहितको विशेष कक्षको स्थापना गरी संचालनमा ल्याइनेछ ।(२)

### ८.१.३. अपेक्षित उपलब्धि

प्रदेशको योजना प्रणाली विकास तथा कार्यान्वयन व्यवस्था भएको हुनेछ । साथै मध्यमकालीन खर्च संरचना संस्थागत भएको, वार्षिक विकास कार्यक्रम र आवधिक योजनाबीच तालमेल कायम भएको हुनेछ ।कार्यक्रम तथा आयोजना निर्धारित गुणस्तर, लागत एवम् समयभित्रै सम्पन्न भएको हुनेछ ।योजना तर्जुमा तथा कार्यान्वयनमा जनशक्तीको क्षमता विकास भएको हुने । योजना तर्जुमाको लागि आवश्यक तथ्थ तथ्यांकहरुको उपलव्धता भएको हुनेछ ।

## ८.२ अनुगमन तथा मूल्यांङ्कन

### ८.२.१. पृष्ठभूमि

विकास योजना, नीति, कार्यक्रम, आयोजना तथा सेवाप्रवाहको कार्यान्वयन पक्षलाई प्रभावकारी नतिजामुखी, गुणस्तरीय, जवाफदेहीपूर्ण बनाउन अनुगमन तथा मूल्यांङ्कनको महत्वपूर्ण भूमिका रहन्छ ।

प्रदेश सरकारको गठन भई ऐन, नियम, नीतिहरु तर्जुमा गरी कार्यान्वयन प्रक्रिया अघि बढने क्रममा रहेकोछ । प्रदेश सरकारबाट पारित ऐन, नियम, नीतिहरु अनुरुप संचालित विकास योजनाको सफल कार्यान्वयनका लागि प्रगति प्रतिवेदन गर्ने प्रणालीलाई सूचना प्रविधिको प्रयोग मार्फत नतिजामूलक बनाउन अनुगमन मूल्यांङ्कन सूचना प्रणालीको विकास गर्नुपर्ने देखिन्छ । कार्यान्वयनका क्रममा देखिएका कमी कमजोरीलाई सुधार गर्न नियम एवं नीतिगत सुधार गर्न प्राप्त पृष्ठपोषणका लागि प्रदेश स्तरीय अनुगमन तथा मूल्यांङ्कन संयन्त्र गठन गर्न जरुरी छ ।

## ८.२.२ चुनौती र अवसर

### ८.२.२.१ चुनौती

प्रदेश तथा स्थानीय तहमा ऐन, नियम, नीति, कार्यक्रम, योजना एवं तिनको कार्यान्वयन प्रकृयासंग अन्तरसम्बन्धित अनुगमन तथा मूल्यांङ्कन पद्धतिलाई संस्थागत गर्नु , जनताको बढदो आकांक्षालाई संबोधन गर्नु, मानव अधिकारको संरक्षण, विधिको शासन, दिगो शान्ति, सुशासन कायम गर्नु, विभिन्न तह तथा निकायमा अनुगमन तथा मूल्यांङ्कन सम्बन्धी क्षमता विकास गर्नु र दक्ष जनशक्तिलाई यस कार्यमा आकर्षित गर्नु प्रमुख चुनौती रहेकोछ ।

### ८.२.२.२ अवसर

प्रदेश सार्वजनिक सेवालाई संस्थागत गरी संविधानको मर्म र जनताको चाहनालाई संबोधन गर्न प्रदेश सरकार गठन भई कार्यान्वयनमा आई सकेकोछ । प्रदेश सरकारको गठन संगसंगै विभिन्न नीति, ऐन, नियम, कानून तर्जुमा भई कार्यान्वयनमा आएकाछन् भने कतिपय ऐन, नियम, तर्जुमाको चरणमा रहेकाछन् । प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा निकायमा जनशक्तिको परिपूर्ति भएकोछ भने भएका ऐन, नियम र तर्जुमा हुने ऐन, नियम तथा संगठनात्मक सुधार र जनशक्तिलाई अवसरको रुपमा लिन सकिने छ ।

## ८.२.३. सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति

### ८.२.३.१ सोच

नतिजामूलक तथा सूचना प्रविधियुक्त, अनुगमन तथा मूल्याङ्कन प्रकृया मार्फत सुशासन तथा दिगो विकास ।

### ८.२.३.२ लक्ष्य

सेवाप्रवाह, विकास कार्यक्रम तथा आयोजनालाई लक्षित परिमाण, गुणस्तर, समय र लागतमा समानता गराई गुणस्तरीय सेवाप्रवाह तथा योजनाका लक्ष्यहरु हासिल गर्न सहयोग गर्नु ।

### ८.२.३.३ उद्देश्य

सार्वजनिक सेवालाई पारदर्शी, जिम्मेवारयुक्त, जवाफदेही, सहज र सर्वसुलभ बनाउन तथा योजना, नीति, कार्यक्रम तथा आयोजनाका लक्ष्यहरु हासिल गर्न आवश्यक सूचना समयमानै उपलब्ध गराउन सक्ने गरी नतिजामूलक तथा सूचना प्रविधियुक्त अनुगमन तथा मूल्यांङ्कन पद्धतिलाई संस्थागत गर्ने ।

### ८.२.३.४ रणनीति

१. कानूनी तथा नीतिगत व्यवस्था गरी नीति, कार्यक्रम तथा विकास आयोजनाको अनुगमन मूल्यांङ्कनलाई संस्थागत गर्ने ।

२. प्रदेशका मन्त्रालय एवं कार्यालयको अनुगमनतथा मूल्याङ्कन पद्धतिलाई मापनयोग्य र व्यवस्थित गर्ने।

३. अनुगमन तथा मूल्यांङ्कन प्रणालीलाई स्वतन्त्र तथा गुणस्तरीय तुल्याई निर्णय प्रकृयामा मूल्यांङ्कनका नतिजालाई उपयोग गर्ने ।

४. सूचना प्रविधिमा आधारित अनुगमन तथा मूल्यांङ्कन प्रणालीको विकास गर्ने ।

### ८.२.३.५ कार्यनीति

१. नागरिक वडापत्र, सेवाग्राही सन्तुष्टी सर्वेक्षण,E-Governance, Web Site लागू गरिनेछ ।

२. सार्वजनिक सेवा प्रवाहप्रति जनविश्वास अभिवृद्धि गर्न सेवालाई समावेशी, मितव्ययी, नतिजामुखी र छिटो छरितो तुल्याइनेछ ।

३. प्रदेशमा सञ्चालित आयोजनाहरुको सहजीकरण र अनुगमनका लागि विशेष कक्षको स्थापना गरिनेछ ।

४. तेश्रो पक्षबाट गरिने अनुगमन तथा मूल्यांङ्कनका सूचकहरु तय गरी गुणस्तरीय बनाइनेछ ।

५. अनुगमन तथा मुल्याङ्कनका लागि तेस्रो पक्षको विज्ञता प्रयोग गरिने छ।

६. अनुगमन तथा मुल्याङ्कनका लागि मुख्यमन्त्रीको नेतृत्वमा उच्चस्तरीय विशेषज्ञ कक्ष समिति र प्रमुख सचिवको संयोजकत्वमा सबै मन्त्रालयका सचिव रहेको अनुगमन मुल्याङ्कन समिति गठन गरिने छ।

७. सूचना प्रविधिको प्रयोग बढाई अनुगमन तथा मूल्यांङ्कन कार्यालाई प्रभावकारी बनाइनेछ ।

८. अनुगमन तथा मूल्यांङ्कन कार्यमा संलग्न जनशक्तिको क्षमता विकास गरिनेछ ।

### ८.२.३.६ प्रमुख कार्यक्रमहरु

१. अनुगमन तथा मूल्यांङ्कन सम्बन्धी ऐन, नियमावली तर्जुमा ।

२. सम्बन्धित निकायको वेभसाइटमा कार्यक्रमका आयोजनाको अनुगमन तथा मूल्यांङ्कन प्रतिवेदन राख्ने ।

३. सूचना अधिकारीको व्यवस्था र प्रशिक्षण ।

४. नतिजामूलक अनुगमन तथा मूल्यांङ्कन सम्बन्धी प्रशिक्षणको व्यवस्था ।

५. E-Governance, Hello CM, विद्युतीय हाजिरी,Web Portal लगायतका सुशासनसंग सम्बन्धित विद्युतीय कार्यप्रणाली लागू।

६. मुख्यमन्त्रीको नेतृत्वमा प्रदेशमा सञ्चालित आयोजनाहरुको सहजीकरण र अनुगमनका लागि विशेष कक्षको स्थापना ।

७. विकास आयोजना तथा सेवाप्रवाहको नियमित अनुगमन ।

### ८.२.३.७ अपेक्षित उपलब्धी

१. अनुगमन तथा मूल्यांङ्कन सम्बन्धी ऐन, नियम तर्जुमा भएको हुनेछ ।

२. प्रदेश सरकारको कार्य पद्धति विद्युतीय प्रणालीबाट सञ्चालित भएको हुनेछ ।

३. अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनका लागि मुख्यमन्त्रीको नेतृत्वमा विशेष कक्ष स्थापना भएको हुनेछ ।

४. प्रदेशको सेवा सेवाग्राही मैत्री र प्रविधि मैत्री हुनेछन् ।

५. भ्रष्टाचारको अन्त भई सुशासन कायम भएको अनुभूति जनताले गर्नेछन् ।

६. सार्वजनिक विषयका सूचनाको उपलब्धता भरपर्दो र सर्वसुलभ हुनेछ ।

७. प्रमुख सचिवको संयोजकत्वमा प्रदेशका सबै मन्त्रालयका सचिव रहने गरी उच्च स्तरीय अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कन समिति गठन भई कार्य गरेको हुनेछ ।

७. प्रदेश भित्रको कार्य सम्पादन मध्ये उत्कृष्ट कार्य अन्य प्रदेश, स्थानीय तहमा लागू भएको पाउने छौं ।

८. राष्ट्रिय गौरवका आयोजना लगायतका सबै आयोजनाहरु तोकिएका समयमा सम्पन्न हुनलाई सहयोग पुगेको हुनेछ ।

९. आगामी दिनमा सुधार गर्नु पर्ने क्रियाकलापका लागि पृष्ठपोषण प्राप्त हुनेछ ।

१०. प्रदेश भित्रका सबै कर्मचारीहरु उत्प्रेरित भएको पाउने छौं ।

## ८.३ तथ्यांङ्कीय प्रणाली

### ८.३.१. पृष्ठभूमि

प्रदेश सरकारले आफ्नो योजना र विकासको त्रिआयामिक सम्बन्ध सुदृढ बनाई यथार्थपरक योजना तर्जुमा, कार्यान्वयन र सोको अनुमगन तथा मूल्याङ्कन सम्भव भई दिगो विकासमा टेवा पुग्नसक्दछ । दिगो विकास लक्ष्यको विश्वव्यापी घोषणामा पनि तथ्याङ्क विकास तथा समयानुकुल उन्नयनका लागि विशेष जोड दिइएको छ । समयसापेक्ष, विस्तारित, खण्डीकृत, भरपर्दो र मागसापेक्ष तथ्याङ्कको नियमित आपूर्ति र उच्चतम प्रयोगले नै तथ्यमा आधारित विकास अवधारणालाई साकार पार्न सकिनेछ।

### ८.३.२. चुनौती तथा अवसर

#### ८.३.२.१ चुनौती

प्रदेश सरकारले समयसापेक्ष तथ्याङ्क ऐनको तर्जुमा गर्नु, उत्पादित तथ्याङ्कमा दोहोरोपना हटाउनु, तथ्याङ्कको उपयोग वृद्धि गर्नु, जनशक्तिको दक्षता वृद्धि गर्नु र अनाधिकृत तथ्याङ्कको प्रयोग हटाउनु प्रमुख चुनौती हुन् ।

#### ८.३.२.२ अवसर

नेपालको राष्ट्रिय तथ्याङ्क प्रणालीमा मूलतः माग र प्रयोगमा विस्तार हुनु, देखिएको बढ्दो एवम् विस्तारित जागरूकता हुनु, नयाँ–नयाँ तथ्याङ्कीय प्रविधिहरूको विकास हुनु, विकास साझेदारहरूबाट तथ्याङ्कीय विकासमा चासो र सहयोग हुनु, नयाँ तथ्याङ्क ऐनको अपरिहार्यता महसुस हुनु, सम्बन्धित निकायहरूमा तथ्याङ्कीय जनशक्तिले आर्जन गरेको पेशागत विज्ञता विद्यमान हुनु मुख्य अवसर हुन् ।

### ८.३.३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

#### ८.३.३.१ सोच

प्रभावकारी, समन्वयात्मक र क्रियाशील प्रादेशीक तथ्याङ्क प्रणालीको स्थापना ।

#### ८.३.३.२ लक्ष्य

योजना तथा विकासका नीतिका लागि आवश्यक पर्ने तथ्याङ्क तथा तथ्याङ्कीय सेवा विद्युतीय प्रणाली मार्फत उपलब्ध गराउने ।

#### ८.३.३.३ उद्देश्य

१. प्रदेशले उत्पादन गर्ने तथ्याङ्क तथ्यमा आधारित नीति निर्माणार्थ परिमाणजनक र परिणामजन्य गरी यस प्रदेशका प्रयोगकर्ताहरूको माग र आवश्यकता सम्बोधन गर्नु ।

२. लागत–प्रभावी तथ्याङ्कीय विकास र गतिविधिहरूका लागि सान्दर्भिक नीति, अभ्यास र क्षमता विकास गर्नु ।

### ८.३.३.४ रणनीति

१. उच्च गुणस्तरीय तथ्याङ्क उत्पादन, सुधार र आपूर्ति गर्ने ।

२. तथ्याङ्क उत्पादनका सबै सम्भाव्य विधि र स्रोतहरूको उपयोग गर्ने ।

### ८.३.३.५ कार्यनीति

१. दिगो विकासको लक्ष्यहरूको अनुगमन तथा मूल्याङ्कनका लागि निर्धारित प्रदेशका सबै तहका सूचकहरू आपूर्ति गर्नका लागि आवश्यकताअनुसार गणना र सर्वेक्षणहरू सञ्चालनका साथै व्यवस्थापन सूचना प्रणाली तथा प्रशासनिक दस्ताबेजहरूको सामयिक र गुणस्तरीय व्यवस्थापन गरिनेछ ।

२. नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवाका विभिन्न पदहरूको न्यूनतम शैक्षिक योग्यता, सेवा सञ्चालन, सेवाका सर्तहरू, तालिम र वृत्ति विकासका अन्य अवसर आदिमा सुधार गर्दै लगिनेछ ।

३. योजना अवधिमा प्रादेशीक तथ्याङ्क प्रशिक्षण केन्द्रको स्थापनार्थ प्रारम्भिक तयारीहरू सम्पन्न गरिनेछ ।

### ८.३.३.६ प्रमुख कार्यक्रमहरू

### क. नीतिगत, कानुनी र संस्थागत व्यवस्था

१. नेपालको संविधानमा व्यवस्था भए बमोजिमको तथ्याङ्क सम्बद्ध अधिकारको आधारमा प्रदेशमा रहने तथ्याङ्क कार्यालयहरूको सङ्गठन संरचना तथा कार्यक्षेत्र निर्धारण गरी विस्तृत कार्यविधि तयार ।

२. तथ्याङ्क विकासका लागि राष्ट्रिय रणनीति स्वीकृत गरी चक्रीय र चरणबद्ध कार्यान्वयन ।

३. कुल गार्हस्थ्य उत्पादनको त्रैमासिक प्रकाशन ।

४. उपभोक्ता मूल्य सूचकाङ्कसम्बन्धी कार्य ।

### ८.३.४. अपेक्षित उपलब्धि

प्रदेश सरकारले प्रदेशको तथ्याङ्क विकासका लागि प्रादेशकीक तथ्याङ्क प्रणालीको कानुनी र संस्थागत विकास भएको हुनेछ । तथ्याङ्कीय जनशक्तिको क्षमता विकास भएको, नवीन तथ्याङ्कीय विधि र प्रविधिको अनुसरणसहित गुणस्तरीय तथ्याङ्कको माग, आपूर्ति र प्रयोगमा वृद्धि भएको एवम् नीति निर्माण र योजनाका लागि तथ्याङ्क अपरिहार्य तत्वका रूपमा स्थापित भई प्रदेशको विकाससँग एकीकृत भएको हुनेछ ।

# अनुसूची १ः

## Composition of Gross Domestic Product by ISIC Division

| NSIC | Industrial Classification | 2057/58<br>2000/01 | 2058/59<br>2001/02 | 2059/60<br>2002/03 | 2060/61<br>2003/04 | 2061/62<br>2004/05 | 2062/63<br>2005/06 | 2063/64<br>2006/07 | 2064/65<br>2007/08 | 2065/66<br>2008/09 | 2066/67<br>2009/10 | 2067/68<br>2010/11 | 2068/69<br>2011/12 | 2069/70<br>2012/13 | 2070/71<br>2013/14 | 2071/72<br>2014/15 | 2072/73<br>2015/16 | 2073/74 R<br>2016/17 | 2074/75 P<br>2017/18 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| A | Agriculture and forestry | 36.15 | 36.92 | 36.03 | 35.45 | 34.71 | 33.09 | 32.05 | 31.22 | 32.54 | 35.00 | 36.68 | 34.82 | 33.40 | 32.16 | 31.27 | 31.08 | 28.25 | 27.10 |
| B | Fishing | 0.43 | 0.49 | 0.46 | 0.48 | 0.47 | 0.49 | 0.47 | 0.50 | 0.43 | 0.38 | 0.38 | 0.40 | 0.42 | 0.48 | 0.47 | 0.53 | 0.51 | 0.49 |
| C | Mining and quarrying | 0.43 | 0.48 | 0.49 | 0.48 | 0.49 | 0.50 | 0.49 | 0.56 | 0.54 | 0.53 | 0.54 | 0.57 | 0.61 | 0.60 | 0.60 | 0.56 | 0.59 | 0.62 |
| D | Manufacturing | 9.03 | 8.50 | 8.20 | 8.05 | 7.92 | 7.59 | 7.48 | 7.34 | 6.97 | 6.34 | 6.24 | 6.34 | 6.35 | 6.20 | 6.03 | 5.82 | 5.55 | 5.39 |
| E | Electricty gas and water | 1.82 | 2.06 | 2.42 | 2.31 | 2.26 | 2.09 | 2.13 | 1.95 | 1.56 | 1.36 | 1.24 | 1.22 | 1.30 | 1.17 | 1.12 | 1.02 | 1.27 | 1.19 |
| F | Construction | 6.01 | 6.49 | 6.54 | 6.42 | 6.47 | 6.50 | 6.47 | 6.95 | 6.79 | 6.91 | 6.93 | 6.86 | 6.93 | 6.93 | 7.06 | 6.80 | 7.27 | 7.60 |
| G | Wholesale and retail trade | 16.44 | 14.59 | 14.51 | 15.29 | 14.09 | 14.31 | 13.29 | 13.51 | 13.22 | 14.40 | 13.90 | 13.79 | 14.54 | 14.90 | 14.69 | 14.11 | 13.43 | 13.26 |
| H | Hotels and restaurants | 1.99 | 1.61 | 1.59 | 1.73 | 1.57 | 1.49 | 1.44 | 1.48 | 1.49 | 1.55 | 1.63 | 1.76 | 1.89 | 1.94 | 2.05 | 2.00 | 1.98 | 2.05 |
| I | Transport, storage and communications | 7.39 | 7.87 | 8.31 | 8.94 | 9.06 | 9.72 | 9.97 | 9.86 | 9.86 | 8.52 | 8.20 | 8.51 | 8.90 | 8.55 | 8.37 | 8.06 | 7.40 | 7.97 |
| J | Financial intermediation | 2.69 | 2.75 | 2.72 | 2.65 | 3.06 | 3.49 | 4.08 | 4.30 | 4.16 | 4.12 | 3.88 | 4.07 | 3.93 | 4.36 | 4.64 | 5.19 | 5.61 | 6.33 |
| K | Real estate, renting and business activities | 8.29 | 8.23 | 8.08 | 7.72 | 8.69 | 9.53 | 10.15 | 9.45 | 8.69 | 8.38 | 8.23 | 8.57 | 8.81 | 8.40 | 8.47 | 9.21 | 11.09 | 11.37 |
| L | Public administration and defence | 1.24 | 1.63 | 1.70 | 1.55 | 1.69 | 1.74 | 1.75 | 1.84 | 1.98 | 1.94 | 1.92 | 2.13 | 2.04 | 2.43 | 2.61 | 2.54 | 2.96 | 2.88 |
| M | Education | 4.08 | 4.69 | 5.19 | 5.08 | 5.59 | 5.55 | 5.87 | 6.25 | 6.67 | 5.49 | 5.25 | 5.69 | 5.79 | 6.33 | 6.56 | 6.82 | 7.20 | 7.17 |
| N | Health and social work | 0.98 | 1.04 | 1.14 | 1.12 | 1.24 | 1.24 | 1.23 | 1.41 | 1.46 | 1.38 | 1.32 | 1.42 | 1.41 | 1.52 | 1.67 | 1.62 | 1.75 | 1.68 |
| O | Other community, social and personal service activities | 3.03 | 2.66 | 2.63 | 2.73 | 2.69 | 2.67 | 3.12 | 3.40 | 3.63 | 3.70 | 3.64 | 3.86 | 3.67 | 4.04 | 4.39 | 4.65 | 5.13 | 4.90 |

## अनुसूची २: Chart


Table 12: Composition of Gross Domestic Product by ISIC Division
40.00
35.00
30.00
25.00
20.00
15.00
10.00
5.00
0.00
2000/01 2057/58
2001/02 2058/59
2002/03 2059/60
2003/04 2060/61
2004/05 2061/62
2005/06 2062/63
2006/07 2063/64
2007/08 2064/65
2008/09 2065/66
2009/10 2066/67
2010/11 2067/68
2011/12 2068/69
2012/13 2069/70
2013/14 2070/71
2014/15 2071/72
2015/16 2072/73
2016/17 2073/74R
2017/18 2074/75P
A Agriculture and forestry
B Fishing
C Mining and quarrying
D Manufacturing
E Electricty gas and water
F Construction
G Wholesale and retail trade
H Hotels and restaurants
I Transport, storage and communications
J Financial intermediation
K Real estate, renting and business activities
L Public administration and defence
M Education
N Health and social work
O Other community, social and personal service activities